सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ असोज २०८०, मंगलबार (10 Oct 2023, Tuesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १८० ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

इजरायलमा रहेका नेपालीको उद्धारका लागि नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सको जहाज पठाइने

सोमबार साँझसम्म २०० नेपालीले स्वदेश फर्किन दिए निवेदन, इजरायलले अनुमति दिनेबित्तिकै उद्धार उडान सुरु गरिने परराष्ट्रको भनाइ

■ मृतकका परिवारलाई संघ सरकारले १० लाख र सुदूरपश्चिम सरकारले जनही दुई लाख दिने घोषणा

मंगलबार राष्ट्रिय शोक घोषणा गरी देशभरका सरकारी कार्यालय तथा विदेशस्थित नेपाली नियोगहरूमा राष्ट्रिय झन्डा आधा झुकाउने

■ के भयो सर्वदलीय बैठकमा ?

इजरायलमा फसेका नेपालीको तत्काल उद्धारमा लाग्न तथा युद्धबारे सन्तुलित भएर प्रस्तुत हुन सरकारलाई सुझाव, तदारुकताका साथ काम गर्ने सरकारको प्रतिबद्धता



■ ३२ नेपाली विद्यार्थीलाई सुरक्षित स्थानमा उद्धार

पर्शुराम काफ्ले, अनिल यादव/नयाँ पत्रिका

प्यालेस्टिनी हमास समूहको आक्रमणपछि युद्धग्रस्त बनेको इजरायलबाट दुई सय नेपाली स्वदेश फर्किन चाहेका छन् । स्वदेश फर्किन चाहनेहरूका लागि इजरायलस्थित नेपाली राजदूतावासले अनलाइन दर्ता सुरु गरेकोमा सोमबार साँझसम्म कम्तीमा दुई सयको निवेदन परेको दूतावासले जनाएको हो ।

इजरायलमा श्रम, अध्ययनलगायत विभिन्न प्रयोजनका लागि पुगेका करिब पाँच हजार नेपाली छन् । शनिबार साँझ हमासले गरेको आक्रमणमा १० नेपाली विद्यार्थीको मृत्यु भएपछि त्रसित अन्य विद्यार्थीलगायत नेपालीले स्वदेश फर्किने इच्छा जनाएका हुन् ।

दूतावासले नेपाल सरकार र इजरायल सरकारसँग समन्वय गरी विवरण

» पृष्ठ ११ मा क्रमशः

मृत्युको मुखबाट जोगिएका कैलाली भजनीका वीरेन्द्र चौधरीको बयान

आँखैअगाडि १० जना साथी ढले, हामी बाँचेको धेरैपछि थाहा भयो



दक्षिण इजरायलको किबुज अलुमिमस्थित हामी रहेको कृषि फार्ममा शनिबार बिहान साढे पाँच बजे नै गोली चलेको आवाज आयो । हामी एकै ठाउँमा १७ नेपाली थियौँ । सबैजना तत्काल बंकरमा छिर्यौँ, किनभने हामीलाई गोलाबारीको आवाज आउना साथ 'बंकरमा बस्नू सुरक्षित हुन्छ' भनिएको थियो । हामी बंकरमा गयौँ, फोटो-भिडियो बनायौँ ।

एक घन्टापछि (अन्दाजी ६:३० तिर) बन्दुकधारी आतंककारीहरू बंकरभित्र प्रवेश गरेर गोली चलाए । सुरुमै हाम्रा दुई साथी ढले । बाँकी सबै एकै ठाउँ घोप्टो पर्‍यौँ, आँखा बन्द गर्‍यौँ । त्यहाँ दुईवटा ग्रिनेड छाडेर आतंककारीहरू फर्किए । हाम्रा एक साथीले एउटा ग्रिनेट उठाएर फालिदिए, अर्को पड्कियो । अरू तीन साथी पनि घाइते भए ।

त्यसपछि तीनजना इजरायली प्रहरी हामी भएको बंकरमा आइपुगे । घाइते पाँच साथीलाई त्यहीं छाडेर प्रहरीले हामी १२ जनालाई अर्को बंकरमा लग्यो । त्यो भान्सा भएको बंकर थियो । तर, साढे ९ बजेतिर उक्त बंकरमा पनि आतंककारीहरू आइपुगे । तीन इजरायली प्रहरीलाई समातेर लगे अनि हामीतिर गोली वर्षाउन थाले । साथीहरू पानी, पानी भन्दै ढले । सुरुमा दुईजना साथीहरूको प्राण गयो । यस्तो आर्तकित अवस्था भयो कि म अहिले बताउन सक्दिनँ । साथीहरू चिच्याउन थालेपछि आतंककारीले झन् गोली वर्षाए । म साथीहरू ढलेको थ्रुप्रोभित्र पुरिएँ । पछि थाहा भयो, १० साथीको प्राण गइसकेछ । आफू बाँचेको पनि धेरैपछि मात्र थाहा भयो, किनभने मेरो होस गुमेको रहेछ ।

अर्को साथी सल्यान त्रिवेणीका प्रमोद केसी पनि बाँचेका रहेछन् । मलाई म मात्रै बाँचेजस्तो लागेको थियो । प्रमोदलाई पनि ऊ मात्रै बाँचेजस्तो लागेको रहेछ । आफ्नै आँखाअगाडि साथीहरूको मृत्यु देखेपछि दिनभर त्रासमा रह्यौं ।

साँझ साढे ६ बजे इजरायली आर्मी आए । हामीलाई अर्को ठूलो बंकरमा लगे । साथीहरूको शव त्यहीं छाडेर हामी अर्को बंगरमा जानुपर्ने बाध्यता भयो । त्यहाँ थाई र इजरायली नागरिक पनि थिए । इजरायलको आर्मीले हामीलाई बीचबाटोसम्म उद्धार गर्‍यो, आधा बाटो बसमा यात्रा गर्‍यौं । त्यसपछि नेपाली दाइहरू लिन आउनुभएको रहेछ । उहाँहरूसँगै तेलअभिभमा आएर बसेका छौं ।

आँखैअगाडि साथीहरू भकाभक ढलेको त्यो घटना म सम्झिन पनि सक्दिनँ । जीवनमा यस्तो घटना न देखेको थिएँ, न कल्पना गरेको थिएँ । बंकर सेफ (सुरक्षित) हुन्छ भन्ने थियो, त्यो पनि सुरक्षित नभएपछि कहाँ जाने ? कसरी सुरक्षित हुने ? चार साथीहरूको उपचार भइरहेको सुनेका छौं, एक साथीको अहिलेसम्म अत्तोपत्तो छैन । हामी नेपाल फर्किन चाहन्छौं । अरू साथीहरूको पनि उद्धार गरेर एकैचोटि नेपाल फर्काउने भनिएको छ । हामी राजदूतावाससँग सम्पर्कमा छौं, स्वदेश फर्किने समय कुरेर ।

अधुरै रह्यो नारायणको घर बनाउने सपना



कैलालीस्थित नारायण न्यौपानेको घरमा शोकमग्न परिवार र आफन्त

धनगढीमा **तेजराज भट्ट**
सुनसरीमा **आरबी कट्वाल**

कैलालीको घोडाघोडी नगरपालिका- ४ जनकपुरका नारायणप्रसाद न्यौपानेले चार दिनअघि फोन गरेर बुबा हरिकृष्णलाई भनेका थिए, 'म फर्केपछि घर बनाउनुपर्छ, ढुंगा मगाइराख्नुहोला, तलब आउने वेला भएको छ, म पैसा पठाइदिउँला ।' दुर्भाग्य ! हरिकृष्ण अहिले छोराको शवको पर्खाइमा छन् । उनको घरमा परिवार र आफन्तको रुवाबासी छ । चार साताअघि इजरायल गएको छोराको

» पृष्ठ ११ मा क्रमशः

शोकमा मधुवनको पट्वारा टोल

इजरायलमा हमास हमलामा २५ वर्षीय राजेशकुमार स्वर्णकारको ज्यान गएपछि सुनसरीको बराहक्षेत्र नगरपालिका-११ स्थित पट्वारा टोल शोकमा छ । छोरा इजरायल गएको २७ दिनमै मृत्युको खबर सुनेपछि आमा कैलाशदेवी अर्धचेत छिन् । आफन्त र छिमेकीले उनलाई सम्झाइरहेका छन् । दाजु मुकेश घरिघरि भक्कानिन्छन् । बुबा पनि बोल्न सकेका छैनन् ।

(विस्तृत पृष्ठ ११)

■ टिकट काट्न ठेलमठेल



दसैँ बुकिङ खुलेको पहिलो दिन सोमबार गोंगबु बसपार्कमा सर्वसाधारणको भिड । २४ हजार तीन सयभन्दा बढी टिकट बुकिङ भएको राष्ट्रिय यातायात व्यवसायी महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले जानकारी दिए । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

■ देउराली सहकारीपीडितको सिआइबीमा घुइँचो

२० हजार सर्वसाधारणको एक अर्ब हिनामिना

टेकराज थामी/नयाँ पत्रिका

मनग्य ब्याज दिने भनेपछि नेपाल प्रहरीका पूर्वएसपी राजेन्द्र थापाले अवकाशपछि प्राप्त भएको सबै रकम लगेर ललितपुर सातदोबाटोस्थित देउराली बहुउद्देश्यीय सहकारीमा जम्मा गरे । सुरुको केही वर्ष सहकारीले कबुल गरेबमोजिम ब्याज पनि दियो । फुरुंग भएका उनले नजिकका नातेदारलाई समेत रकम सोही सहकारीमा राख्न लगाए ।

तर, पछि सहकारीमा बदमासी यसरी चुलियो कि निक्षेपकर्ताको ब्याज त के साँवासमेत गुम्ने अवस्था सिर्जना भयो । थापाले सहकारीमा ६० लाख रुपैयाँ जम्मा गरेका थिए । अहिले उनको सबै रकम गुम्ने अवस्थामा पुगेको छ ।

महाराजगन्जस्थित नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को कार्यालयमा उजुरी गर्न पुगेका थापा ब्युरो प्रमुख एआइजी किरण बज्राचार्यसँग भन्दै थिए, 'मनग्य ब्याज दिन्छु भन्यो । जागिरबाट अवकाश भएपछि प्राप्त भएको सबै रकम लगेर सहकारीमा राखेँ । सुरुमा ब्याज पनि दियो । अहिले चुर्लुम्म डुबाइदियो ।'

ललितपुर मनपा-८ का मीनबहादुर थापाले हार्डवेयर पसलबाट कमाएको ५० लाख रुपैयाँ देउराली बहुउद्देश्यीय सहकारीमा जम्मा गरेका

» पृष्ठ ११ मा क्रमशः



महाराजगन्जस्थित नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोमा देउराली सहकारीविरुद्ध उजुरी दिन भेला भएका सर्वसाधारण । निक्षेपकर्ताको जाहेरीपछि सिआइबीले सहकारीको अध्यक्ष रवीन्द्र चौलागाईंलाई पाँच दिनअघि नै पक्राउ गरेको छ । तर, हालसम्म उनको नाममा रहेको सम्पत्तिको कुनै विवरण फेला परेको छैन । घटनामा संलग्न अन्य अभियुक्त भने फरार रहेको सिआइबीको भनाइ छ ।

नेपालमा पहिलोपटक पारिवारिक इजलास

शिल्पा कर्ण/नयाँ पत्रिका

नेपालमा पहिलोपटक पारिवारिक मुद्दा छिन्ने इजलास स्थापना भएको छ । छुट्टै अदालती संरचना भएको विशिष्टीकृत अदालतजस्तो नभए पनि पारिवारिक, देवानी प्रकृतिका मुद्दाहरू छिन्नका लागि सोमबारदेखि पारिवारिक इजलास छुट्याइएका हुन् ।

काठमाडौं जिल्ला अदालतका दुईवटा इजलास पारिवारिक मुद्दा हेर्नका लागि छुट्याइएको छ । प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले उक्त इजलासको उद्घाटन गरेका थिए । सोमबार न्यायाधीश दुर्गाबहादुर भुसाल र माधवप्रसाद मैनालीको भिन्दाभिन्दै इजलासमा यस प्रकृतिका मुद्दाको सुनुवाइ भएको थियो ।

'पारिवारिक इजलासबाट महिला वादी भएका लगाउ नभएका अंश, नाता कायम, घरेलु हिंसा र बालबालिकाको संरक्षक भई दायर भएका अंश, विशेष हेरचाहलगायत बालबालिकाको हितसँग सम्बन्धित देवानी प्रकृतिका मुद्दाहरूको सुनुवाइ हुने' जिल्ला अदालतबाट जारी सूचनामा छ ।

» पृष्ठ ११ मा क्रमशः

■ काठमाडौं जिल्ला अदालतका दुईवटा इजलास पारिवारिक मुद्दा हेर्नका लागि छुट्याइए, सोमबार न्यायाधीश दुर्गाबहादुर भुसाल र माधवप्रसाद मैनालीको भिन्दाभिन्दै इजलासमा यस प्रकृतिका मुद्दाको सुनुवाइ



दुर्गाबहादुर भुसाल



माधवप्रसाद मैनाली



यी इजलासमा प्रत्येक कार्यालय दिनमा सुनुवाइ हुनेछ । जिल्ला अदालत काठमाडौंका इजलासहरूमा रहेका पारिवारिक इजलासबाट सुनुवाइ हुने महिला तथा बालबालिका पक्ष रहेका केही देवानी प्रकृतिका सबै विचाराधीन मुद्दा पारिवारिक फाँटमा सारिएको छ ।

महिला पक्ष भएका मुद्दाहरू छिटो-छरितो फैसला गर्न सकिन्छ भन्ने अपेक्षा हो

● **विश्वम्भरप्रसाद श्रेष्ठ**, प्रधानन्यायाधीश



यी इजलासबाट महिला पक्ष भएका मुद्दाहरू छिटो-छरितो फैसला गर्न सकिन्छ भन्ने अपेक्षा हो । यहाँ (काठमाडौं जिल्ला अदालतमा) मुद्दाको धेरै चाप छ । महिलाले अंश मुद्दाजस्ता कतिपय मुद्दामा कार्यविधिगत कारणले पनि लामो समय कुर्नुपर्छ । यस्तोमा प्राथमिकता दिनका लागि फेमिली बेन्च नामकरण नै गरेर छुट्याएका हौं । यसले महिला वादी भएका मुद्दाहरूमा हाम्रो दृष्टिकोण फरक छ भन्ने पनि देखिन्छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

समाज कल्याण परिषद्मा अनियमितता

पूर्वन्यायाधीशको अध्यक्षतामा समिति गठन

राजनीतिक परिवर्तन र मन्त्री फेरिएपिच्छे ल्याइन्छ अनुकूलका सदस्यसचिव

गत २९ भदौमा बसेको मन्त्रिपरिषद्को बैठकले परिषद्का सदस्यसचिव मनोज भट्टलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा हाजिर गराएर छानबिन गर्न समिति गठन गर्ने निर्णय गरेको हो । विशेष अदालतका पूर्वअध्यक्ष न्यायाधीश बाबुराम रेग्मीको अध्यक्षतामा तीन सदस्यीय छानबिन समिति गठन गर्ने निर्णय सरकारले गरेको छ । समितिलाई दुई महिनाको समय दिइएको मन्त्रालयका सचिव सुमनराज अर्यालले बताए । (विस्तृत पृष्ठ ३)

वैदेशिक रोजगारीमा गएका लुम्बिनी प्रदेशका ३८३ परिवारको स्थलगत सर्वेक्षण

६८% ले जोडे घरघडेरी

३५.५१ प्रतिशतले खेती गर्ने छाडे, आफन्तको मनोरञ्जन खर्च दोब्बर

वैदेशिक रोजगारीबाट प्राप्त कमाइलाई ९७.६५% ले बैंकिङ माध्यमबाट स्वदेशमा पठाउने गरेको बताएका छन् । वैदेशिक रोजगारीमा गएका श्रमिकमध्ये ८०%ले सम्झौताअनुसार तलब पाउने गरेका छन् भने २०% ले सम्झौताअनुसार तलब सुविधा पाउन नसकेको प्रतिवेदनमा खुलेको छ । (विस्तृत पृष्ठ ९)

एम्बुलेन्स सेवापछि महानगरवासीलाई रगत र रक्ततत्त्व निःशुल्क

नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले नगरवासीलाई रगत र रक्ततत्त्व निःशुल्क उपलब्ध गराउने गरी नेपाल रेडक्रस सोसाइटीसँग सम्झौता गरेको छ। महानगरका मेयर बालेन्द्र साह (बालेन) र उपमेयर सुनीता डंगोलको रोहवरमा महानगरका तर्फबाट स्वास्थ्य विभाग प्रमुख रामप्रसाद पौडेल र नेपाल रेडक्रस सोसाइटीका उपमहामन्त्री मनोजकुमार थापाले उक्त सम्झौतापत्रमा सोमबार हस्ताक्षर गरेका हुन्।

स्वास्थ्य सेवालाई सहज र पहुँचयुक्त बनाउन रगत र रक्ततत्त्व निःशुल्क उपलब्ध गराउन लागेको महानगरले जनाएको छ। सम्झौतापछि महानगरपालिकाकी उपमेयर डंगोलले अब रगत प्राप्त गर्न कसैलाई फोन गराउनुपर्ने, सिफारिस गराउनुपर्ने बताइन्। 'नियमित रक्तदान कार्यक्रम र संकलित रगतको उचित व्यवस्थापनबाट अभाव कम गराउन सकिन्छ। यसवेला कसैलाई सिफारिस गर्नुपर्ने स्थिति हुँदैन,' उनले भनिन्, 'महानगरवासीबाट थालिएको निःशुल्क रगत र रक्ततत्त्व उपलब्ध गराउने कार्यक्रमको प्रभाव हेरेर विस्तार गरिनेछ।' यसअघि महानगरले निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन थालिसकेको छ।



रगत र रक्ततत्त्व निःशुल्क उपलब्ध गराउनेबारे महानगर र रक्तसञ्चार केन्द्रबीच सोमबार सम्झौता गरिँदै।

जनस्वास्थ्य विभागका प्रमुख पौडेलका अनुसार महानगरवासीलाई उपलब्ध गराइने रगत व्यवस्थापनका लागि रक्त सञ्चार सेवालाई रकम उपलब्ध गराइनेछ। यसका लागि प्रतियुनिट एक हजार एक ६० रुपैयाँ र क्रस म्याच गराउनुपरे थप दुई सयमा उपलब्ध गराइनेछ। सम्झौतामा महानगरका वडाबाट रक्तदान कार्यक्रम आयोजना र अन्य रक्तदानका कार्यक्रममा खाजाबापत प्रत्येक रक्तदातालाई दुई सय रुपैयाँ उपलब्ध गराइनेछ। रेडक्रस सोसाइटीका अध्यक्ष प्रा. सुदर्शनप्रसाद नेपालले भने, 'रक्त व्यवस्थापनमा महानगरपालिकाले लिएको नेतृत्वबाट ठूलो सघाउ पुग्नेछ।' सम्झौताबमोजिम महानगरपालिकाले पहिलो चरणमा तीन लाख रुपैयाँ उपलब्ध गराउनेछ। केन्द्रीय रक्त सञ्चार सेवाले हरेक तीन महिनामा महानगरपालिकामा खर्च विवरण पठाउनेछ। निकासा गरिएको ८० प्रतिशत रकम सकिएपछि रक्त सञ्चारले प्रतिवेदन पेस गर्नेछ। यसका आधारमा महानगरपालिकाले थप निकासा दिनेछ।

सेवा लिनका लागि महानगरपालिकाको स्थायी बासिन्दा भएको प्रमाण पेस गर्नुपर्नेछ। नागरिकता, मतदाता परिचयपत्र, बसाइँसराइको प्रमाणपत्र, जन्म दर्ता, विवाह दर्ता प्रमाणपत्रजस्ता कागजमध्ये कुनै एक पेस गरे हुनेछ। यस्ता कागजलाई बिरामी वा बिरामीका आफन्तले प्रमाणित गर्नुपर्नेछ। आकस्मिक र आपत्कालीन अवस्थामा प्रमाण दिएर सेवा लिन नसक्ने अवस्था भए तिरेको शुल्क प्रमाणका आधारमा शोधभर्ना दिइनेछ। बागमती प्रदेशले महानगरपालिकाभित्रका पाँचवटा अस्पतालहरू (परोपकार स्त्री तथा प्रसूति अस्पताल, कान्ति बाल अस्पताल, त्रिवि शिक्षण अस्पताल, वीर अस्पताल र सहिद गंगालाल हृदय केन्द्र)मा बागमती प्रदेशका बिरामीले उपचार गराउँदा चाहिने रगत र रक्ततत्त्वको खर्च व्यहोर्ने सम्झौता गरिसकेको छ। यसबाहेकका अस्पतालका लागि महानगरपालिकाले व्यवस्थापन खर्च व्यहोर्नेछ।

सानिमा माई हाइड्रोपावर लिमिटेड

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का.म.न.पा. वडा नं. ४, काठमाण्डौ।
फोन नं. ४-३७३०३०, ४-३७२८२८, फ्याक्स नं. ४०१५७९९
website : www.maihydro.com E-mail : sanimamai@sanimahydro.com

बाह्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०६/१७, कारोबार राष्ट्रिय दैनिक)

श्री शेयरधनी महानुभावहरु,

यस सानिमा माई हाइड्रोपावर लिमिटेडको सञ्चालक समितिको मिति २०८० आश्विन १५ गते बसेको बैठकको निर्णयानुसार यस कम्पनीको बाह्रौं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८० साल कार्तिक २३ गते (तदनुसार ९ नोभेम्बर, २०२३) बिहीबार ।

समय : विहान ११:०० बजे ।

स्थान : सेलिब्रेसन हाईट, सुकेधारा, काठमाण्डौ ।

वार्षिक साधारण सभाका प्रस्तावहरु:

(क) साधारण प्रस्तावहरु

१. बाह्रौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० साल आषाढ मसान्त सम्मको वासलात, आ.व. २०७९/८० को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तिय विवरणसँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने।
३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने।
४. रिक्त सञ्चालक पदमा सञ्चालक समितिबाट भएको नियुक्ति अनुमोदन गर्ने।

(ख) विशेष प्रस्तावहरु

१. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीका शेयरधनीहरुलाई आ.व. २०७९/०८० सम्मको वितरण योग्य संचित खुद मुनाफाबाट चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर र बोनस शेयर बापतको कर प्रयोजनका लागि ०.५२६३ प्रतिशत नगद लाभांश वितरण गर्ने।
२. बोनस शेयर वितरणका लागि कम्पनीको जारी तथा चुक्ता पूँजीमा निम्नानुसार वृद्धि गरी सोही बमोजिम प्रबन्धपत्रको दफा ६ को (ख) र (ग) संशोधन गर्ने।
   (क) कम्पनीको हालको जारी तथा चुक्ता पूँजी रु. ३,०८,९२,५१,०००/-(अक्षरेपी तीन अर्ब आठ करोड बयान्नब्बे लाख एकाउन्न हजार मात्र) बाट वृद्धि गरी जारी तथा चुक्ता पूँजी रु. ३,३९,८१,७६,१००/- (अक्षरेपी तीन अर्ब उनन्चालीस करोड एकासी लाख छयत्तर हजार एक सय मात्र) गर्ने।
३. कम्पनीको पूँजी वृद्धि र प्रबन्धपत्र तथा नियमावलीमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय/कार्यालयले कुनै फेरवदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।
४. सानिमा जुम हाइड्रोपावर लि.को "जुम खोला जलविद्युत आयोजना" को बैंक कर्जा प्रयोजनका लागि संस्थागत जमानत (Corporate Guarantee) दिने।

(ग) विविध ।

वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु :

१. वार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०८०/०६/२४ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०६/२३ गते सम्म कारोबार भई, सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट राफसाफ भएको र कम्पनीको शेयर रजिष्ट्रार सानिमा क्यापिटल लि. को अभिलेखमा दर्ता भएका शेयरधनीहरु सो सभामा भाग लिन तथा आ. व. २०७९/८० सम्मको वितरण योग्य संचित खुद मुनाफाबाट बोनस शेयर पाउन योग्य हुनेछन्।
२. वार्षिक साधारणसभामा उपस्थित शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन विहान ९ बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहने छ।
३. वार्षिक साधारणसभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हितग्राही खाता खोलि शेयर अभौतिकिकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन।
४. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै साथ प्रकाशित गरीएको छ। आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारणसभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको website: www.maihydro.com मा पनि हेर्न सक्नु हुनेछ।
५. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय धुम्वाराही, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ। सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ।
६. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ।
७. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ। तर त्यसलाई पारित गरिनु पर्ने प्रस्तावको रुपमा राखिने छैन।
८. शान्ति सुरक्षाका कारण साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला, व्याग नल्याउनु हुन अनुरोध छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, व्याग र शरीर जाँच गर्न सक्नेछन्।
९. साधारण सभामा आफ्नो मन्तव्य राख्न चाहने शेयरधनी महानुभावले सभा सुरु हुनु भन्दा अगावै आफ्नो नाम कम्पनी सचिवलाई टिपाउनु पर्नेछ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

नोट :- अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय का.म.न.पा. वडा नं. ४ धुम्वाराही, काठमाण्डौ वा फोन नं. ०१-४३७३०३०, ०१-४३७२८२८ मा सम्पर्क राख्नु हुन अनुरोध गरीन्छ।

आदरणीय शेयरधनी महानुभावहरु,

यस सानिमा माई हाइड्रोपावर लि.को बाह्रौं वार्षिक साधारण सभाको प्रायोजनार्थ आ.व. २०७९/०८० को वासलात, नाफा-नोक्सान हिसाव लगायत कम्पनीको कारोवारको जानकारीका लागि निम्नानुसार रहेको यस संक्षिप्त आर्थिक विवरण मार्फत जानकारी गराउँदछौं। कम्पनीले नेपाल लेखामान बोर्ड (NASB) को निर्देशन बमोजिम आर्थिक वर्ष २०७९/०८० को नेपाल वित्तिय प्रतिवेदन मापदण्ड (Nepal Financial Reporting Standards –NFRS) अनुसार वित्तिय विवरण तयार गरि सोहि बमोजिमको संक्षिप्त विवरण यहाँहरुको जानकारीका लागि यसै साथ प्रकाशित गरिएको छ। प्रस्तुत वित्तिय विवरणमा यस सानिमा माई हाईड्रोपावर लि.ले वीस प्रतिशत र सो भन्दा माथि लगानी गरेको सम्वद्ध कम्पनीहरु (Associates Company) मा भएको लगानीको आधारमा समुहकृत र कम्पनीको विवरण समावेश गरि तयार गरेकोछ।

आ.व. २०७९/०८० को कारोबारको सिंहावलोकन

यस कम्पनीद्वारा सञ्चालित इलाम जिल्ला माई नगरपालिका स्थित माई जलविद्युत आयोजना (२२.० मे.वा.) र माई क्यास्केड जलविद्युत आयोजना (७.० मे.वा.) लाई विगतका वर्षहरुमा जस्तै दक्षतापूर्वक सञ्चालन गरि विद्युत उर्जा विक्रीबाट कम्पनीको आम्दानी अधिकतम बनाउने कार्यलाई प्रस्तुत आ.व. २०७९/०८० मा पनि निरन्तरता दिईएको छ। तसर्थ प्रस्तुत आर्थिक वर्ष समेत विद्युत उत्पादनको स्थिति संतोषजनक रही कम्पनी मुनाफामा नै रहेको छ।

नेपाल वित्तिय प्रतिवेदन मापदण्ड अनुसारको वित्तिय विवरण

GROUP STATEMENT OF FINANCIAL POSITION	Group		Company	
	FY 2079-80	FY 2078-79	FY 2079-80	FY 2078-79
Assets				
Non-Current Assets				
Property Plant & Equipment	11,613,498	14,570,364	11,613,498	14,570,364
Intangible Assets	3,298,015,872	3,451,199,982	3,298,015,872	3,451,199,982
Right of Use Assets	2,856,641	3,756,737	2,856,641	3,756,737
Investment in Associates	595,937,061	643,203,314	687,500,000	687,500,000
Other Investments	1,573,067,500	538,200,000	1,573,067,500	538,200,000
Advance towards Investment in Equity	-	35,875,000	-	35,875,000
Current Assets				
Investment in Term Deposits	469,790,000	352,300,000	469,790,000	352,300,000
Other Financial Assets	517,921,158	556,298,545	517,921,158	556,298,545
Other Assets	15,334,943	15,152,804	15,334,943	15,152,804
Inventories	23,568,372	18,985,105	23,568,372	18,985,105
Cash and Short-term Deposits	42,572,702	73,081,444	42,572,702	73,081,444
Current Tax Assets	3,459,915	2,948,331	3,459,915	2,948,331
Total Assets	**6,554,137,662**	**5,705,571,625**	**6,645,700,601**	**5,749,868,311**
Liabilities				
Non-Current Liabilities				
Borrowings	990,504,850	1,351,450,097	990,504,850	1,351,450,097
Other Financial Liabilities	5,308,720	6,128,340	5,308,720	6,128,340
Other Provisions	3,093,241	1,375,916	3,093,241	1,375,916
Current Liabilities				
Borrowings	364,156,152	334,334,356	364,156,152	334,334,356
Other Financial Liabilities	13,555,617	14,183,130	13,555,617	14,183,130
Other Liabilities	9,310,266	12,511,214	9,310,266	12,511,214
Deferred Tax Liabilities	246,605,000	-	246,605,000	-
Total Liabilities	**1,632,533,846**	**1,719,983,053**	**1,632,533,846**	**1,719,983,053**
Equity				
Share Capital	3,089,251,000	3,089,251,000	3,089,251,000	3,089,251,000
Retained Earnings	1,085,871,588	886,407,774	1,177,966,232	931,134,196
Other Reserves	746,481,228	9,929,799	745,949,523	9,500,062
Total Equity	**4,921,603,816**	**3,985,588,573**	**5,013,166,755**	**4,029,885,259**
Total Liabilities and Equity	**6,554,137,662**	**5,705,571,625**	**6,645,700,601**	**5,749,868,311**

GROUP STATEMENT OF PROFIT OR LOSS	Group		Company	
	FY 2079-80	FY 2078-79	FY 2079-80	FY 2078-79
Revenue From Sale of Electricity	763,541,741	935,026,594	763,541,741	935,026,594
Plant Operating Expenses	(95,816,406)	(88,882,937)	(95,816,406)	(88,882,937)
Gross Profit	**667,725,335**	**846,143,657**	**667,725,335**	**846,143,657**
Other Income	6,767,779	51,843	6,767,779	51,843
Administrative and Other Operating Expenses	(175,930,239)	(175,665,257)	(175,930,239)	(175,665,257)
Net Operating Profit	**498,562,875**	**670,530,243**	**498,562,875**	**670,530,243**
Financial Costs	(123,651,747)	(146,080,994)	(123,651,747)	(146,080,994)
Financial Income	52,425,548	42,678,825	52,425,548	42,678,825
Profit/(Loss) before Tax & Bonus	427,336,676	567,128,074	427,336,676	567,128,074
Provision for Staff Bonus	(8,546,734)	(11,350,469)	(8,546,734)	(11,350,469)
Share of Profit/(Loss) of Associates accounted for using equity method	(44,661,807)	5,915,465	-	-
Profit/(Loss) before Tax	**374,128,135**	**561,693,070**	**418,789,942**	**555,777,605**
Income Tax Expense	(11,952,525)	(10,002,682)	(11,952,525)	(10,002,682)
Net Profit for the Year	**362,175,610**	**551,690,387**	**406,837,417**	**545,774,922**
Basic Earnings Per Share	11.72	17.86	13.17	17.67
Diluted Earnings Per Share	11.72	17.86	13.17	17.67

GROUP STATEMENT OF CASH FLOW	Group		Company	
	FY 2079-80	FY 2078-79	FY 2079-80	FY 2078-79
Cash Flow from Operating Activities				
Net Profit for the year (After Tax)	362,175,610	551,690,387	406,837,417	545,774,922
Adjustment for:				
Amortization	151,214,333	151,169,363	151,214,333	151,169,363
Depreciation	3,077,974	3,565,276	3,077,974	3,565,276
Depreciation of Right of Use Assets	900,096	834,759	900,096	834,759
Provision for Tax	11,952,525	10,002,682	11,952,525	10,002,682
Payment of Tax	(11,952,525)	(10,002,682)	(11,952,525)	(10,002,682)
Employee benefit adjustment	(778,763)	1,468,827	(778,763)	1,468,827
Lease adjustment	-	(2,744,073)	-	(2,744,073)
Share of Profit/(Loss) from Associates	44,661,807	(5,915,465)	-	-
Prior Period Adjustment	-	9,718,637	-	9,718,637
Cash Flow from Operating Activities Before Changes in Working Capital	**561,251,057**	**709,787,712**	**561,251,057**	**709,787,712**
Cash Flow from Changes in Working Capital				
(Increase)/ Decrease in Current Operating Assets	33,100,397	(81,753,736)	33,100,397	(81,753,736)
Increase/(Decrease) in Current Operating Liabilities	(2,111,136)	3,124,238	(2,111,136)	3,124,238
Cash Flow from Operating Activities	**592,240,318**	**631,158,213**	**592,240,318**	**631,158,213**
Cash Flow from Investing Activities				
Capitalization/Purchase of Fixed Assets	(121,109)	(2,376,038)	(121,109)	(2,376,038)
(Increment)/Decrease in Intangible Assets	1,969,777	(10,837,499)	1,969,777	(10,837,499)
(Increment)/Decrease in Right of Use Assets	-	(4,591,496)	-	(4,591,496)
Investment in Associates	-	-	-	-
Other Investments	(48,447,500)	-	(48,447,500)	-
Realization of Financial Assets	(117,490,000)	(352,254,498)	(117,490,000)	(352,254,498)
Advance towards Investment in Equity	35,875,000	50,875,000	35,875,000	50,875,000
Cash Flow on Investing Activities	**(128,213,832)**	**(319,184,531)**	**(128,213,832)**	**(319,184,531)**
Cash Flow from Financial Activities				
Increase/(Decrease) in Borrowings	(331,123,451)	(294,649,130)	(331,123,451)	(294,649,130)
Payment of Financial Liabilities	(819,619)	6,128,340	(819,619)	6,128,340
Dividend Paid	(162,592,158)	(14,781,106)	(162,592,158)	(14,781,106)
Cash Flow from Financial Activities	**(494,535,228)**	**(303,301,896)**	**(494,535,228)**	**(303,301,896)**
Total Cash Generated in the Year	**(30,508,742)**	**8,671,786**	**(30,508,742)**	**8,671,786**
Opening Cash & Cash Equivalents	73,081,444	64,409,658	73,081,444	64,409,658
Cash and Cash Equivalent at the end of The Year	**42,572,702**	**73,081,444**	**42,572,702**	**73,081,444**

थप तीन स्थानका सडक एकतर्फी बनाउने तयारी



काठमाडौं/ काठमाडौं महानगरपालिकाभित्रका तीन स्थानका सडकमा एकतर्फी सवारी सञ्चालन गर्ने तयारी भएको छ। महानगरपालिकाका ट्राफिकविज्ञ सल्लाहकार जगतमान श्रेष्ठका अनुसार सडक भएको वडाका जनप्रतिनिधि, ट्राफिक प्रहरी कार्यालय र महानगरपालिकाको संयुक्त प्रयासमा अहिले दोहोरो सवारी सञ्चालन भइरहेका ती सडकलाई एकतर्फी बनाउन लागिएको हो। काठमाडौं र ललितपुर जोड्ने सेतोपुल, गुसिंगाल, मिलनमार्ग हुँदै त्रिपुरेश्वर पुग्ने सडकमा त्रिपुरेश्वरबाट त्यो खण्डमा प्रवेश गर्न पाइँदैन। यस्तै, जमल र दरबारमार्गबाट रत्नपार्क आउँदा त्रिचन्द्र क्याम्पसअगाडिबाट बायाँ मोडेर गणेशस्थान, प्रज्ञाभवन हुँदै कमलादी मोडतर्फ आउन नपाइने बनाइनेछ। पुतलीसडकबाट काठमाडौं प्लाजा हुँदै हात्तीसारतर्फको सडकखण्डमा अब प्लाजाबाट बायाँ मोडिन पाइनेछैन। यहाँदेखि महेन्द्र सालिकसम्मको सडकलाई एकतर्फी बनाउने तयारी भएको छ।

'मानसिक स्वास्थ्य समस्या निराकरणमा परिवारको भूमिका महत्त्वपूर्ण'

काठमाडौं/ वरिष्ठ मनोरोग विशेषज्ञ एवं मानसिक अस्पताल पाटनका निर्देशक डा. अनन्तप्रसाद अधिकारीले पछिल्लो समय नेपाली समाजमा मानसिक स्वास्थ्य समस्या बढ्दै गएकाले परिवारबाटै यसको निराकरण गर्नुपर्नेमा जोड दिएका छन्। विश्व मानसिक स्वास्थ्य दिवसको अवसर पारेर सोमबार एरिया वन अप्टिमिस्ट क्लब अफ काठमाडौंले आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा उनले समाजमा विद्यमान मानसिक रोगसम्बन्धी समस्या र त्यसको निराकरणको उपायबारे जानकारी दिए। कांग्रेस बागमती प्रदेश सभा सदस्य सुरजचन्द्र लामिछानेले प्रदेश सरकारको तर्फबाट मानसिक स्वास्थ्यका लागि आवश्यकताअनुसार नीति-नियमका साथै उपचार सुविधामा आफूले पहल गर्ने प्रतिबद्धता व्यक्त गरे। क्लबका अध्यक्ष एवं चलचित्र निर्देशक सुनील पाण्डेले मानसिक रोग अन्य रोगजस्तै भएको, समयमै उपचार गरेको अवस्थामा रोगको प्रकृतिअनुरूप निपन्त्रणमा राख्न सकिने र कतिपय रोग पूर्ण रूपले निर्मूल गर्न सकिने बताए। विश्व मानसिक स्वास्थ्य दिवस क्लबले सचेतनामूलक कार्यक्रम आयोजना गरेको हो।

उपत्यकाका १३ स्थानमा यात्रु सहायता कक्ष

काठमाडौं/ नजिकिँदो चाडपर्वमा उपत्यकाबाहिर जाने यात्रुको सहजतालाई लक्षित गरी ट्राफिक प्रहरीले काठमाडौं उपत्यकाको १३ स्थानमा यात्रु सहायता कक्षको स्थापना गरेको छ। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले सुन्धारा, नागढुंगा, कलंकी, नयाँबसपार्क, चाबहिल, कोटेश्वर, बल्खु, भक्तपुरको जगातीलगायतका स्थानमा यात्रु सहायता कक्षको स्थापना गरेको हो। यातायात व्यवस्था विभागसँगको समन्वयमा सहायता कक्ष स्थापना गरिएको ट्राफिक कार्यालयका एसएसपी राजेन्द्रप्रसाद भट्टले जानकारी दिए। 'यात्रुको सहज आवतजावत, सवारी चाप व्यवस्थापन तथा चाडपर्वलाई दुर्घटनारहित बनाउने उद्देश्यले यातायात व्यवसायीहरूको सहभागितामा यात्रु सहायता कक्षको स्थापना गरिएको हो,' उनले भने। यात्रु सहायता कक्षमा खटिएको टोलीले तोकिएको भाडादरभन्दा बढी भाडा लिए-नलिएको, लामो दूरीका सवारीसाधनमा दुईजना चालक भए-नभएको चेक गर्ने, काउन्टरमा भाडादर टाँस्न लगाउनेछन्। सवारीसाधनको क्षमताभन्दा बढी यात्रु राख्ने, टिकटमा कालो बजारी गर्ने र यात्रुलाई गन्तव्यमा नपुर्याई बाटोमै अलपत्र पार्नेजस्ता कार्यको निगरानी गरिने ट्राफिक प्रहरीले जनाएको छ। यससँगै नाकामा थप जनशक्ति परिचालन गरी विशेष चेकजाँचको व्यवस्था मिलाई यात्रुलाई पर्न सक्ने विभिन्न समस्या समाधान गरिने एसएसपी भट्टले बताए।

दसैं-तिहारभर धरहराको भूमिगत पार्किङ निःशुल्क



काठमाडौं/ सुन्धारास्थित धरहराको भूमिगत पार्किङ सञ्चालनमा आएको छ। काठमाडौं महानगरपालिकाले दसैं-तिहारलगायत चाडबाडलाई लक्षित गरी धरहराको भूमिगत पार्किङ सञ्चालनमा ल्याएको हो। आइतबारदेखि सञ्चालनमा आएको भूमिगत पार्किङ निःशुल्क भएको महानगरले जनाएको छ। 'चाडबाडलाई लक्षित गरेर न्युरोड, सुन्धारालगायत क्षेत्रमा हुने पार्किङको समस्या समाधान गर्न यो पार्किङ सञ्चालनमा ल्याएका हौं। यहाँ पार्किङ गर्दा शुल्क लाग्दैन,' महानगरका प्रवक्ता नवीन मानन्धरले भने। तीन तलामध्ये पहिलो तलाको पार्किङ खुला गरिएको हो। उक्त तलामा करिब पाँच सय चारपांग्रे र दुईपांग्रे सवारीसाधन पार्किङ गर्न सकिनेछ। भूकम्पले पूर्ण रूपमा क्षति पुऱ्याएको धरहरा क्षेत्र निर्माणाधीन अवस्थामै छ।

समाज कल्याण परिषद्मा अनियमितता
पूर्वन्यायाधीशको अध्यक्षतामा समिति गठन

राजनीतिक परिवर्तन र मन्त्री फेरिएपिच्छे ल्याइन्छ अनुकूलका सदस्यसचिव

सुवास भट्ट/नयाँ पत्रिका

समाज कल्याण परिषद्मा अनियमितता भएको भन्दै सरकारले छानबिनका लागि समिति गठन गरेको छ। गत २९ भदौमा बसेको मन्त्रिपरिषद्को बैठकले परिषद्का सदस्यसचिव मनोज भट्टलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा हाजिर गराएर छानबिन गर्न समिति गठन गर्ने निर्णय गरेको हो। विशेष अदालतका पूर्वअध्यक्ष न्यायाधीश बाबुराम रेग्मीको अध्यक्षतामा तीन सदस्यीय छानबिन समिति गठन गर्ने निर्णय सरकारले गरेको छ। समितिलाई दुई महिनाको समय दिइएको मन्त्रालयका सचिव सुमनराज अर्यालले जानकारी दिए।

परिषद्मा अनियमितता भएको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र मन्त्रालयसमेतमा उजुरी परेपछि त्यसको छानबिनका लागि समिति गठन गरिएको सचिव अर्यालले बताए। छानबिन प्रभावित हुन सक्ने भन्दै सदस्य सचिव भट्टलाई मन्त्रालयमा हाजिर गराइएको छ। उनको ठाउँमा मन्त्रालयका सहसचिव रामकृष्ण लामिछानेलाई कामकाजका लागि पठाइएको छ।

'नेपाल सरकार (मन्त्रिपरिषद्)को २९ भदौ ०८० को निर्णयअनुसार समाज कल्याण परिषद्का कार्यकारी अधिकारप्राप्त सदस्यसचिवको कामकारबाहीका सम्बन्धमा छानबिन गर्न पूर्वन्यायाधीश बाबुराम रेग्मीको अध्यक्षतामा तीन सदस्यीय छानबिन समिति गठन भएको र छानबिनलाई निष्पक्ष, स्वतन्त्र र प्रभावकारी ढंगले अघि बढाउन छानबिन कार्य प्रारम्भ भई छानबिन कार्यको अन्तिम टुंगो नलागेसम्म परिषद्का सदस्यसचिव मनोज भट्टलाई सदस्यसचिवको कार्य जिम्मेबारीबाट अलग गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा हाजिर गराउने निर्णय भएको छ,' मन्त्रालयको निर्णयमा उल्लेख छ। छानबिनको अन्तिम टुंगो नलागेसम्मका लागि परिषद्को दैनिक, प्रशासनिक, आर्थिकलगायतका सदस्यसचिवले सम्पादन गर्ने कार्य सम्पादन गर्न मन्त्रिपरिषद्को निर्णयबमोजिम मन्त्रालयका सहसचिव लामिछानेलाई पठाइएको मन्त्रालयले जनाएको छ। मन्त्रालयको जिम्मेवारीका अतिरिक्त लामिछानेलाई परिषद्को सदस्यसचिवको थप जिम्मेवारी तोकिएको छ।

सचिव अर्यालका अनुसार परिषद्का विषयमा अख्तियारमा विभिन्न उजुरी परेकाले यस विषयमा छानबिन गर्न मन्त्रालयलाई भनेको थियो। अख्तियारबाहेक पनि परिषद्का विषयमा उजुरी आउने गरेका उनले बताए। 'अख्तियार र मन्त्रालयमा परेसमेतका विषयमा हेर्न खोजिएको हो,' उनले भने। मन्त्रिपरिषद्को निर्णयले छानबिन समिति गठन गरेको उनको भनाइ छ। परिषद्का सदस्यसचिवलाई मन्त्रालयमा हाजिर गराएर छानबिन गर्ने मन्त्रिपरिषद्को निर्णय रहेको उनले बताए। छानबिनबाहेक समितिले बदलिँदो परिस्थितिमा परिषद्को संगठन संरचनाबारे पनि सरकारलाई सिफारिस गर्ने उनले बताए।



अख्तियार र मन्त्रालयमा परेका उजुरीका विषयमा हेर्न खोजिएको हो



● **सुमनराज अर्याल**, सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

परिषद्का विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा विभिन्न उजुरी परेकाले यस विषयमा छानबिन गर्न मन्त्रालयलाई भनेको छ। अख्तियारबाहेक पनि परिषद्का विषयमा मन्त्रालयमा उजुरी आउने गरेका छन्। अख्तियार र मन्त्रालयमा परेका उजुरीका विषयमा हेर्न खोजिएको हो। मन्त्रिपरिषद्को निर्णयले छानबिन समिति गठन गरेको छ। परिषद्का सदस्यसचिवलाई मन्त्रालयमा हाजिर गराएर छानबिन गर्ने मन्त्रिपरिषद्को निर्णय छ। छानबिनबाहेक समितिले बदलिँदो परिस्थितिमा परिषद्को संगठन संरचनाबारे पनि सरकारलाई सिफारिस गर्छ।

सर्वोच्चले सरकारको निर्णय कार्यान्वयन नगर्न भनेको छ, काममा फर्कन्छु

● **मनोज भट्ट**, सदस्यसचिव, समाज कल्याण परिषद्



०७८ मंसिरमा चार वर्षका लागि सरकारले मलाई नियुक्ति दिएको हो। तर, अझै आधाभन्दा बढी समय बाँकी छ। सरकारले ममाथि छानबिन गर्ने भन्दै छानबिन समिति गठन गरेको जानकारी पाएको छु। मलाई मन्त्रालयमा हाजिर गर्न भनिएको छ। मलाई कुनै स्पष्टीकरण पनि सोधिएको छैन। स्पष्ट आरोप पनि लगाइएको छैन। कसैले केही भनेको पनि छैन। छानबिन केका लागि भन्ने पनि थाहा छैन। कुन कानुन, ऐन र दफाअनुसार यो छानबिन कमिटी गठन भयो त! मन्त्रिपरिषद्को निर्णय पनि राजपत्रमा आएको छैन। खाली अमूर्त आरोप मात्रै छ। बदनियत र दूराशय राखेर ममाथि यसो गरिएको हो। यसविरुद्ध मैले रिट दायर गरेपछि सर्वोच्च अदालतले मलाई मन्त्रालय बोलाउने निर्णय कार्यान्वयन नगर्न भनेको छ। अब म काममा फर्किन्छु।

परिषद्का सदस्यसचिव भट्टले भने आफूविरुद्ध बदनियत र दूराशय राखिएको बताए। 'मलाई कुनै स्पष्टीकरण पनि सोधिएको छैन। स्पष्ट आरोप पनि लगाइएको छैन। कसैले केही भनेको पनि छैन। छानबिन केका लागि भन्ने पनि थाहा छैन,' उनले भने, 'कुन कानुन, ऐन र दफाअनुसार यो छानबिन कमिटी गठन भयो त! मन्त्रिपरिषद्को निर्णय पनि राजपत्रमा आएको छैन। खाली अमूर्त आरोप मात्रै छ।' ०७८ मंसिरमा चार वर्षका लागि सरकारले आफूलाई नियुक्ति दिएको र अझै आधाभन्दा बढी समय बाँकी छँदै सरकारले ममाथि छानबिन गर्ने भन्दै मन्त्रालय बोलाउने निर्णय गर्नु उचित नभएको उनले बताए।

■ मन्त्रालयको निर्णयविरुद्ध सदस्यसचिवको सर्वोच्चमा रिट, पक्षमा अन्तरिम आदेश

मन्त्रिपरिषद्ले सदस्यसचिव भट्टको कामकारबाहीमाथि छानबिन गर्न छानबिन समिति गठन गरेपछि मन्त्रालयले उनको जिम्मेवारी खोसेर मन्त्रालयमा हाजिर गराउने निर्णय गरेको थियो। तर, यसविरुद्ध उनले १८ असोजमा सर्वोच्च अदालतमा रिट दायर गरे। सर्वोच्चले आइतबार उनको पक्षमा अन्तरिम आदेश दिएको छ। मन्त्रालयको निर्णय कार्यान्वयन नगर्न सर्वोच्चले अन्तरिम आदेश दिएपछि भट्ट परिषद् फर्किने तयारीमा छन्। 'मन्त्रालयको निर्णयविरुद्ध मैले रिट दायर गरेपछि सर्वोच्च अदालतले मलाई मन्त्रालय बोलाउने निर्णय कार्यान्वयन नगर्न भनेको छ,' उनले भने, 'अब म काममा फर्किन्छु।' छानबिन गरिने भनिएका सदस्य सचिव भट्ट अन्तरिम आदेश लिएर परिषद् फर्किने भएपछि असहजता थपिएको छ। सचिव अर्याल भने अदालतको आदेश प्राप्त भइनसकेकाले यस विषयमा केही भन्न नसकिने बताउँछन्।

■ छानबिनको डन्डा चलाएर अनुकूल नियुक्ति गर्ने पुरानै रोग

परिषद्का पदाधिकारीलाई प्रायः अनियमितताको आरोप लागिरहन्छ। नेपालमा गैरसरकारी संघसंस्थाहरूलाई अनुमति, अनुगमन र कारबाहीसमेत गर्ने परिषद्माथि उसको कामकारबाहीलाई लिएर आरोप लाग्ने गरेको छ। यसबाहेक परिषद्को जग्गा र सम्पत्ति भाडामा लगाउँदा भ्रष्टाचार भएका विगतका नजिरहरू पनि छन्। तर, परिषद्का विकृति न्यूनीकरणभन्दा पनि नयाँ राजनीतिक समीकरण तथा मन्त्री फेरिएपिच्छे अनुकूलका नयाँ नियुक्तिका लागि पुरानालाई विस्थापित गर्न सरकारले यस्ता छानबिन समिति गठन गर्ने अभ्यास विगतमा देखिएका छन्।

परिषद् ऐनअनुसार सदस्यसचिवको कार्यकाल चार वर्षको हुन्छ। परिषद् स्रोतका अनुसार ०५७ यता मात्र परिषद्मा १६ जना सदस्यसचिव नियुक्त भए। तीमध्ये अधिकांशले आफ्नो पूरा कार्यकाल पूरा गर्न पाएका छैनन्। नयाँ राजनीतिक नेतृत्व र मन्त्री फेरिएपिच्छे सदस्यसचिव परिवर्तन हुने गरेका छन्। यसबीचमा आठजनाले त सरकारको निर्णयविरुद्ध अदालतबाट अन्तरिम आदेश लिएर पुनर्वहाली भएका देखिन्छन्। दुईजनाले राजीनामै बुझाएर हिँडेका थिए।

यसअघि ०७५ मा पनि सरकारले परिषद्का तत्कालीन सदस्यसचिव डिल्लीप्रसाद भट्टलाई निलम्बन गरेर छानबिन गरेको थियो। पछि अदालतको अन्तरिम आदेशबाट उनी काममा फर्किएका थिए। सरकार भ्याकेटमा गएपछि अन्तरिम आदेश खारेज हुँदा उनी पदमुक्त भएका थिए। छानबिन समितिले उनीमाथि अनियमितताको आरोप लगाएको थियो। तर, अन्यमाथि अख्तियारले मुद्दा दायर गर्दा उनी जोगिएका थिए। उनीमाथि कुनै पनि कसुरमा अभियोजन भएन। राजनीतिक परिवर्तन र मन्त्री फेरिएपिच्छे अनुकूलका सदस्यसचिव ल्याउन अनियमितताको आरोप लगाउने पुरानै अभ्यासको पुनरावृत्ति यसपटक पनि भएको छ।

■ छानबिनमाथि छानबिन, हुँदैन प्रतिवेदन कार्यान्वयन

परिषद्माथि अनियमितताका आरोपमा छानबिन समिति गठन गरे पनि त्यसका प्रतिवेदन र सिफारिस सरकारले कार्यान्वयन गर्ने गरेको देखिँदैन। १८ साउन ०७५ मा बसेको मन्त्रिपरिषद् बैठकले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, समाज कल्याण परिषद्मा भएको आर्थिकलगायत अन्य अनियमितताका सम्बन्धमा छानबिन गर्न समिति गठन गर्ने निर्णय गरेको थियो। विशेष अदालतका पूर्वन्यायाधीश मोहनरमण भट्टराईको अध्यक्षतामा सरकारले पाँच सदस्यीय जाँचबुझ आयोग गठन गरेको थियो। आयोगले चार महिना लगाएर प्रतिवेदन तयार गरेर तत्कालीन सरकारलाई बुझाएको थियो।

जाँचबुझ आयोगले मन्त्रीद्वय आशा कोइराला, विक्रमबहादुर थापा, उपाध्यक्ष नीलमणि बराल, कोषाध्यक्ष वीरबहादुर ठगुन्ना, सदस्यसचिव डिल्लीप्रसाद भट्ट र तत्कालीन दुई बोर्ड सदस्यविरुद्ध दोषी करार गरेको थियो। आयोगको कारबाही सिफारिसका आधारमा मन्त्रिपरिषद्ले परिषद्का तत्कालीन पदाधिकारीहरूलाई पदमुक्त गरिदिएको थियो। पदमुक्त गर्नुबाहेकका अनियमितताका आरोपमाथिको कारबाही टुंगो लाग्न सकेन। समितिले सुधारका सिफारिसहरू पनि गरेको थियो। तर, प्रतिवेदन कार्यान्वयनमै गएन। प्रतिवेदन हालसम्म पनि सार्वजनिक भएको छैन।

जग्गा धनी प्रमाणपुर्जामा घुस

सेवाग्राहीबाट घुस लिने भूमि आयोगका तीन कर्मचारी पक्राउ

झापा/ जग्गाको जग्गाधनी प्रमाणपुर्जा दिने भन्दै सेवाग्राहीबाट घुस लिएको आरोपमा प्रहरीले राष्ट्रिय भूमि आयोगअन्तर्गत झापामा कार्यरत करार सेवाका तीन कर्मचारीलाई पक्राउ गरेको छ।

झापाको हल्दिबारी गाउँपालिका- १ का गणेशप्रसाद पौडेलबाट अव्यवस्थित बसोवासीको जग्गा दर्ता गर्ने क्रममा घुस ४० हजार लिएपछि भूमि आयोगका कर्मचारीहरू मोहन नेपाल, विवेक पोखरेल र कमल खनाललाई प्रहरीले नियन्त्रणमा लिएको हो। जिल्ला प्रहरी कार्यालय झापाको हिरासतमा रहेका तीनजनालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको जिम्मा लगाउने तयारी भइरहेको झापाका प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेलले जानकारी दिए। भूमि आयोगमा करारमा भर्ना भएका उनीहरू चार महिनाअघिबाट हल्दिबारीमा खटिएका थिए। घुस लिएको कुरा हल्ला भएपछि फिर्ता गर्न पौडेलको घरमा जाने क्रममा उनीहरूलाई प्रहरी, जनप्रतिनिधि र स्थानीयले नियन्त्रणमा लिएका हुन्। अव्यवस्थित बसोवासीलाई जग्गाधनी प्रमाणपुर्जाका लागि निश्चित राजस्व रकम लाग्छ। तर, तीनजना कर्मचारीले मिलेमतोमा राजस्वभन्दा दोब्बर पैसा लिएका थिए। रसिद भने आधा रकमको मात्र दिएको खुलेको छ।

उनीहरूविरुद्ध पौडेलले जिल्ला प्रशासन कार्यालयमा निवेदनसमेत दिएका छन्। 'अव्यवस्थित बसोवासीमा गणेशजीले फाराम भर्नुभएको थियो। उहाँको १२ कट्ठा जग्गाको एक लाख १० हजार नौ सय राजस्व आएछ। उहाँ विपन्न हुनुहुन्छ। तिर्न सक्दिनँ भनेपछि ८० हजारमा मिलाएछन्। त्यो ८० हजार कर्मचारीले लिए। जसमध्ये ३९ हजार ६ सयको मात्र रसिद दिए। ४० हजार चार सयचाहिँ घुसबापत लिएछन्,' हल्दिबारी- १ का वडाध्यक्ष देवीबहादुर थापाले भने, 'जनप्रतिनिधि र प्रहरीले नियन्त्रणमा लियौं। उनीहरूले घुस लिएको स्वीकार गरे। पैसा कोठामा छ भने। प्रहरीसँग गएर हेर्दा २३ हजार भेटियो।'

बिपी प्रतिष्ठानका चिकित्सकहरू आन्दोलन गर्न काठमाडौंमा

धरान/ लामो समयदेखि रोकिएको बढुवा प्रक्रिया सुरु गर्ने सहमति कार्यान्वयन नभएको भन्दै बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानका चिकित्सकहरू आन्दोलन गर्न काठमाडौं गएका छन्। चिकित्सकहरू काठमाडौं गएपछि प्रतिष्ठानमा उपचारका लागि पुगेका बिरामीको बिचल्ली भएको छ। यसअघि चिकित्सकहरूसँग प्रतिष्ठानले गत २४ भदौमा एक महिनाभित्र बढुवा प्रक्रिया सुरु गर्ने सहमति गरेको थियो। तर, सहमति कार्यान्वयन हुने अवस्था नदेखिएको भन्दै चिकित्सक कल्याण समाजको नेतृत्वमा सिनियर रेजिडेन्ट, एसिस्टेन्ट प्रोफेसर, एसोसिएट प्रोफेसर र एडिसन प्रोफेसर गरी ५५ जना चिकित्सकहरू काठमाडौं प्रस्थान गरेका हुन्।

प्रतिष्ठानका चिकित्सकहरूले २३ असोजसम्म माग पूरा नभए उपकुलपति र सहकुलपतिलाई राजीनामा बुझाउने चिकित्सक कल्याण समाजले जनाएको छ। समाजका अधयक्ष डा. सेराज अहमद खानले भने, 'नियमित रूपमा हुनपर्ने बढुवा सात वर्षदेखि रोकिएको छ, जसकारण सबैभन्दा बढी मार हामीलाई परेको छ।' चिकित्सकहरूले २३ देखि २५ असोजसम्म स्वास्थ्य मन्त्रालय र प्रधानमन्त्री कार्यालयमा धर्ना दिने, २६ असोजसम्म आन्तरिक बढुवाका लागि रोकिएको अन्तर्वार्ता सुरु नगरे सामूहिक राजीनामा दिने समाजका अध्यक्ष खानले बताए।


व्यक्तिगत श्रम स्वीकृति बनाएर इराकमा मानव तस्करी

नयाँ पत्रिका

व्यक्तिगत श्रम स्वीकृतिमा महिलाहरूलाई संयुक्त अरब इमिरेट्स (युएई) पुऱ्याई त्यहाँबाट इराकमा मानव तस्करी हुन थालेको छ। इराक पुऱ्याएर अनैतिक कामका लागि बिक्री हुने गरेको प्रहरीको एक अनुसन्धानले देखाएको छ।

यसरी युएई हुँदै इराक पुऱ्याउने मानव तस्करी गिरोहका सदस्य मिक्मा छिरी तामाङलाई प्रहरीले पक्राउ गरेको छ। उनीलगायतका व्यक्तिले सिन्धुपाल्चोकका दुई महिलालाई गत असारमा इराक लगेर बिक्री गरेका थिए। मानव तस्करी गिरोहले नै उनीहरूको युएईको व्यक्तिगत श्रम स्वीकृति मिलाएर त्यहाँ पुऱ्याएका थिए।

भिजिट भिसामा लैजान गाह्रो हुने भएपछि यसरी व्यक्तिगत श्रम स्वीकृति निकालेर युएईसम्म लगेको हुन सक्ने मानव बेचबिखन अनुसन्धान ब्युरोका निर्देशक एसएसपी जीवनकुमार श्रेष्ठले बताए। 'मानव तस्करीमा यो नयाँ शैली देखियो,' उनले भने, 'गिरोहका एक सदस्यलाई पक्राउ गरेका छौं, अन्य तीनजना फरार छन्।' दुई पीडितको जाहेरीका आधारमा प्रहरीले अनुसन्धान पूरा गरी सोमबार जिल्ला सरकारी वकिल कार्यालयमा रायसहितको अनुसन्धान प्रतिवेदन बुझाएको छ।



■ **एसएसपी जीवनकुमार श्रेष्ठ**
निर्देशक, मानव बेचबिखन अनुसन्धान ब्युरो

'मानव तस्करीमा यो नयाँ शैली देखियो। गिरोहका एक सदस्यलाई पक्राउ गरेका छौं, अन्य तीनजना फरार छन्।

■ आफन्तबाटै बिक्री, फिरौती बुझाएपछि रिहा

गत वैशाखमा गाउँमै भएको एक कुलपूजामा पीडितहरूको इराकमा बस्ने दिदी नाता पर्ने महिलासँग चिनजान भएको थियो। ती महिलाले विदेश जाने हो भने आफूले काम गर्ने सहर कुर्तिस्तानमा लैजान सक्ने र खर्च नलाग्ने बताइन्। कमजोर आर्थिक भएका उनीहरू विश्वासमा परे। चप्पल कारखानामा जागिर लगाइदिने र मासिक करिब ६० हजार आम्दानी हुने आश्वासन दिइएको थियो। ती महिलाको नम्बर लिएर उनीहरू पासपोर्ट बनाउनतर्फ लागे।

महिलाले नेपालमा मिक्मालगायतको नम्बर दिएकी थिइन्। उनै मिक्मालाई लगेर पासपोर्ट बुझाएका थिए। उनले युएईको वर्किङ भिसा मिलाइदिए। एकको क्लिनिङ कम्पनी तथा अर्को सुपरमार्केट कम्पनीको नाममा श्रम स्वीकृति पाएका थिए। कम्पनीले पठाएको व्यक्तिगत श्रम स्वीकृतिको कागजपत्रमाथि छानबिन भएको छैन। तर, त्यही आधारमा श्रम कार्यालयले व्यक्तिगत श्रम स्वीकृति बनाइदिएको थियो।

गत ५ असारमा उनीहरू दुबई पुगे। त्यहाँ एक साता राखेपछि उनीहरूलाई भिजिट भिसामा इराकको सुलेमानिह क्षेत्रमा पुऱ्याइएको थियो, जहाँ गाउँकी चिनेकी दिदीले उनीहरूलाई लिन आइन्। ती महिलाले दुवैलाई एक घरमा लगेर राखिन्। केही दिनपछि उनीहरूलाई लिन केही व्यक्ति आए। गलत कामका लागि पठाउन लागिएको भन्दै त्यहाँ रहेका अन्य महिलाले उनीहरूलाई नजान भने। जसकारण उनीहरू गएनन्। बरु नेपाल फर्काइदिन भने। त्यसपछि उनीहरूमाथि यातना सुरु भएको थियो। त्यहाँका एजेन्टले ९१ सय डलरमा किनेकाले त्यो पैसा दिएपछि मात्र नेपाल फिर्ता पठाइदिने बताए। उनीहरूले आफूहरूलाई उद्धार गरिदिन परिवार र सरकारसँग हारगुहार गरे। परिवारले पैसा पठाएपछि उनीहरूलाई मुक्त गरिएको छ।

प्रहरीले नेपाली दूतावास र गैरआवासीय नेपाली संघ, इरानको सहयोगमा उनीहरूको उद्धार गरेको थियो। २९ असारमा नेपाल आएपछि उनीहरूले आफूलाई त्यसरी झुक्याएर इराक पुऱ्याई बिक्री गर्नेविरुद्ध उजुरी दिएका हुन्। यसरी अरू धेरै महिला इराक पुगेको सूचना प्रहरीले पाएको छ। गिरोहका एजेन्ट युएई तथा इराकमा समेत रहेको उनीहरूको खोजी भइरहेको ब्युरोका एसएसपी श्रेष्ठले बताए। नेपाल फिर्ता भएका महिलाले अब आफूहरू कहिल्यै विदेश नजाने बताएका छन्।

■ विमानस्थलको प्रहरी टोली हटाइयो

भिजिट भिसामा हुने मावन तस्करी रोक्न मानव बेचबिखन अनुसन्धान ब्युरोबाट एक वर्षदेखि खटिँदै आएको प्रहरी टोली फिर्ता भएको छ। प्रहरी प्रधान कार्यालयले गत शुक्रबारदेखि ब्युरोको टोलीलाई हटाउने निर्णय गरेको हो।

ब्युरोबाट केही समयका लागि प्रहरी टोली खटिएको र स्थायी रूपमा खटाउने निर्णय नहुँदा हाललाई हटाइएको प्रहरी प्रवक्ता डिआइजी कुबेर कडायतले बताए। 'ब्युरोको टोलीलाई खटाउनेसम्बन्धी आधिकारिक निर्णय पनि भएको थिएन, केही समयलाई भनेर खटाइएको थियो, जनशक्ति पनि कम थियो,' उनले भने, 'अब विमानस्थल प्रहरीकै एक टोली भिजिट भिसामा हुन सक्ने मानव तस्करी रोक्न खटिनेछ।' ब्युरोको टोलीले पछिल्लो एक वर्षमा विमानस्थलबाट करिब सात हजारलाई फिर्ता पठाएको थियो। भिजिट भिसामा खाडीलगायत देश गएका सयौं नेपालीहरू समस्यामा परेपछि ब्युरोबाट विशेष टोली खटिँदै आएको थियो। जसमा अध्यागमनका अधिकारीले भने असन्तुष्टि जनाउँदै आएका थिए।

महँगी नियन्त्रणमा ध्यान दिन सांसदहरूको सुझाव

नयाँ पत्रिका

राजनीतिक घोचपेचमा रमाउने सांसदहरूले सोमबार संसदीय समितिमा उपभोक्ताहितबारे आवाज उठाएका छन्। सार्वजनिक लेखासमितिले आसन्न दसैं-तिहारमा खाद्यवस्तुको उपलब्धता, बजार अनुगमनलगायतका विषयमा छलफल गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र मातहतका निकायलाई डाकेर गरेको छलफलमा अधिकांश सांसदले महँगीबाट उपभोक्ताले भोग्नुपरेको समस्या निराकरणका पक्षमा बोलेका हुन्।

समिति सभापति ऋषिकेश पोखेलले कार्यकारी कुर्सीमा बस्ने मन्त्री, सचिवहरूले कानुनको कार्यान्वयन गरी महँगी नियन्त्रण गर्नुपर्ने बताए। उनले कानुनको कार्यान्वयन गरी महँगी नियन्त्रण नगर्ने कर्मचारीलाई समेत कारबाही गर्न उद्योगमन्त्री रमेश रिजाललाई निर्देशन दिए। माओवादी सांसद लेखनाथ दाहालले बजारमा कालोबजारी र करछलीका घटना बढिरहेको भन्दै दोषीलाई कारबाही गर्नुपर्ने बताए। उनले भन्सार र लागत जोडेर मूल्य निर्धारण गर्नुपर्ने भए पनि कानुनविपरीत व्यवसायीले २० प्रतिशतभन्दा बढी नाफा राख्दा उपभोक्ता महँगीको मारमा परेको बताए।

कांग्रेस सांसद अर्जुननरसिंह केसीले राष्ट्र बैंकको सूचकांकभन्दा महँगी दोब्बर रहेको भन्दै सरकारले गम्भीरतापूर्वक सोच्नुपर्ने बताए। 'दसैं आउँछ भन्ने थाहा भएपछि वस्तु आपूर्ति, बजार अनुगमनको पूर्वतयारी किन भएन ? कुन सिजनमा कुन वस्तुको कति माग हुन्छ भन्ने तथ्यांक खोइ ?' सांसद केसीले प्रश्न गरे। एमाले सांसद गोकुल बास्कोटाले नियमित अनुगमन गरी मूल्य नियन्त्रणका लागि सरकार क्रियाशील हुनुपर्ने र दोषीलाई कारबाहीको दायरामा ल्याउनुपर्ने बताए। विभिन्न फर्ममा सरकारी निकायले छापा हान्ने गरेको सुने पनि कारबाही र जरिवाना नगरी उन्मुक्ति दिने गरेको उनको भनाइ थियो।

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले ८५ रुपैयाँ प्रतिकिलो हुँदा आयात गर्नुपर्ने चिनी ढिलाइ गर्दा एक सय ५० रुपैयाँ पुगेको बताए। उनले ग्यास भण्डारण गरेर सरकारले मूल्य बढाई व्यवसायीलाई पोस्ने काम गरेको समेत आरोप लगाए। 'व्यवसायीको गोदाममा स्टक राखेर महिनामा दुईचोटि ग्यासको मूल्य बढ्छ। यो खुलेआम सरकार र समितिलाई चुनौती हो। आफ्नो फाइदाका लागि लुट मच्चाइएको छ। यो लुटतन्त्र हो,' उनले भने। माओवादी सांसद जनार्दन शर्माले मूल्य नियन्त्रणका लागि सरकारलाई निर्देशन दिनुपर्ने बताए। 'सरकारलाई तत्काल निर्देशन गरेर कालोबजारी निरुत्साहित गरौं। बजारीकरण विशिष्टीकृत छैन, घुमाएर उपभोक्ता ठगिन्छ, कानुन छैन,' उनले भने।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद हरि ढकालले दसैं-तिहारमा गुणस्तर तथा नापतौल विभागले व्यवसायीलाई कारबाहीका नाममा अनावश्यक दुःख दिइरहेको गुनासो गरे। रास्वपाकै अर्का सांसद मनीष झाले यसपटकको जस्तो महँगीको गुनासो अर्को वर्ष नआउने गरी सरकारलाई काम गर्न सुझाव दिए। जनता सामाजवादी पार्टीका सांसद प्रदीप यादवले १०-१२ वटा खुद्रा पसलमा जाँदासमेत चिनी नपाइएको भन्दै सरकारलाई चाडपर्वका बेला चिनीको पर्याप्त र सहुलियत मूल्यमा वितरण गर्न आग्रह गरे।

सांसद अमरेश सिंहले चिनी आयात गर्दा चामल भन्दै कर काट्ने गरेको आरोप लगाए। उनले कर्मचारीलाई अनुशासनमा राखेर देशको अर्थतन्त्र सुधारका लागि सरकार क्रियाशील हुनुपर्ने बताए। 'सिस्टम क्लियर नभएसम्म कालोबजारी नियन्त्रण हुँदैन,' उनले भने। समिति बैठकमा उद्योग सचिव मुकुन्द निरौलाले १० वटा अनुगमन टोली खटाई अनुगमन गरिरहेको र बजार मूल्य नियन्त्रणका लागि प्रयास भइरहेको बताए।

महँगी नियन्त्रणमा कमजोरी भएको स्विकार्छु



● **रमेश रिजाल**, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री

विभिन्न निकायबीच समन्वय गरी महँगी नियन्त्रण गर्नुपर्नेमा कमजोरी भएको ठान्छु। आउने दिनमा यसै विषयमा केन्द्रित भएर काम गर्नेछु। कानुनविपरीत व्यावसायिक क्रियाकलाप गर्ने व्यवसायीलाई ठूलो सजाय गर्ने कानुन छैन। त्यसैले ठूलो अपराध गर्छन्, तर तीन लाखभन्दा बढी सजाय गर्न सकिँदैन। जरिवाना गर्ने निर्णय भएको रकमसमेत व्यवसायीले दिन मानेनन् भने कसरी उठाउने भन्ने पनि व्यवस्था छैन। सामान खरिद-बिक्री गर्दा बिलबिजक लिने विषयमा पनि सचेतना फैलाउनु जरुरी छ। ग्यास बजारमा होल्ड गरेर मूल्यवृद्धि गरेको कुरामा मेरो ध्यान गएको थिएन, तर आउँदा दिनमा नियन्त्रण गर्छु।

साल्ट ट्रेडिङ कर्पोरेसनकी प्रमुख कार्यकारी अधिकृत (सिइओ) उर्मिला श्रेष्ठले सहुलियत पसल सुरु गरी चाडपर्वका बेला उपभोक्तालाई राहत दिन सुरु गरेको बताइन्। अर्को सार्वजनिक संस्थान खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडसँगको सहकार्यमा वर्षैभर सहुलियत पसल सञ्चालन गर्ने गृहकार्यसमेत भएको उनले जानकारी गराइकी थिइन्। खाद्य कम्पनीको सिइओ मोहनप्रकाश चन्दले आइतबारबाट ४३ जिल्लाका ४९ वटा बिक्री केन्द्रमार्फत सहुलियत मूल्यमा खाद्यवस्तु बिक्री थालेको जानकारी गराए। अनुगमनकारी निकाय वाणिज्य आपूर्ति तथा उपभोक्ताहित संरक्षण विभागका महानिर्देशक तीर्थराज चिलवालले १ असोजबाटै उपत्यकामा दैनिक १० वटा टोलीमार्फत बजार अनुगमन गरिरहेको र कैफियत भेटिएका व्यवसायी तथा फर्मलाई कारबाहीको दायरामा ल्याएको जानकारी गराए।

उपभोक्ताकर्मी ज्योति बानियाँले ११ उद्योगीको सिन्डिकेटका कारण मुलुकभर अहिले चिनी अभाव भएको आरोप लगाए। उनले चिनी आयातकर्ता र उद्योगी एउटै भएको, चिनीको भाउ बढाउन कृत्रिम भण्डारण गरिएकोलगायतका उजुरी टिपाएका थिए।

समितिले बैठकपछि गैरकानुनी तरिकाले खुला सीमाबाट भित्रिने सामग्री नियन्त्रण गर्न, सबै पसलमा मूल्य सूची राख्न, कालोबजारी र सिन्डिकेट रोक्न निर्देशन दिएको छ। त्यस्तै, प्रत्येक स्थानीय तहमा एउटा सुपथ मूल्य सञ्चालन गर्न पनि निर्देशन दिएको छ। इन्धन भण्डारणको अवस्था र आगामी योजनाबारे सात दिनभित्र समितिलाई लिखित जानकारी दिन पनि निर्देशन दिइएको छ।


हवाई प्रतिबन्धबारे नोभेम्बरमा निर्णय हुन्छ : युरोपेली राजदूत

काठमाडौं/ नेपालका लागि युरोपियन युनियनकी राजदूत भेरोनिक लोरेन्जोले नेपाललाई युरोपियन क्षेत्रमा उडानमा लगाएको रोकका विषयमा निर्णय हुने बताएकी छिन् । सोमबार सञ्चारकर्मीसँग इयू दूतावासमा आयोजित अन्तर्क्रियामा लोरेन्जोले युरोपियन युनियनले नेपाली जहाजहरूलाई कालोसूचीमा राखेको नभएर हवाई सुरक्षाका विषयमा निर्णय लिएको बताइन् । 'सेप्टेम्बरमा युरोपियन कमिसनबाट विज्ञहरूको समूहले मूल्यांकन गरेका छन् । युरोपियन कमिसनका मात्र नभए अन्य विज्ञहरूसहितको हवाई सुरक्षा समिति गठन भएको छ । त्यसको बैठक नोभेम्बरको मध्यमा बस्नेछ,' उनले भनिन्, 'त्यो कमिटीले लिने निर्णयपछि मात्रै यसबारेमा थप भन्न सक्छु ।'

राजदूत लोरेन्जोले नेपालमा संघीयता कार्यान्वयनमा सरकारलाई सहयोग गर्ने विषय इयूको प्राथमिकतामा रहेको बताइन् । 'धेरै देशमा संघीय सरकार र स्थानीय सरकारबीचमा तनाव हुन्छ । यो नेपालमा मात्र होइन, अभ्यास गर्दै जाँदा विषय समाधान हुन्छन्,' उनले भनिन् । नेपाल अतिकम विकसित मुलुकबाट सन् २०२६ मा विकासशीलतर्फ स्तरोन्नति हुँदै गरेको सन्दर्भमा उनले अन्तर्राष्ट्रिय समुदायबाट नेपालले पाउँदै आएको सुविधा निरन्तरताका लागि गृहकार्य गर्नुपर्ने सुझाव पनि दिइन् । इयूले नेपालमा हरित अर्थतन्त्र, पूर्वाधार ग्याप हटाउन मद्दत गर्ने उनको भनाइ थियो । मानवपुँजी (गुणस्तरीय शिक्षा)मा सहयोग गर्ने तथा नेपालको सुशासन र संघीयता कार्यान्वयनको एजेन्डालाई इयूले सहयोग र समर्थन गर्ने प्राथमिकतामा राखेको राजदूत लोरेन्जेले सुनाइन् ।

पप्पुले ठेक्का पाएको टेकुको पुल निर्माणमा भ्रष्टाचार

जेडआइइसी-पप्पु जेभीका सुमित रौनियारलाई एक करोड १४ लाख ७६ हजार जरिवानाको फैसला





- **चार कर्मचारीलाई सफाइ**

शिल्पा कर्ण/नयाँ पत्रिका

पप्पु कन्स्ट्रक्सनले जोइन्ट भेन्चरमा पाएको टेकु-कालीमाटी जोड्ने पुलमा भ्रष्टाचार भएको विशेष अदालतले ठहर गरेको छ । विशेषका अध्यक्ष श्रीकान्त पौडेल र सदस्य यमुना भट्टराईको सोमबारको इजलासले यस्तो फैसला गरेको हो ।

विशेषका उपरजिस्ट्रार धनबहादुर कार्कीका अनुसार सोमबार फैसला गर्दै सुमित रौनियारलाई एक करोड १४ लाख ७६ हजार जरिवाना हुने सजाय सुनाइएको छ भने बाँकी चारजनाले सफाइ पाएका छन् । रौनियार पुल निर्माणको ठेक्का पाएको जेडआइइसी-पप्पु जेभीका अख्तियारनामाप्राप्त व्यक्ति हुन् ।

ठेक्काको म्याद थप माग गरेका बखत आवश्यक कागजात नल्याई रौनियारले कानुनबमोजिम कार्य नगरेको अख्तियारको आरोप थियो । उनले कार्य सम्पादन जमानत नवीकरण गरी ल्याउनुपर्नेमा सोअनुसार नल्याई एक करोड ७२ लाख १४ हजार रुपैयाँको मात्र कार्यसम्पादन जमानत नवीकरण गरी ल्याएको र सोहीअनुसार म्याद थप गराई एक करोड १४ लाख ७६ हजारको कार्यसम्पादन जमानत फुकुवा गरी लगेको अनुसन्धानले देखाएको थियो । विशेषका अनुसार रौनियारलाई जमानत फुकुवा गरी लगेकोबराबर रकम जरिवाना हुने सजाय सुनाइएको हो ।

ठेक्का पाउने जोइन्ट भेन्चरको अर्को कम्पनी जेडआइइसीका प्रतिनिधिलाई भने विदेशी नागरिक रहेका कारण तत्काल मुद्दा चलाएको थिएन । नेपाली सरहदभित्र फेला परेमा कानुनबमोजिम थप अभियोगपत्र पेस गर्ने गरी अख्तियारले मुद्दा नचलाएको हो ।

सडक विभागअन्तर्गतको काठमाडौं दिगो सहरी यातायात आयोजनाले विष्णुमती खोलामाथि उक्त ६० मिटर लामो पुल बनाउन बोलपत्र आह्वान गरेको थियो । २० करोड १३ लाख रुपैयाँमा उक्त पुल निर्माणको ठेक्का लागेको थियो । ०७१ को असारमै ठेक्का लागेको उक्त पुल ०७५ मै सम्पन्न भइसकेको दाबी ठेकेदारले गरेका थिए । तर, मापदण्डबमोजिम नरहेको र गुणस्तरहीन रहेको भन्दै विभागले उक्त पुलमा समस्या देखाउँदै सञ्चालन गरेको थिएन ।

सरकारले ठेक्का रद्द गरेर सामान लैजान भनेको थियो । तर, ठेकेदारले सम्झौताबमोजिम नै उक्त पुल निर्माण गरेको दाबी गरिरहेका थिए । यसैबीच निर्मामणमा भएका त्रुटि सच्याउन पुल निर्माण आयोजनाले पटक-पटक पत्राचार गरे पनि नआएपछि अख्तियारमा उजुरी परेको थियो । जसपछि १६ पुस ०७७ मा विशेषमा मुद्दा दर्ता भएको हो । अख्तियारले अनुसन्धान गरी आयोजना कार्यान्वयन इकाइका निमित्त आयोजना प्रमुख बेलबहादुर नेपाली, तत्कालीन लेखा अधिकृत नारायणबहादुर थापा, लेखापाल गिरिप्रसाद श्रेष्ठ र लेखा अधिकृत श्यामबहादुर खत्रीलाई प्रतिवादी बनाई मुद्दा चलाएको थियो । उनीहरू सबैले सफाइ पाएका छन् । कार्यसम्पादन जमानत नवीकरण नगरी म्याद सकिसकेको अवस्थामा समेत आयोजना प्रमुख नेपालीले आफैंले टिप्पणी उठाई तेस्रोचोपटक म्याद थप सिफारिस गरेका थिए । नेपालीले उठाएको गलत टिप्पणीलाई पनि लेखा अधिकृत थापाले जमानतबापतको रकम फुकुवा गरिदिएको अख्तियारको भनाइ थियो । लेखापाल श्रेष्ठले सुरु टिप्पणीमा कार्यसम्पादन जमानतको रकम र म्याद मात्र उल्लेख गरे पनि ठेक्काको कार्यसम्पादन जमानतबारे भने केही उल्लेख नगरेका कारण उनलाई पनि प्रतिवादी कायम गरिएको थियो । लेखा अधिकृत खत्रीलाई पनि सोही आरोप थियो । तर, उनीहरू चारैजनाले सफाइ पाएका छन् ।

■ सडक निर्माणमा घुस लिने अध्यक्षलाई दुई वर्ष कैद

जाजरकोटको जुनीचाँदे गाउँपालिकाका अध्यक्ष भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन् । सोमबार विशेष अदालतले गाउँपालिका अध्यक्ष कृष्णबहादुर केसीलाई दोषी ठहर गर्दै सजाय सुनाएको छ । विशेषका उपरजिस्ट्रार धनबहादुर कार्कीका अनुसार केसी घुस मागेर भ्रष्टाचार गरेको मुद्दामा दोषी पाइएका हुन् । 'उहाँसँग सम्बन्धित दुईवटा मुद्दा विचाराधीन थिए । जसमध्ये एउटामा सफाइ र अर्कोमा दोषी ठहर हुनुभएको छ । दुई वर्ष कैद सजाय र आठ लाख रुपैयाँ जरिवानाको सजाय सुनाइएको हो,' कार्कीले भने । केसीले सोही गाउँपालिका- ५ मा विभिन्न उपभोक्ता समितिमार्फत भएका कामको अन्तिम भुक्तानीका लागि घुस मागेका थिए । उनी र स्थानीय विद्यालयका प्रधानाध्यापक चन्द्रबहादुर बस्नेतले आपसमा मिलेमतो गरी घुस मागेको अभियोग अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लगाएको थियो ।

केसी र बस्नेतले घुस मागिरहेको सूचना अख्तियारमा आएपछि टोली खटाइएको थियो । उनीहरूलाई अख्तियारको सुर्खेतस्थित कार्यालयको टोलीले आठ लाख रुपैयाँ घुससहित नियन्त्रणमा लिएको थियो । उनीहरू घुसबापतको रकम लिइसकेको अवस्थामा रंगेहात पक्राउ परेका थिए । जसपछि २२ फागुन ०७६ मा दुवैजनालाई प्रतिवादी बनाई मुद्दा चलाइएको हो । विशेषका उपरजिस्ट्रार कार्कीका अनुसार प्रधानाध्यापक बस्नेतलाई विशेषले सफाइ दिएको छ, केसीलाई कैद र जरिवाना दुवै हुने सजाय सुनाइएको छ ।

न्यायाधीशत्रय शालिग्राम कोइराला, बलभद्र बास्तोला र खुसीप्रसाद थारूको इजलासले गाउँपालिका अध्यक्ष केसीसहित वडाध्यक्ष राजबहादुर शाहीले घुस रकम दिन बाध्य बनाएको अर्को एक मुद्दामा भने सफाइ दिएको छ । सडक निर्माणकार्यमा सेवाग्राहीसँग पटक-पटक गरी २५ लाख ५० हजार रुपैयाँ घुस मागेको भन्दै अख्तियारमा उजुरी परेको थियो । अनुसन्धानपछि कमिसन तथा घुस भन्दै नगदै रकम लिई बैंकखातामा जम्मा गरेको, होटेल तथा रिजर्भ गाडीको भाडा तिर्न लगाएकोजस्ता दाबीसहित अख्तियारले मुद्दा दायर गरेको थियो ।

■ एमाले सुदूरपश्चिम अधिवेशन

सहमति नजुटेपछि चुनावबाटै नेतृत्व छान्ने तयारी

धनगढीमा **तेजराज भट्ट**

एमाले सुदूरपश्चिमको प्रदेश नेतृत्व चुनावी प्रक्रियाबाट चयन हुने भएको छ । सर्वसम्मतिका लागि दुई दिनसम्म भएको प्रयास असफल भएपछि निर्वाचन कार्यतालिका सार्वजनिक गरिएको छ । निर्वाचन कमिटीले सोमबार बेलुका निर्वाचन कार्यतालिका सार्वजनिक गरेको हो ।

आइतबार अधिवेशनको उद्घाटन समारोहमा अध्यक्ष केपी ओलीले सहमतिमै नेतृत्व चयन गर्न निर्देशन दिएका थिए । ओलीले प्रदेश अध्यक्षका तीनैजना दाबेदार र यहाँका केन्द्रीय नेताहरूलाई राखेर पनि सहमति गरेर जान भनेका थिए । तर, आइतबार बेलुकीदेखि सोमबार दिनभरसम्म पटक-पटक गरिएका छलफलमा सहमति नजुटेपछि नेतृत्वका दाबेदारहरू चुनावका लागि टिम निर्माणका जुटेका छन् । मंगलबार बेलुकी पाँच बजेबाट मतदानको समय निर्धारण गरिएको छ ।

महासचिव शंकर पोखरेलले दुई दिन धनगढीमा बसेर सहमतिको प्रयास गरे । उनी सोमबार काठमाडौं फर्किएका छन् । 'अध्यक्षको निर्देशनअनुसार महासचिव दुई दिन बसेर सहमति जुटाउने कोशिष गर्नुभयो, तर यहाँका केन्द्रीय नेताका आ-आफ्ना स्वार्थले सहमति जुट्न सकेन,' एमालेका एक नेताले भने, 'अब निर्वाचनको प्रतिस्पर्धालाई रोक्ने अवस्था छैन ।' महासचिव पोखरेल केन्द्रीय सचिव लेखराज भट्ट, स्थायी समिति सदस्य कर्ण थापा र प्रदेश अध्यक्ष दामोदर भण्डारी तीनजनालाई सहमति गराउने जिम्मेवारी दिएर फर्केका छन् ।

प्रदेश अध्यक्षमा वर्तमान उपाध्यक्ष कमल तिमिल्सिना तथा प्रदेश कमिटी सचिवालय सदस्यद्वय कृष्णप्रसाद जैसी र वचनबहादुर सिंहले दाबी गरेका छन् । शिक्षण पेसा छोडेर ०४७ देखि एमालेको राजनीतिमा सक्रिय जैसी ०५४ सालमा जिविस सभापति बनेका थिए । लामो समय एमाले राजनीतिमा सक्रिय तिमिल्सिना ०६६ मा एमाले अछाम जिल्ला अध्यक्ष बनेका थिए । सिंह युवा संघको पूर्वकेन्द्रीय अध्यक्ष हुन् । अध्यक्षका दाबेदार टिम निर्माणको छलफलमा जुटेका छन् ।

सुदूरपश्चिममा नेतृत्व चयनलाई लिएर एमालेका केन्द्रीय नेताहरू नै विभाजित छन् । 'केन्द्रीय नेताहरूले आआफू निकटलाई अध्यक्ष बनाउन जोडतोडले लाग्नुभएको छ । आज रातिसम्म मोटामोटी टिम तयार भइसक्छ,' सोमबार बेलुकी एक प्रतिनिधिले नयाँ पत्रिकासँग भने ।

अभयपुर बचत तथा ऋण सहकारी संस्था लि.
नयाँबजार, काठमाडौं, फोन नं. ०१ ४३८८७७२

कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सुचना

सूचना प्रकाशित मितिः २०८०/०६/२३

यस सहकारीबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले विभिन्न प्रयोजनको लागि लगेको ऋणको यस सहकारीसँग गरेको सम्झौता बमोजिम समयमा तिर्नु बुझाउनु पर्ने साँवा ब्याज हर्जना नतिरी नबुझाई सहकारीसँग गरेको ऋण सम्बन्धी शर्त नियमहरु उल्लंघन गरेकोले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत वेवास्ता गरी ऋण चुक्ता नगर्नु भएको हुँदा यो सुचना प्रकाशित गरिएको छ । अतः यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कार्यालयमा सम्पर्क राखी सम्झौता बमोजिम संस्थालाई तिर्नु बुझाउन बाँकी सम्पूर्ण साँवा, ब्याज र हर्जना रकम चुक्ता फछ्यौट गर्न गराउन हुन ऋणी सदस्य, जमानीकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैलाई सुचित गरिन्छ । अन्यथा सहकारी ऐन २०४८, सहकारी नियमावली २०४९ तथा संस्थाको ऋण नीति बमोजिम तपशिलमा उल्लेखित धितो सुरक्षण लिलाम बिक्रि वा अन्य व्यवस्था गरी लेना रकम असुल उपर गर्न सक्ने र सो बाट समेत सम्पूर्ण बक्यौता रकम असुल उपर हुन नसकेमा ऋणी जमानतकर्ता तथा निजहरुको हक लाग्ने परिवारका सदस्यहरुको अन्य जाय जेथाबाट समेत असुल उपर गर्न आवश्यक कानुनी प्रकृया शुरु गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

क्र.स.	ऋणीको नाम र ठेगाना	धन जमानीकर्ताहरु
१	नाम : अनुप श्रेष्ठ बाबु : नन्दलाल श्रेष्ठ बाजे : कर्ण बहादुर श्रेष्ठ ठेगाना : दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. ४, हाल : भक्तपुर जिल्ला, सल्लाघारी न.पा.वडा नं. ७ नागरिकता नं. २२१०१४-५०८	नाम : सोममैया श्रेष्ठ बाबु : कर्ण बहादुर श्रेष्ठ बाजे : हस्तधन श्रेष्ठ ठेगाना : दोलखा जिल्ला, भिमेश्वर नगरपालिका वडा नं. २, हाल भक्तपुर जिल्ला, सुर्यबिनायक न.पा., वडा नं. ४ नागरिकता नं. २२/५४६
२	नाम : राजन नेपाली बाबु : शम्भु नेपाली बाजे : लाल बहादुर नेपाली ठेगाना : नुवाकोट जिल्ला, वडा नं.८ चौघडा, हाल : नुवाकोट जिल्ला, चौघडा वडा नं.८ चौघडा नागरिता नं.: ५२८९० **धितो विवरण** लाल बहादुर नेपालीको नाति, शम्भु नेपालीको छोरा, नुवाकोट जिल्ला, चौघडा गा.वि.स. वडा नं. ८ बस्ने राजन नेपालीको नाममा रहेको यातायात व्यवस्था कार्यालय काठमाडौमा दर्ता भएको गाडी दर्ता नं. बा. ७ च २४८, इन्जिन नं. **G10BIN–522901**, च्यासिस नं. : **MA3EYE31900–625838**, बनाउने कं. मारुति कार, मोडेल जेन	नाम : कमल नेपाली बाबु : भक्त बहादुर नेपाली बाजे : कृष्ण बहादुर नेपाली ठेगाना : नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. १६ हाल नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. १६ नागरिकता नं. ६४६०६
३	नाम : महेन्द्रराज श्रेष्ठ बाबु : धुबराज श्रेष्ठ बाजे : कुलराज श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा न २७ ठैटी, हाल : काठमाडौ जिल्ला, का म.न.पा. वडा न २७ ठैटी नागरिता नं.: २३४९/४९०/६२५२	नाम : मिलि श्रेष्ठ बाबु : महेन्द्रराज श्रेष्ठ बाजे : धुबराज श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३१, हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३१ नागरिकता नं.२७१०६०/८५३१४/४५२८८
४	नाम : हरिनारायण चौधरी बाबु : बिखन चौधरी बाजे : बोकाई चौधरी ठेगाना : सुनसरी जिल्ला, इटहरी वडा न १८ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा न १६ नागरिता नं.:९९७/२४१६	नाम : चरणसिंह थारु बाबु : हरिनारायण चौधरी बाजे : बिखन चौधरी ठेगाना : सुनसरी जिल्ला, इटहरी वडा न. १८ हाल काठमाडौं जिल्ला, का.म.न.पा. १६ नागरिकता नं. : १०१९/१२९६५३
५	नाम : पदम कुमारी कार्की बाबु : कृष्ण बहादुर कार्की बाजे: नरबहादुर कार्की ठेगाना : दोलखा जिल्ला, भीरकोट वडा न ६ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा न २९ नागरिता नं.: २६९४/३१७	नाम : बम बहादुर दाहाल बाबु : भीम बहादुर दाहाल बाजे : पूर्ण दाहाल ठेगानाः दोलखा जिल्ला, काभ्रे वडा नं. ९ हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं २९ नागरिकता नं. : १२०१/२०२१
६	नामः प्रल्हाद कुमार थापा बाबु : हरि बहादुर थापा बाजे : बखत बहादुर थापा ठेगाना : काठमाडौं जिल्ला, इमाडोल वडा नं. ९ हाल : काठमाडौं जिल्ला, इमाडोल वडा नं. ९ नागरिता नं.: १८५७/०३१/३१	नाम : राधिका चाम्लागाई बाबु : दुर्गा प्रसाद शर्मा बाजे : बसन्तलाल शर्मा ठेगाना : इलाम जिल्ला, एकटप्पा वडा नं. ८ हाल:काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४ नागरिकता नं. :९८१ नाम : जोगिन्दर शाह बाबु : सुखाडी गोठ बाजे: मनशी शाह ठेगाना : पर्सा जिल्ला, सुरजाह वडा नं. २ नागरिकता नं. :९१५५१३७४
७	नाम : जुने कुमारी श्रेष्ठ बाबु : तेज बहादुर श्रेष्ठ बाजे: मोतिलाल श्रेष्ठ ठेगाना : दोलखा जिल्ला, भीमेश्वर वडा नं. ५ हाल : काठमाडौं जिल्ला, म्हैपी वडा नं. २६ नागरिता नं.: १७७७१/२७६	नाम : इन्द्र बहादुर भट्ट बाबु : खील बहादुर भट्ट बाजे : लाल बहादुर भट्ट ठेगाना : इलाम जिल्ला, एकटप्पा वडा नं.८ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४ नागरिकता नं. : ४१०४९/५५९
८	नाम : श्याम बहादुर कार्की बाबु : टिका बहादुर कार्की बाजे : बल बहादुर कार्की ठेगाना : नुवाकोट जिल्ला, गणेशमान वडा नं. ७ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १९ नागरिता नं.: २४०५	नाम : ऋषीकेश प्रसाद रेग्मी बाबु : बद्रिनाथ प्रसाद रेग्मी बाजे: टेकनाथ रेग्मी ठेगानाः काठमाडौं जिल्ला, म्हैपी वडा नं. २६ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६ नागरिकता नं. : ८४५५
९	नाम : शर्मिला पुरी बाबु : कृष्ण बहादुर बन बाजे: टक बहादुर पुरी ठेगाना : सिन्धुपाल्चोक जिल्ला, सानसिरुवारी वडा नं. ५ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६ ना. नं. : २४१०५२/१ **धितो विवरण** टंक बहादुर पुरीको नातिनी, कृष्ण बहादुर बनको छोरी, सिन्धुपाल्चोक जिल्ला, सानसिरुवारी गा.वि.स. वडा नं. ५ बस्ने शर्मिला पुरीको नाममा रहेको मालपोत कार्यालय चितवनमा दर्ताभएको चितवन जिल्ला, खैरहनी वडा नं. ५ किता नं. १७६८, को क्षेत्रफल ०-०-६.५-०-०, मोठ पाना ३५ ११०.६, ५८६५घ टंक बहादुर पुरीको नातिनी, कृष्ण बहादुर बनको छोरी, सिन्धुपाल्चोक जिल्ला, सानसिरुवारी गा.वि.स. वडा नं. ५ बस्ने शर्मिला पुरीको नाममा रहेको मालपोत कार्यालय गोरखामा दर्ता भएको गोरखा जिल्लाको मनकामना वडा नं. १ किता नं. १०८०, को क्षेत्रफल ०-४-०-० जम्मा जग्गा मात्र ।	नाम : महेन्द्र पुरी बाबु : टेक बहादुर पुरी पुरी : बाजे: डबर बहादुर पुरी ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६ नाम : निकेश श्रेष्ठ बाबु : मोहनकाजी श्रेष्ठ बाजे : रामकाजी श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २

सडक पूर्वाधार विकास कार्यालय, दाङ

बोलपत्र स्वीकृत गरिएको सूचना

(प्रकाशित मिति २०८०/०६/२३)

यस कार्यालयको सूचना नं. ०१/२०८०/०८१ अनुसार दर्ता हुन आएका बोलपत्रहरुको मुल्यांकन हुंदा निम्न निर्माण व्यवसायीको निम्न बमोजिमको बोलपत्र सारभूतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० को उपदफा ५ बमोजिम बोलपत्र स्वीकृत गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

ठेक्का नं.	निर्माण व्यवसायीको नाम	न्यूनतम मुल्याङ्कित बोल अङ्क रु (मु.अ.कर सहित)
RIDO/DANG/NCB/W/01/080/081	श्री गोपि निर्माण सेवा, प्रा.लि, रोल्पा	१,१४,७७,२६२।१३

कार्यालय प्रमुख

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौं
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/०६/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय बुटवलबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीतकर्तालाइ यसे सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सो को नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीतकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीतकर्तालाई समेत कालोसूचीमा सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरणः
१) **ऋणीको नाम : गंगा गुरुङ्** बाबुको नाम : राजमान गुरुङ पतिको नाम : गणेश बहादुर गुरुङ ससुराको नाम : ओम प्रसाद गुरुङ ठेगाना : त्रिवेणी सुस्ता-०६, नवलपरासी हालको ठेगाना :वुटवल-१०, रुपन्देही ना.प्र.नं. : ९०५२४, जारी मिति : २०६३/०७/०९ जारी गर्ने कार्यालय :जि.प्र.का., नवलपरासी **कर्जा शीर्षक : व्यक्तिगत अधिविकर्ष कर्जा** **कर्जा लिएको शाखा : बुटवल**	**क) नाम : मन्जिल गुरुङ्ग** बाबुको नाम : गणेश बहादुर गुरुङ्ग बाजेको नाम : ओम प्रसाद गुरुङ ठेगाना : विनयी त्रिवेणी-०७, नवलपरासी हालको ठेगाना : वुटवल-१०, रुपन्देही ना.प्र.नं.: ३६-०६-७४-०५३०४ जारी मिति : २०७४/०७/०५ जारी गर्ने कार्यालय : जि.प्र.का.,नवलपरासी **ख) नाम : रेशम माया गुरुङ्ग** पतिको नाम : ओम प्रसाद गुरुङ्ग ससुराको नाम : भिम प्रसाद गुरुङ्ग ठेगाना : त्रिवेणी सुस्ता-०६, नवलपरासी हालको ठेगाना : वुटवल-१०, रुपन्देही ना.प्र.नं. :३१२, जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी **ग) नाम : पदम बहादुर वारघरे** बाबुको नाम : दिल बहादुर वारघरे बाजेको नाम : ज्ञान बहादुर वारघरे ठेगाना : विनय त्रिवेणी-०५, नवलपरासी (ब.सु.पू) हालको ठेगाना : वुटवल-१०, रुपन्देही ना.प्र.नं. : ३६२०३६-६४३, जारी मिति : २०७२/०८/२० जारी गर्ने कार्यालय : :जि.प्र.का., नवलपरासी (ब.सु.पू)
सुरक्षणमा रहेको धितोको विवरण : श्री मालपोत कार्यालय बुटवल, रुपन्देहीमा श्री गंगा गुरुङ्गको नाममा दर्ता श्रेष्ठा कायम रहेको बुटवल न.पा. वडा नं. १२ स्थित कि.नं.७१ को क्षेत्रफल १२८.१० व.मी. को घर जग्गा तथ सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	

Invitation for Bids

RATNANAGAR MUNICIPALTY
Office of Municipal Executive
Invitation for Bids No: RAT/CHITWAN/works/NCB/05/2080-081
Date of publication: 2080/06/23 (10th October, 2023)

1. **Ratnanagar Municipality** invites electronic bids from Nepalese eligible bidders for the **Construction ofAsphalt Road and Drain with Footpath, Ward-01** under National Competitive Bidding procedures. The estimated amount for the works is **NRs. 77,37,200.00 (Seventy-Seven Lakh Thirty-Seven Thousand Two Hundred Rupees Zero Paisa only) (without VAT and contengencies and including PS)**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Ratnanagar Municipality, Chitwan, Nepal. Tel No:056-560529, Email: info@ratnanagarmun.gov.np** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder must submit their bid electronically or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank
   Name of Office: Ratnanagar Municipality, Office of Municipal Executive
   Office Account no.: RATNANAGAR NA.PA. (GA-1-1)-AANTARIK
   Rajaswa (revenue) Shirshak:1830100301010003
   Cost Of Bidding Document: NRs. 3000.00 (Three Thousand Rupees)
4. Electronic bids must be submitted to the office **Ratnanagar Municpality** through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before **12:00 on 2080/07/23 (9th November, 2023).** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 2080/07/23 (9th November, 2023)** at the office of **Ratnanagar Municipality, Chitwan, Nepal.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, \amounting to a minimum of **NRs. 2,16,000.00,** which shall be valid for 30 days beyond the validity period of the bid **i.e., 2080/11/25 (8th March, 2024).**
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officer

बुद्धिसागरले ल्याए 'उसले दिएको उमेर'



लेखक बुद्धिसागरको संस्मरणात्मक पुस्तक 'उसले दिएको उमेर' बजारमा आएको छ। लेखक बुद्धिसागरले डिजिटल माध्यमबाट पुस्तक सार्वजनिक गरेका छन्। उपन्यास 'एक्लो' प्रकाशन भएको नौ महिनापछि लेखक बुद्धिसागरले नयाँ कृति सार्वजनिक गरेका हुन्। यो पुस्तकलाई फाइनप्रिन्टले बजारमा ल्याएको हो।

'सिंघम ३' को सुटिङ सुरु



रोहित सेट्टी निर्देशित फिल्म 'सिंघम ३' को सुटिङ सुरु भएको छ। आगामी वर्ष १५ अगस्टमा यो फिल्म रिलिज हुनेछ। फिल्ममा अजय देवगण, अक्षय कुमार, रणवीर सिंहलगायतको अभिनय रहनेछ। फिल्ममा धेरै स्टन्ट र एक्सन दृश्य हुनेछन्।

सन्दर्भ : विश्व मानसिक स्वास्थ्य दिवस

मानसिक स्वास्थ्य सुदृढ बनाउन के गर्ने ?



डा. विजय ज्ञवाली
मनोविज्ञ तथा साइकोथेरापिस्ट
अमोहा क्लिनिक

स्वस्थ हुनुको अर्थ रोग नहुनु भन्ने होइन। शारीरिक, मानसिक र आध्यात्मिक रूपमा स्थिर र सन्तुलित हुनु हो। मानसिक स्वास्थ्य यसैभित्रको एउटा महत्त्वपूर्ण पक्ष हो। मानसिक रूपमा स्वस्थ हुनु भनेको त्यो अवस्था हो, जुन अवस्थामा मानिस सहज, स्वस्थ र सुखी हुन्छ। आफ्नो क्षमताको सही पहिचान गर्न सक्छ र जीवनमा भैपरी आउने समस्याको समाधान गर्न सक्छ। उसले आफ्नो तथा समाजको उत्पादनमूलक र रचनात्मक कार्य सम्पादनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ। तसर्थ, मानसिक स्वास्थ्य एउटा बृहत् विषयवस्तु हो। मानसिक रोग नहुनुलाई मात्र मानसिक रूपमा स्वस्थ भनियो भने यसको परिभाषा साँघुरो हुन सक्छ। हाम्रो मस्तिष्क र मनभित्रका कल्पना, भावना र सोचजस्ता सूक्ष्म विषयवस्तुसँग मानसिक स्वास्थ्य जोडिएको हुन्छ।

मानसिक समस्याले निम्त्याउने जटिलता

मानसिक समस्याले व्यक्तिको भावना, संवेदना, विचार र व्यवहारमा परिवर्तन ल्याउँछ। यो परिवर्तनले व्यक्तिको सांस्कृतिक विचार र व्यक्तित्वमा मात्र होइन, उसको सम्पूर्ण परिवार र समाजमा नै नकारात्मक असर पर्दछ। विश्व स्वास्थ्य संगठनका अनुसार प्रत्येक पाँचजना वयस्क र बालबालिकामध्ये एकजनामा कुनै न कुनै प्रकारको मानसिक समस्या हुने गरेको छ। यसबाट पुष्टि हुन्छ, मानसिक रूपमा समस्या हुने मानिसको संख्या कम छैन।

विश्व स्वास्थ्य संगठनको रिपोर्टअनुसार हाल विश्वमा ४५० मिलियन मानिस कुनै न कुनै प्रकारको मानसिक र व्यावहारिक असन्तुलनबाट ग्रसित छन् भने केन्द्रीय तथ्यांक विभागको जनगणना सन् २०११ अनुसार नेपालमा मात्र ३०,९९७ जना गम्भीर मानसिक समस्याले ग्रसित छन्। नेपालमा मानसिक स्वास्थ्यको क्षेत्रमा काम गर्ने विज्ञहरूका अनुसार कुल जनसंख्याको २ प्रतिशतमा गम्भीर मानसिक समस्या र २० प्रतिशतमा कुनै न कुनै प्रकारको मानसिक रोग भएको देखिन्छ।

विश्वमा भएका धेरै अनुसन्धानले के देखाउँछन् भने स्वास्थ्य परीक्षणका लागि आउने ४० प्रतिशत वयस्कमा कुनै न कुनै प्रकारको मानसिक समस्या हुन्छ। आर्थिक अवस्था कमजोर, शारीरिक रूपले अशक्त र सीमान्तकृत वर्गमा यो समस्या बढी देखिने गरेको छ। जनचेतनाको अभाव, गरिबी, असुरक्षा र जीवनप्रतिको निराशा यसका प्रमुख कारक तत्त्वको रूपमा रहेका छन्।

हाम्रो समाजमा मानसिक समस्या भएको व्यक्तिप्रति राखिने दृष्टिकोण गलत र फरक ढंगको छ। जनचेतनाको कमी वा यसप्रतिको बेवास्ताले गर्दा उपचारको पहल गर्नुको सट्टा मानिसहरू रोग लुकाउँछन्। किनकि, मानसिक रोगीलाई नकारात्मक दृष्टिकोणले हेरिन्छ।

मानसिक स्वास्थ्यबारेका सामाजिक भ्रम हटाउन र रोगबारे शिक्षा र चेतना अभिवृद्धि गर्ने उद्देश्यले हरेक वर्ष १० अक्टोबरमा विश्व मानसिक स्वास्थ्य दिवस मनाइन्छ। वर्ष २०२३ को विश्व मानसिक स्वास्थ दिवसको नारा 'मानसिक स्वास्थ्य : विश्वव्यापी मानव अधिकार' भन्ने तय भएको छ।

कारण

मानसिक रोगका विभिन्न कारण हुन्छन्। जीवनका विविध कालखण्डमा घटेका विभिन्न घटना र परिघटनाको परिणामस्वरूप मानसिक रोगको सुरुवात भएको हुन सक्छ। शारीरिक अथवा मेडिकल कारणले हुन्छ। एड्स, क्यान्सर, मिर्गौलासम्बन्धी रोगमा पनि शारीरिक लक्षणका अतिरिक्त मानसिक लक्षणहरू देखा पर्दछन्। वंशानुगत कारण पनि मानसिक रोग देखिन्छ। मनोविज्ञान र सामाजिक अवस्थामा आएका विभिन्न असरले गर्दा धेरै प्रकारका मानसिक समस्याको सुरुवात हुन्छ। बायोलोजिकल अथवा मस्तिष्कसँग सम्बन्धित विभिन्न प्रकारका मानसिक समस्याहरू जस्तो- डिमेन्सिया, सिजोफ्रेनिया, अटिजमजस्ता समस्यामा मस्तिष्क र जैविक सम्बन्धको बारेमा थुप्रै अनुसन्धान भएका छन्। कतिपय प्रश्न अझै अनुत्तरित भए तापनि मस्तिष्कको जैविक अवस्था, न्युरो ट्रान्समिटरसँग सम्बन्धित समस्याका कारण विभिन्न मानसिक समस्या सुरु हुने कुरा विभिन्न जर्नलले उल्लेख गरेका छन्।



रोकथाम र उपचार

आफूलाई जुन काम गर्दा पनि आत्मसन्तुष्टि प्राप्त हुन्छ, त्यो गर्नुहोस्, जस्तै- घुम्न जाने, साथीसँग समय बिताउने, परिवारसँग घुलमिल हुने। सकेसम्म नकारात्मक विचार मनमा आउन दिन हुँदैन। आफूलाई सकेसम्म व्यस्त राख्नुपर्छ। व्यस्त राख्न कुनै क्लब या सामाजिक संस्थामा आबद्ध हुनु राम्रो हुन्छ। वास्तविकताभन्दा बाहिरको कुरालाई ध्यान नदिनुहोस्, आफ्नो क्षमता र महत्त्वाकांक्षाको तुलना गर्नुहोस् र वास्तविकता महसुस गर्नुहोस्। समयमा सुत्ने र उठ्ने बानी बसाल्नुस्। ध्यान र प्राणायाम गर्नुहोस्। यसले मनलाई एकत्रित गर्न सहयोग गर्नुका साथै तपाईंमा आउने नकारात्मक विचारलाई बिस्तारै कम गराउँदै लैजान्छ। सन्तुलित भोजनमा ध्यान दिनुहोस् र रेडिमेड खानाको प्रयोग कम गर्नुहोस्।

'कालो अक्षर, रातो अक्षर' शैक्षिक विकृतिमाथि प्रहार



संविधानको धारा ३० (१) मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने भनिएको छ। सोही धाराको उपधारा २ मा भनिएको छ, 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।' तर, यो संवैधानिक व्यवस्था केवल कोरा नारा बनेको छ।

संविधानले अनिवार्य र निःशुल्क शिक्षा भने पनि शिक्षामाथि भइरहेको व्यापार, यही विषयलाई देखाएर भइरहने विद्यार्थी आन्दोलन र राजनीतिक नेतृत्वको दोहोरो चरित्रमा आधारित रहेको नाटक 'कालो अक्षर, रातो अक्षर' १७ असोजदेखि काठमाडौंको बत्तिसपुतलीस्थित शिल्पी थिएटरमा प्रदर्शन भइरहेको छ। २७ असोजसम्म यसको मञ्चन चल्नेछ।

नाटकका लेखक आरके रोमसले शैक्षिक विकृति र विद्यार्थी आन्दोलनसँगै उच्च शिक्षाका लागि बिदेसिने विद्यार्थीको कथा समेट्न खोजेको बताए। अनेरास्ववियुका अध्यक्ष समिक बडालको परिकल्पनामा बनेको नाटकको निर्देशन दिलीप खड्का र सहनिर्देशन खिलकुमार राईले गरेका हुन्। नाटकमा अनुप न्यौपाने, दीपेश काफ्ले, बालकृष्ण रिजाल, मिलन कार्की, योगिन राई, रेनुनाथ योगी, रमिला मोक्तान, संगीता थापा, सञ्जीव राई, सुजैन सिलवाल, सुदीप खड्का र शान्ता मोक्तानको अभिनय छ।

यस्तो बानीले राख्छ बच्चाको दाँत सफा



डा. सुवास घिमिरे
ओरल तथा म्याक्सिजोफेसियल सर्जन, ओम समाज डेन्टल हस्पिटल



● **नियमित दाँत माझ्ने** : बच्चालाई नियमित रूपमा कम्तीमा दुईपटक दाँत माझ्न लगाउनुपर्छ। फ्लोराइडयुक्त मञ्जन मात्रै प्रयोग गर्नुपर्छ। बच्चाले नरम खालेब्रस प्रयोग गर्नु राम्रो हुन्छ। जबसम्म बच्चाले राम्ररी दाँत माझ्न सिक्दैनन्, त्यतिवेलासम्म उनीहरूलाई अभिभावकले आफ्नो निगरानीमा राखेर दाँत माझ्न लगाउनुपर्छ। ६-७ वर्ष पुगेपछि उनीहरूले आफैं दाँत माझ्न सिक्छन्।

● **दैनिक कुल्ला गर्ने** : बच्चालाई दिनमा कम्तीमा एकपटक कुल्ला गर्न लगाउनुपर्छ। राम्ररी कुल्ला गर्दा दाँत र गिजामा अड्किएका खानाका टुक्राहरू बाहिर निस्कन्छन्। ब्रस नपुग्ने ठाउँ पनि सफा हुन्छ।

● **सन्तुलित आहार** : फलफूल, दूधजन्य पदार्थ, हरियो सागसब्जी, अन्नलगायत क्याल्सियमयुक्त खानपानले दाँत बलियो बनाउँछ। चिनी धेरै भएका खानेकुरा कम खानुपर्छ। बच्चालाई पनि बजारमा पाइने जंकफुड र गुलियो खानेकुराबाट टाढा राख्नुपर्छ। उनीहरूलाई पानी प्रशस्तै पिउन दिनुपर्छ।

● **चेकजाँच** : कम्तीमा ६ महिनामा एकपटक बच्चालाई दन्तचिकित्सककहाँ चेकजाँचका लागि लैजानुस्। दाँतसम्बन्धी समस्यालाई जति चाँडो पहिचान गर्न सक्यो, उति नै चाँडो उपचार सम्भव हुन्छ।

● **उदाहरण बन्नुस्** : बच्चाले आफ्ना आमा-बुबाबाट धेरै सिकिरहेका हुन्छन्। त्यसैले उनीहरूको राम्रो रोलमोडल बन्नुस्। दाँत सफा राख्ने विधिबारे उनीहरूलाई बुझाउनुस्। उनीहरूसँगै बसेर दाँत माझ्नुस्। यसले बच्चासँगको तपाईंको सम्बन्धलाई पनि थप सुदृढ राख्छ।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Hydrology and Meteorology
Babarmahal, Kathmandu

Invitation for sealed quotations/EOIs

Date of Publication: 2080/06/23

The Department of Hydrology and Meteorology invites the electronic Sealed Quotations/ Expression of Interest (EOI) only from eligible suppliers/consultants for following Procurements. The interested supplier/consultats may obtain further information and inspect the bidding documents at PPMO egp system www.bolpatra.gov.np/egp

S. N.	Name of Procurement	Bidding Procedure	Submission Deadline	Bid Security Amount	Bid Document fee
1	Supply, Delivery, Provisioning and Commissioning of Internet and Intranet (DHM/MFD/G/SQ/01-2080/81) (Re-invitation)	sealed quotations	2080/07/10, 12:00 Noon	NPR 30,000/-	NPR 1,000/-
2	Consultancy (ICT) services for regular maintenance AWS and data posting for hydro-meteorological disaster emergency warning. (DHM/MFD/C/EOI/09-2080/81)	Expression of Interest	2080/07/10, 12:00 Noon	-	-

अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) प्रकाशनको सूचना

यस **Best Wood Master Nepal** कम्पनीले **CHINA** बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्रि मूल्य **(MRP)** निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सि.नं.	मालबस्तुको बिवरण	आकार/प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पतिको मूलुक	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा इकाई मूल्य (MRP)	कै.
1	RANGE HOOD	NA	ALBA	HZ-0998	NA	CHINA	75	13812	13812	
2	RANGE HOOD	NA	ALBA	HZ-0975	NA	CHINA	75	15586	15586	
3	RANGE HOOD	NA	ALBA	HZ-1000BF	NA	CHINA	75	17064	17064	
4	RANGE HOOD	NA	ALBA	HZ-1000BF	NA	CHINA	55	17064	17064	
5	RANGE HOOD	NA		GALAXY 90	NA	CHINA	100	16557	16557	

Best Wood Master Nepal
Mahalaxmi Munacipality-7, Tikathali, Lalitpur

स्थायी लेखा नं. : **601616859**
फोन नं. : **9851088076**

Government of Nepal (GoN)
Ministry of Agriculture and Livestock Development
Department of Livestock Services

National Livestock Breeding Office, Pokhara

Lamapatan, Pokhara, Kaski

IFB No. **NLBO/2080-81/8**

Date of publication: **10 October 2023**

1. The ***National Livestock Breeding Office (NLBO) Pokhara*** invites electronic bids from eligible bidders for the procurement, supply and delivery of Feed Ingredients for feed mill, at time (from 2080/09/01 to 2081/08/30 BS as per the requirement), place (NLBO, Pokhara) and quantity as specified by NLBO under National Competitive Bidding procedures. The name and identification of the contract are as follows:

Contract ID No.	Name of Procurement	Estimated Cost NRs. Without VAT	Bid Security NRs	Document Fee NRs
NLBO/G/ NCB/2080-81/08	Supply and Delivery of Feed Ingredients	1,99,15,565.00	5,00,000/-	3,000/-

2. Eligible bidders may obtain further information at the office of ***NLBO, Pokhara, Tel 061-505389 and email nlbc.pokhara@gmail.com*** of this office.
3. Bidding Documents may be purchased electronically for e-submission from e-GP system *http://www.bolpatra.gov.np/egp/* upon payment of a non-refundable fee on or before **09 November 2023** and submit their bid electronically.
4. ***Information to deposit the cost of bidding document in Bank:***
   Name of the Bank: *Rastriya Banijya Bank* ***Account No.*** *1000200010000*
   Office Code no.: *312023902* ***Revenue Code No.:*** *14229*
5. Bids must be submitted electronically on or before *12:00 Noon on* **09 November 2023.** Documents received after this deadline shall not be accepted.
6. Pre-bid meeting shall be held at NLBO at 12:00 PM on 1 **November 2023.**
7. Bids shall be opened in the presence of bidder's representatives who choose to attend ***2:00 PM*** *on* **09 November 2023** at the office of ***NLBO, Pokhara***. Bids must be valid for a period of *90 days* counting from the day of bid opening and must be accompanied by bid security as mentioned above which shall be valid for minimum 30 days beyond the bid validity period i.e., total of 120 days from the day of bid opening.
8. If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in **Deposit Account No.:** 3020100102030000 of Treasury and Account Controller office, Kaski (Ko. Le. Ni. Ka. Kaski) **at** ***Rastriya Banijya Bank, Pokhara*** and submit the receipt of the deposited amount of cash along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid security validity shall be recognized with effect from the original bid submission deadline.
10. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063, Public Procurement Regulations-2064 and their amendments.
11. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

LUMBINI PROVINCIAL GOVERNMENT
MINISTRY OF HEALTH

Province Health Logistic Management Center, Butwal

INVITATION FOR ELECTRONIC BIDS

First date of publication: 23th Ashoj, 2080 (10th Oct, 2023)

1. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Province Health Logistic Management Center, Butwal, Rupandehi E-mail: info.phlmc@lumbini.gov.np, Phone: 071-530304, 547304,Website phlmc.p5.gov.np or may visit e-GP system www.bolpatra.gov.np/egp.
2. Bidding documents is available online and can be downloaded from e-GP system www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

Name of Bank :	Rastriya Banijya Bank, Butwal	**Office Code No :**	3700348015
Name of the Office :	Province Health Logistic Management Center, Province-5, Butwal, Rupandehi		
Office Account No :	1000100200010000	**Revenue Head No :**	14229

3. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting as per below Bank Voucher in the name of Province Health Logistic Management Center, Lumbini Province, Butwal, Rupandehi, **Dharauti Account No: 3120100202030000 (Rastriya Banijaya Bank, Butwal)**. The bid security shall be valid for minimum 30 days beyond the bid validity period **25 Falgun, 2080 (8th March, 2024)**
4. If the last date of the Bid submission and opening falls on a public holiday, then the next working day shall be considered as the last date. In such . case the bid validity and bid security validity shall recognized with effect from the original bid submission deadline.
5. The bid is in single package and tender will be evaluation in packagewise
6. The prebid meeting is held on Kartik 14 2080 (31 Oct 2023) at 11:30 at PHLMC Butwal.

Contract Identification No.	Description of Items	Cost of Bidding document (NRs)	Amount of Bid security (NRs)	Remarks
L/PHLMC/NCB/ GOODS-6/2080-081	Supply Delivery and installation of Lab Equipements	3000	115000	
L/PHLMC/NCB/ GOODS-7/2080-081	Supply Delivery and installation of Birthing Center Equipements	3000	115000	
L/PHLMC/NCB/ GOODS-8/2080-081	Supply Delivery and installation of X-Ray 100 MA with DR System	3000	115000	

लोकतन्त्रको शत्रु

जनताको सेवा गर्न भनेर चुनिएका प्रतिनिधि र योग्यता प्रणालीबाट छनोट भएका कर्मचारी जनताप्रति जिम्मेवार नभएसम्म 'चोरतन्त्र'को बिगबिगी कायमै रहन्छ



● मेघराज शंकर

अग्रलेख

'चोर सरकार' भन्दा सरकारलाई आक्रोशपूर्ण गाली गरेको जस्तो लाग्न सक्छ । देश र जनताको हित र कल्याणका लागि गठन भएको सरकार पनि चोर हुन सक्छ र भन्ने अनेक तर्क हुन सक्छन् । राजनीतिशास्त्रमा सरकारको खराब चरित्रलाई अर्थ्याउने विभिन्न सैद्धान्तिक अवधारणामध्ये चोरतन्त्र अर्थात् चोर सरकार पनि एक हो । लोकतन्त्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हुने चोरतन्त्रका प्रयासलाई पहिचान गरेर निस्तेज पार्न सकिएन भने लोकतन्त्र नै खतरामा पर्न सक्छ । त्यसैले चोरतन्त्रको बुझाइ, विशेषता र यसको दीर्घकालीन असरबारे विमर्श गर्नु आवश्यक छ ।

फ्रान्सेली राजनीतिज्ञ एवं दार्शनिक प्रुँधोले भनेका छन्- चोरतन्त्र भनेको चोरहरूले सरकार चलाउने मात्र होइन, चोरी कार्यलाई संस्थागत गर्ने प्रणाली पनि हो । अमेरिकी राजनीतिशास्त्री क्यारेन दाबिसाले ले सन् २०१४ मा लेखेको 'पुटिनको चोरतन्त्र' भन्ने पुस्तकमा राज्यको उच्च तहमा बसेर लुट्नेहरूका लागि पूर्ण दण्डहीनताको अवस्था भएको र व्यापक भ्रष्टाचारमा राज्य प्रमुखहरूकै संलग्नता हुने व्यवस्था नै चोरतन्त्र हो भनेर उल्लेख गरेकी छिन् । उनले यसलाई 'थिफ-इन-चिफ' अर्थात् चोरका सरदारहरूको संज्ञा दिएकी छिन् । अमेरिकी पत्रकार तथा राजनीतिक सल्लाहकार सेरा सेसले 'थिभ्ज अफ स्टेट : ह्वाई करप्सन थ्रिटेन्ड ग्लोबल सेक्युरिटी' अर्थात् राज्यका चोरहरू भन्ने पुस्तकमा सिरिया, इराक र अफगानिस्तानमा अतिवादले कसरी भ्रष्टाचारलाई बढवा दियो र व्यापक भ्रष्टाचारले कसरी अमेरिकी विदेश नीतिलाई समेत प्रभाव पारेको छ भन्ने तथ्य उल्लेख गरेकी छिन् ।

देशको विकास तथा नागरिकको हित र कल्याणका लागि जनताको करबाट प्राप्त सरकारी कोषको रकमलाई व्यक्तिगत हितमा प्रयोग गर्नु वा व्यक्तिगत लाभ हुने गरी लगानी गर्नु भनेकै चोरतान्त्रिक गतिविधिमा संलग्न हुनु हो । यसमा संलग्न हुनेले दुईवटा तरिका अपनाउँछन् । पहिलो हो, चोर्ने । सरकारी कोषमा जम्मा भएको सम्पत्ति कमिसनका माध्यमबाट भरसक थाहा नपाउने गरी व्यक्तिका नाममा पार्ने । दोस्रो हो, लुट्ने । जनताको खल्तीमा भएको पैसा अनेक प्रलोभन, डर, त्रास तथा धम्की देखाएर आफ्नो बनाउने । जस्तै, नक्कली भुटानी शरणार्थीकाण्ड, शून्य लागतमा वैदेशिक रोजगारीमा पठाउने भनेर निजी कम्पनीले लाखौँ रकम उठाउने, विभिन्न सेवा प्रदायक निकायमा सेवा दिएबापत जनताबाट घुस लिने कार्य यसका उदाहरण हुन् । विश्वका धेरै देशमा यसप्रकारका गतिविधिले समाज र अर्थतन्त्रलाई संकटमा पारेको छ ।

काजिकस्तानका पूर्वराष्ट्रपतिकी छोरी डारिगा नजरबाएभा आफ्ना बाबुको सहयोगमा उपप्रधानमन्त्री हुँदै संसद्को सभामुखसम्म भइन् । सन् २०१२ मा उनी काजिकस्तानका ५० धनी व्यक्तिमध्ये १३औँ स्थानमा थिइन् । देशका ठूला रेडियो तथा टेलिभिजन मिडिया हाउस उनकै स्वामित्वमा थिए । उनी र उनका छोराले लन्डनमा अपार्टमेन्ट खरिद गर्दा ब्रिटिस अदालतमा सम्पत्तिको स्रोतबारे छानबिन हुँदा सो रकम कम्पनीको आम्दानीबाट प्राप्त भएको भन्ने फैसला भएको थियो । तर, आमबुझाइमा उनले बाबु राष्ट्रपति हुँदा अनुचित फाइदा लिएर नै सो सम्पत्ति जोड्न सफल भइन् भन्ने गरिन्छ । त्यस्तै, सन् १९८७ देखि सन् २०१० सम्म ट्युनिसियाका राष्ट्रपतिले राष्ट्रिय पुँजीपति संरक्षणका नाममा कुनै पनि विदेशी कम्पनीलाई मुलुकभित्र लगानी गर्न दिएनन् । आफू र आफ्नो परिवारको स्वामित्वमा रहेका झन्डै २२० फर्मलाई मात्र एकाधिकार संरक्षण गरेर कम्पनीले कमाएको अकुत मुनाफा उनको निजी खल्तीमै थुप्रिन पुग्दा देशको अर्थतन्त्र जर्जर अवस्थामा पुगेको थियो । सन् २००९ मा मलेसिया सरकारले मुलुकको आर्थिक विकासलाई द्रुत गतिमा अगाडि बढाउने उद्देश्यका साथ तत्कालीन प्रधानमन्त्री नाजिव रजकको अध्यक्षतामा 'वान मलेसिया डेभलपमेन्ट बरहाड' (वानएमडिबी) नामक विकास कोष स्थापना गरेको थियो । उक्त कोषको चार अर्ब डलरभन्दा बढी रकम हिनामिना भएको र झन्डै ७० लाख डलर प्रधानमन्त्रीको व्यक्तिगत खातामा जम्मा भएको पाइएको थियो । यसरी सरकार प्रमुखले नै सरकारी रकम लुटेर चोरतन्त्र मच्चाएका धेरै उदाहरण छन् ।

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक भए पनि चोरतन्त्रको खतराबाट मुक्त हुन सकेको छैन । सरकारको नेतृत्व गर्ने प्रधानमन्त्री र मन्त्रीहरूकै अगुवाइमा सरकारी जग्गा व्यक्तिका नाममा कायम गर्ने, सरकारी सम्पत्ति सरकारलाई घाटा हुने गरी भाडामा दिने तथा गैरकानुनी तथा आपराधिक क्रियाकलापमा संलग्न हुने गरेका घटनाले समेत चोरतन्त्रको भय बढ्दै गएको संकेत गरेको छ । मन्त्रिपरिषद्कै निर्णयमा बालुवाटारको ११३ रोपनी सरकारी जग्गा हिनामिना भई तत्कालीन प्रधानमन्त्री र मन्त्रिपरिषद् सदस्यमाथि छानबिन भएको र हालै मात्र सुनकाण्डमा सरकारका उच्च तहका नेता तथा पूर्वमन्त्रीहरूसँग तस्करको हिमचिम रहेको विषयमा सम्बन्धित निकायबाट अनुसन्धान भइरहेको छ । मुलुकमा चोरी तस्करी नियन्त्रण गर्ने र शान्ति सुव्यवस्था कायम गर्न जिम्मेवार गृह मन्त्रालयकै तत्कालीन मन्त्री, सचिव, मन्त्रीका सल्लाहकार र मन्त्रीका परिवार सदस्य नै



नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने आपराधिक कार्यमा दोषी ठहर भएको परिघटना चोरतन्त्रको झल्को दिने ज्वलन्त उदाहरण हो । यसका साथै सरकारको नीतिगत निर्णयमा कानुन संशोधन गरेर नेपाल ट्रस्टका नाममा रहेको गोकर्ण फरेस्ट रिसोर्टको दुई हजार नौ सय ७१ रोपनी जग्गा सरकारलाई नै घाटा हुने गरी यती समूहलाई अति सस्तो मूल्यमा लिजमा दिएको, वाइडबडी विमान खरिद प्रकरण, कोरोना महामारी नियन्त्रणका लागि आवश्यक स्वास्थ्य सामग्री खरिदमा घोटाला गरेको, भूकम्पको वेला जस्तापाता खरिदमा अनियमितता भएको जस्ता विषयले पनि निकै चर्चा पाइरहेकै छन् । यसरी हेर्दा सरकारी सम्पत्ति तथा राज्यकोषलाई व्यक्तिगत स्वार्थमा उपयोग गर्ने कार्य शासनसत्तामा बस्नेहरूकै अग्रसरता तथा संलग्नतामा भएको देखिन्छ ।

नीति फाउन्डेसन नामक संस्थाले गरेको एक अध्ययनअनुसार चोरतान्त्रिक गतिविधिमा मुलुकको सार्वजनिक तथा निजी क्षेत्र, राजनीतिक पार्टी, दलाल र आपराधिक समूहको संलग्नता छ । यसप्रकारको सञ्जालबाट मुख्यतया तीनवटा काम हुने गर्छन् । पहिलो, सरकारी निकायका सम्बन्धित ठाउँमा निर्वाचन तथा नियुक्तिका माध्यमबाट अनुकूल व्यक्तिलाई पुऱ्याउने र नीतिगत तहमै प्रभाव पार्ने । दोस्रो, सेटिङ मिलाई कानुनी आधार देखाएर सरकारी कोष तथा सार्वजनिक सम्पत्ति व्यक्तिको हातमा पुऱ्याउने । तेस्रो, यस्तो कार्य गरेबापत कारबाही नहुने अर्थात् दण्डहीनताको वातावरण सिर्जना गर्ने । विभिन्न सरकारी निकाय, संस्थान, बोर्ड, नियामक संस्था र तिनका सञ्चालक समितिमा स्वार्थ बाझिने व्यक्तिहरू नियुक्त हुने गरेका छन् । कतिपय संसदीय समितिमा समेत स्वार्थ बाझिने व्यक्ति चुनिएको भनी आरोप-प्रत्यारोप पनि नभएका होइनन् । कानुन तर्जुमा गर्दा तथा कार्यान्वयन गर्दा उनीहरूले सार्वजनिक हितभन्दा पनि निजी स्वार्थलाई नै प्राथमिकता दिने हुँदा सार्वजनिक सम्पत्ति सहजै व्यक्तिको हातमा पुग्ने अवस्था रहन्छ । काजिकस्तान र ट्युनिसियाका शासकले सरकारी सम्पत्ति चोरेर कालोधनलाई सेतो बनाएजस्तै नेपालमा राज्यका पहुँचवाला व्यक्तिका नाममा खोलिएका कम्पनीलाई अनुचित कर छुट दिने तथा अनुदान दिने गरेर व्यक्तिका हातमा पुगेको राज्यको सम्पत्तिलाई वैध बनाउने प्रयास हुने गरेको छ । हाल चर्चामा रहेको एनसेल करछली र कर फर्स्योट प्रकरण यस प्रवृत्तिको एउटा सानो उदाहरण मात्र हो । यसका साथै महँगो चुनाव प्रणालीले पनि चोरतन्त्रलाई मलजल गर्न सहयोग गरेको देखिन्छ ।

> सरकारको नेतृत्व गर्ने प्रधानमन्त्री र मन्त्रीहरूकै अगुवाइमा सरकारी जग्गा व्यक्तिका नाममा कायम गर्ने, सरकारी सम्पत्ति सरकारलाई घाटा हुने गरी भाडामा दिने तथा गैरकानुनी एवं आपराधिक क्रियाकलापमा संलग्न हुने गरेका घटनाले चोरतन्त्रको भय बढ्दै गएको संकेत गरेका छन्

करोडौँ खर्च गरेर चुनाव जित्ने र चुनाव जितिसकेपछि भ्रष्टाचार गरेर सो खर्च पुर्ताल गर्ने तथा अर्को चुनाव जित्न उसरी नै भ्रष्टाचार गरेर कमाउने प्रवृत्ति हाम्रो चुनाव प्रणालीको चरित्रजस्तै भएको छ । एकजना बहालवाला मन्त्रीले व्यवसायीसँग करोडौँ रुपैँयाको बार्गेनिङ गरेको प्रमाण सार्वजनिक भएपछि पदबाटै राजीनामा दिनुपरेको र त्यस्तै अर्का एक सांसदले मन्त्री बन्न पार्टीको कोर टिमलाई बुझाउनुपर्ने भन्दै व्यवसायीसँग करोडौँ रकम माग गरेका कारण सांसद पद नै गुमेको विषय सतहमा आएका प्रतिनिधिमूलक घटना मात्र हुन् । चुनाव र भ्रष्टाचारबीचको यस प्रकारको चक्रीय प्रणाली सार्वजनिक सम्पत्ति चोर्ने माध्यम बनेको छ भन्दा अतिशयोक्ति नहोला । कतिपय उच्चपदस्थ कर्मचारीले चाहेको पदमा नियुक्त हुन राजतीतिक पार्टी र उसका नेताहरूलाई रिझाउन सरकारी सम्पत्ति चोरेर मोटो रकम बुझाउने गरेको चर्चा पनि नौलो होइन । नक्कली भुटानी शरणार्थी काण्डमा तत्कालीन गृहसचिवको भूमिका प्रतिनिधि घटना मात्र हो । कुनै अमुक पार्टीका नेताको सेटिङमा पदमा पुग्ने र गैरकानुनी तवरले रकम उठाएर आफू खाने र नेतालाई पनि बुझाउने कार्यमा कर्मचारीतन्त्रमा एउटा निश्चित पहुँचवाला समूहभित्र प्रतिस्तपर्धा नै हुनेगरेको छ । यस प्रकारको कार्यमा अप्रत्यक्ष रूपमा कतिपय निजी क्षेत्रका व्यापारी र दलालहरूले पनि सहयोग गरेका हुन्छन् । यसरी सहयोग गरेबापत सो पदमा पुग्ने कर्मचारी तथा नेताले उनीहरूलाई करछलीमा सहयोग गर्ने वा अन्य गैरकानुनी तवरले कमाउने धन्दामा सहयोग गर्ने गर्छन् । यो सरकारी सम्पत्ति चोरी गर्ने भरपर्दो शैली बनेको छ ।

त्यसैले, राजनीतिक पार्टीका नेताहरूको जीवनशैलीप्रति जनताले प्रश्न गर्ने गरेका छन् । सत्ता र सरकारमा नआउँदासम्म सय रुपैयाँको चप्पल लगाएर हिँड्ने आर्थिक हैसियत भएका नेताको सरकारमा गएपछि करोडौँ मूल्यको धनसम्पत्ति कहाँबाट आयो ? व्यापार, व्यवसाय तथा अन्य आयस्रोत कहीँ कतै देखिँदैन, तर अस्वाभाविक सम्पत्ति कसरी आयो ? सरकारको तलब खाने केही कर्मचारीले करोडौँ मूल्यबराबरको सम्पत्ति कसरी जोडे होलान् ? एकाध व्यक्तिहरूले पुर्ख्यौली सम्पत्ति वा सानो लगानीबाट प्राप्त मुनाफाबाट कमाएको विषय अपवाद हुन सक्ला, तर अधिकांशको हकमा भने सरकारी सम्पत्ति चोरी गरेर मात्र यो अवस्थामा पुग्न सम्भव छ । यस्तो विषय नियमनकारी निकाय वा अदालतले प्रमाण जुटाउन नसकेर वा शक्तिको प्रभावमा परेर सफाइ दिँदैमा जनताको नजरमा सही साबित हुने र सरकारी सम्पत्तिको क्षति तत्काल पूर्ति भइहाल्ने विषय होइन । यो त विकास, सुशासन तथा राष्ट्रिय प्रतिष्ठा र लोकतान्त्रिक मूल्य-मान्यतामा दीर्घकालीन हानि गर्ने चोरतान्त्रिक पद्धतिको अभ्यास हो ।

चोरतन्त्र लोकतन्त्रको शत्रु हो । चोरतन्त्रको अन्त्य नभएसम्म लोकतान्त्रिक व्यवस्थाको प्रतिफल जनताले प्राप्त गर्ने अवस्था रहँदैन । जनताको सेवा गर्न भनेर चुनिएका प्रतिनिधि र योग्यता प्रणालीबाट छनोट भएका कर्मचारी जनताप्रति जिम्मेवार नभएसम्म चोरतन्त्रको बिगबिगी कायमै रहन्छ ।

---

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **खेमराज नेपाल**लाई



स्थानीय तहका कर्मचारीको आन्दोलनलाई कसरी हेर्नुभएको छ ?

जतिखेर देश संघीयतामा गयो र कर्मचारी समायोजन गरेर प्रदेश र स्थानीय तहमा पठाइयो, त्यसको अर्को वर्षमै सरकारले नयाँ ऐन ल्याएर त्यसलाई व्यवस्थित गर्न सक्नुपर्थ्यो । तर, निकै ढिलो अर्थात् अहिलेसम्म सरकारले त्यस्तो ऐन ल्याउन सकेको छैन । सुरुमा समायोजनमा पठाउँदा सबैले संघीयतामा यस्तै हो भनेर चित्त बुझाएका थिए । संघीय सरकारको ढिलाइले गर्दा सबैले माथापच्ची गर्ने मौका पाए । त्यसैको प्रतिफल हो, अहिलेको स्थानीय तहका कर्मचारीको आन्दोलन ।

उनीहरूले यसरी आन्दोलित हुनुपर्ने अवस्था कसरी आयो ?

यसको मुख्य कारण समयमै ऐन नआउनु नै हो । फेरि काठमाडौं गएर माइतीघर मण्डलमा उभिएर आन्दोलन गरेपछि सरकारलाई झुकाउन सकिन्छ भन्ने प्रभाव सबैमा परेको छ । मिटरब्याजीविरुद्धको आन्दोलन होस् या शिक्षक आन्दोलन, उखु किसानको आन्दोलन होस् या अन्य कुनै पनि आन्दोलन, सबैले त्यही प्रभाव छाडेका छन् । माइतीघरमा उभिएर कराएपछि सरकारले हाम्रो माग सुन्छ भन्ने बुझाइले गर्दा पनि अहिलेको यो आन्दोलन भइरहेको हो ।

यस्तो आन्दोलनको समाधान के हो त ?

यसको समाधान चाहने हो भने सरकारले सबैभन्दा पहिले कर्मचारी समायोजन र तिनको व्यवस्थापनबारे प्रस्ट 'पोलिसी' सार्वजनिक गर्नुपर्छ । करार र अस्थायी कति वर्षका लागि हो र कति वर्षपछि स्थायीको प्रक्रियामा जाने हो भन्ने प्रस्ट गर्नुपर्छ । हिजो, कार्यकर्तालाई जागिर दिन सबैलाई आआफ्नो प्रभाव क्षेत्रमा करारमा ल्याउन सजिलो भयो । आज तिनीहरू नै आन्दोलनको मोर्चामा उभिएका छन् ।

प्रेरक प्रसंग

मैलो र दुर्गन्धित कपडा

जापानको ओसाका सहरनजिकैको गाउँमा एक बौद्ध भिक्षु बस्थे । उनको ख्याति पूरै देशभर फैलिएको थियो । टाढाटाढाबाट मानिस उनीसित भेटघाट गर्न र आफ्ना समस्याको समाधान खोज्न आउने गर्थे ।

एक दिनको कुरा हो, भिक्षु आफ्ना एक अनुयायीका साथ प्रातकालीन भ्रमण गर्दै थिए । अचानक गाउँका एक व्यक्ति नजिक आएर भिक्षुलाई चर्को गालीगलोज गर्न थाले । उनले जानेजति अपशब्द प्रयोग गर्दै भिक्षुलाई गाली गरिरहे । तर, भिक्षु भने उनको कुरा सुन्दै नसुनेजस्तो गरी मुस्कुराउँदै बिहानी भ्रमणको मजा लिँदै हिँडिरहे । भिक्षुको यस्तो चाला देख्दा ती गाउँले झनै आक्रोशित बने र भिक्षुका पुर्खालाई समेत जोडेर गालीगलोज गर्न थाले । तैपनि, भिक्षु शान्तभावले मुस्कुराउँदै अघि बढिरहे । भिक्षुमाथि आफ्नो गालीको कुनै प्रभाव नपरेको देखेर ती गाउँले निराश भए र आफैँ भिक्षुको बाटोबाट हटे ।

भिक्षुको त्यस्तो चाला देखेर उनका अनुयायीले अचम्म मान्दै सोधे- गुरुदेव, त्यस दुष्ट मानिसले हजुरलाई त्यति नराम्रो भन्दा पनि किन जवाफ दिनुभएन ? झन् हजुर त उल्टै मुस्कुराइरहनुभयो । के हजुरलाई उसको भनाइले कुनै कष्ट भएन ? भिक्षु केही बोलेनन् । उनले अनुयायीलाई आफ्नो पछाडि आउन इसारा गरे । केहीबेर हिँडेपछि उनीहरू भिक्षुको कुटीमा पुगे । अनुयायीलाई बाहिरै छाडेर भिक्षु कुटीभित्र पसे । केहीबेरपछि भिक्षु एउटा मैलो र थोत्रो लुगा लिएर बाहिर निस्किए र सो कपडा तिनै अनुयायीलाई दिँदै भने- ल, आफ्नो लुगा फुकालेर यो लुगा लगाऊ त तिमी ।

लुगाबाट अनौठो दुर्गन्ध आइरहेको थियो । त्यसैले, अनुयायीले भिक्षुको हातबाट कपडा लिनासाथ टाढा फ्याँकिदिए । भिक्षुले भने- के भयो ? तिमी यो मैलो लुगा लगाउन सक्दैनौ, होइन त ? हो, ठीक यसैगरी म पनि ती गाउँलेले दिएका अपशब्द कसरी धारण गर्न सक्छु त ? यति याद राख, कसैले तिमीलाई नराम्रो भन्दैमा तिमी क्रोधित हुन्छौ भने तिमी सफा लुगा फुकालेर पुराना, थोत्रा, मैला र दुर्गन्धित लुगा लगाइरहेका हुन्छौ ।

अमेरिकी आदिवासी दिवसमा 'स्काल्पिङ'को स्मृति

मिहीन ढंगबाट जाँच गर्दा आदिवासीमाथि गरिएको क्रूरताको विरासतलाई अमेरिकी संस्कृतिले निरन्तरता दिइरहेको छ



देश / विदेश

● क्रिस्टोफ स्ट्रोबेल


अमेरिकाले ९ अक्टोबरका दिन तेस्रोपटक कोलम्बस दिवस र आदिवासी दिवस मनाइरहेको छ । सन् २०२१ मा बाइडेन प्रशासनले अक्टोबरको दोस्रो सोमबार आदिवासी दिवस मनाउने घोषणा गरेको थियो । एक औपनिवेशिक-आदिवासी सम्बन्धको अध्येताका नाताले मूल निवासी अमेरिकीको इतिहास र अस्तित्वलाई स्विकार्दै आदिवासी दिवसलाई आधिकारिक रूपमा मान्यता दिनु महत्त्वपूर्ण हो । आदिवासी दिवस र कोलम्बस दिवसले हामीलाई उत्तरी अमेरिकामा आदिवासी समुदायले सामना गरेको हिंसात्मक इतिहासको स्मृति गराउँछ ।

अमेरिकाको न्यु इङ्ल्यान्ड क्षेत्रको मेरो अनुसन्धानले यस क्षेत्रको उपनिवेशीकरणमा मूल निवासी अमेरिकीविरुद्ध उपनिवेशकको युद्धले खेलेको महत्त्वपूर्ण भूमिकाको जाँच गरेको छ । यी युद्धमा प्रायः मूल निवासी अमेरिकी महिला र बालबालिका तारो बन्थे । त्यसवेला उपनिवेशक र स्थानीय सरकार मूल निवासीको शिरको छाला निकालेर ल्याउने अर्थात् 'स्काल्पिङ' गर्नेलाई इनाम अर्थात् 'स्काल्प बाउन्टी' दिने गर्थे ।

स्काल्पिङको इतिहास : स्काल्पिङ भनेको चक्कु वा अन्य विधि प्रयोग गरेर बलपूर्वक कपालसहित मानव टाउकाको छाला हिंस्रक ढंगले हटाउनु हो । यो मृतक र जीवित दुवैमा हुने गर्थ्यो । इतिहासका विभिन्न कालखण्डमा स्काल्पिङ जनतालाई आतंकित बनाउने रणनीतिक रूपमा प्रयोग गरिन्थ्यो । मूल अमेरिकीले पनि सन् १६०० को दशकमा गोरा उपनिवेशकको स्काल्पिङ गरेका थिए । यो अभ्यास मूल अमेरिकीको प्रायः लोकप्रिय संस्कृतिमा चित्रण भएको देख्न सकिन्छ । उत्तरी अमेरिकाका धेरै आदिवासी संस्कृतिमा स्काल्पिङलाई मानव ट्रफीका रूपमा अभ्यास गरिन्थ्यो (मानव शरीरका अंगलाई युद्धको जितको प्रतीकका रूपमा प्रदर्शन गर्नुलाई मानव ट्रफी भनिन्छ) । टाउकाको छालालाई युद्धको समयमा सैन्य पराक्रम प्रदर्शनका रूपमा वा औपचारिक उद्देश्यका लागि लिइन्थ्यो ।

प्रत्यक्षदर्शी अनुभवका अभिलेख, इतिहास र अमेरिकी पश्चिमाबारे बनेका कला र लोकप्रिय चलचित्रले पनि स्काल्पिङ एक विशिष्ट आदिवासी अभ्यास हो भन्ने गलत भाष्य प्रस्तुत गर्छन् । आदिवासीविरुद्ध श्वेत उपनिवेशकले गरेको स्काल्पिङको व्यापक उपयोग अपेक्षाकृत रूपमा कम सुनिएका र बुझिएका छन् । वास्तवमा मूल निवासी अमेरिकीविरुद्ध स्काल्पिङको अभ्यासलाई उपनिवेशकले बढाएको हुन सक्ने देखिन्छ । विभिन्न युरोपेली अमेरिकी उपनिवेशकले कम्तीमा १७औँ शताब्दीदेखि १९औँ शताब्दीसम्म मूल निवासी अमेरिकीलाई स्काल्पिङ गर्थे । कसैले मूल निवासी अमेरिकीलाई मारेको प्रमाणका रूपमा स्काल्पिङलाई अघि सार्थे । धेरै उत्तर अमेरिकी औपनिवेशिक शक्ति अर्थात् बेलायतीदेखि स्पेनी साम्राज्यले मूल निवासी अमेरिकीको छाला नभएका खोपडी ल्याउनेलाई पुरस्कार दिन्थे ।

स्काल्पिङ गरेबापतको पुरस्कारको प्रचलन : अहिलेको अमेरिकामा पर्ने उपनिवेश, क्षेत्र र राज्यमा १७औँ शताब्दीदेखि १९औँ शताब्दीसम्म व्यापक रूपमा स्काल्पिङ गरेबापत पुरस्कार अर्थात् स्काल्प बाउन्टी दिइने गरिन्थ्यो । न्यू इङ्ल्यान्डका औपनिवेशिक सरकारले सन् १६८० देखि १७५० सम्म सामान्यतया उपनिवेशी र मूल अमेरिकीबीचको विभिन्न द्वन्द्वमा ६० भन्दा बढी स्काल्प बाउन्टी दिएको थियो । न्यू इङ्ल्यान्ड उपनिवेशमा सन् १७०० ताका म्यासाचुसेट्समा स्काल्प बाउन्टी अधिक चलेको थियो । म्यासाचुसेट्सका लेफ्टिनेन्ट गभर्नरले सन् १७७५ मा सबैभन्दा कुख्यात स्काल्प बाउन्टीमध्ये एक घोषणा गरेका थिए । 'स्पेन्सर फिप्स प्रोक्लेमेसन अफ १७७५' भनिने यस घोषणाले यो बाउन्टीको क्रूर प्रणालीले कसरी काम गर्थ्यो भन्ने झल्को दिन्छ । '१२ वर्षमुनिका त्यस्ता महिला इन्डियन (आदिवासी) वा पुरुष इन्डियनको प्रत्येक टाउकाको छालालाई हत्याको प्रमाणका रूपमा ल्याउनेलाई..., १० पाउन्ड पुरस्कार' घोषणामा उल्लेख छ । यो



तस्बिर : डिजिटल भिजन भेक्टर्स

पुरस्कार राशिलाई अहिलेको समयमा हेर्ने हो भने १२ हजार डलरभन्दा बढी पर्न आउँछ । औपनिवेशिक युगमा यस्तो हिंसालाई मूल निवासी अमेरिकीविरोधी भावना र उपनिवेशवादीमाझ रहेको नश्लीय श्रेष्ठताको भावनाले सामान्य बनाइदिएको थियो । र, यो हिंसात्मक प्रवृत्ति लामो समयसम चलिरह्यो । धेरै इतिहासकारले औँल्याएझैँ सन् १८४६ मा क्यालिफोर्निया विजयमा मूल निवासी अमेरिकीविरुद्धको हिंसा र स्काल्पिङले पनि महत्त्वपूर्ण भूमिका खेलेको थियो । सन् १८०० ताका क्यालिफोर्नियालाई 'हत्यारा राज्य'को संज्ञा दिइएको थियो किनभने गोरा उपनिवेशकले मूल अमेरिकी भूमिमा कब्जा जमाउँदा स्काल्पिङ र आमहत्यालगायत अत्याचार गरेका थिए । आमहत्यालाई सरकार र व्यापारिक बाउन्टी (पुरस्कार)ले समर्थन गरेको थियो । आजको मापदण्डअनुसार आदिवासी महिला र बालबालिकालाई तारो बनाइएको विषय नरसंहार हुन्थ्यो ।

स्मृति र हिंसा : शताब्दीयौँपछि क्यालिफोर्निया र म्यासाचुसेट्सले यी अँध्यारो इतिहासलाई लिएर फरक प्रतिक्रिया दिएका छन् । क्यालिफोर्नियाले राज्यमा आदिवासीविरुद्धको हिंसा 'ऐतिहासिक गल्ती' स्विकारेको छ । सन् २०१९ मा गभर्नर गेभिन न्युसमले क्यालिफोर्नियाका मूल निवासी अमेरिकीसँगको ऐतिहासिक सम्बन्धको अनुसन्धान गर्न सत्य एवं मेलमिलाप परिषद् स्थापना गरेका थिए ।

म्यासाचुसेट्समा राज्यका अधिकारी सामान्यतया यस विषयमा मौन छन् । म्यासाचुसेट्सले पूरै मुलुक अमेरिकाको प्रतिबिम्बित गर्छ । तथापि, यहाँ चार्ली बेकरको कार्यकालमा विद्यालयमा नरसंहार शिक्षामा विशेष ध्यान दिइएको छ ।

स्काल्पिङको विरासत : हिंसा र स्काल्पिङको विरासतले गहिरो गरी जरा गाडेको छ र आज अमेरिकी समाजका धेरै हिस्सामा यसलाई देख्न सकिन्छ । उदाहरणका लागि लभवेल, मेइन, स्पेन्सर, मासलगायत समुदायका नाम स्काल्प बाउन्टी सिकारीका नामबाट राखिएका हुन् । स्थानीय प्रायः यी नामपछाडिको इतिहासबारे सचेत छैनन् । त्यस्ता सहरका नाम र नामसँग जोडिएको हिंसाको इतिहास प्रायः लुकाइन्छ । मिहीन ढंगबाट जाँच गर्दा आदिवासीमाथि गरिएको क्रूरताको विरासतलाई अमेरिकी संस्कृतिले निरन्तरता दिइरहेको छ । यी क्रूरतालाई पाँच शताब्दी पुरानो युरो-अमेरिकी उपनिवेशकको लेखनीदेखि अमेरिकी साहित्य, लोकप्रिय खेलकुद मस्कट र राज्य एवं सहरको छापसम्म देख्न सकिन्छ ।

(स्ट्रोबेल युमास लोबेल इतिहासका प्राध्यापक एवं इतिहास विभागका प्रमुख हुन्)

द कन्भर्सेसनबाट

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नेपालीको तत्काल उद्धार गर

इजरायलमा भएको हमासको आक्रमणमा १० नेपालीले ज्यान गुमाएको समाचार पढ्नुपर्दा ज्यादै दुःख लाग्यो । विशेषगरी काम र उच्च शिक्षाका लागि उता पुगेका नेपाली युवाले ज्यान गुमाएको समाचारले हामी सबैलाई शोकमा डुबाएको छ । सरकारले घटनामा परी ज्यान गुमाएका नेपालीको शव नेपाल ल्याउन तथा घाइतेको उपचार र बचेका सबै नेपालीको स्वदेश फिर्तीको तत्काल भरपर्दो व्यवस्था मिलाउनुपर्छ । नेपाली नागरिक जहाँसुकै पुगेको वेला दुःखमा परे पनि तिनलाई सहयोग गरी उद्धार गर्नु नेपाल सरकारको दायित्व हो । सरकारले आफ्नो दायित्व छिटो पूरा गरोस् ।

● **सुनयना केसी**, कोटेश्वर, काठमाडौं

महानगरको राम्रो प्रयास

काठमाडौं महानगरले आफ्नो क्षेत्रभित्रका फुटपाथ व्यवस्थित बनाउने अभियान सुरु गरेको र त्यसका लागि दुई अर्बभन्दा बढी खर्च गर्न लागेको समाचार पढ्दा खुसी लाग्यो । अब फुटपाथ व्यवस्थापनसँगै महानगरले अर्को एउटा काम पनि गर्नुपर्छ । खासगरी, राजधानी काठमाडौंका बासिन्दामा फुटपाथ प्रयोगको 'कल्चर निकै कमजोर छ । उनीहरू फराकिलो र खाली फुटपाथ हुँदाहुँदै पनि सडकबाट हिँडिरहेका हुन्छन् । मर्निङवाकमा निस्कनेले फुटपाथ देख्दै देख्दैनन् । उनीहरूलाई फुटपाथ प्रयोगबारे प्रशिक्षण दिने कार्यलाई पनि महानगरले अघि बढाउनुपऱ्यो ।

● **पूर्णिका मरासिनी**, शान्तिनगर, काठमाडौं

चन्दननाथ माविले गल्ती गऱ्यो

जुम्लाको चन्दननाथ माविले १२ जना छात्रछात्रालाई निष्कासन गरेको समाचार पढेपछि केही लेख्न मन लाग्यो । चन्दननाथ माविले खेल भावनाको सम्मान गर्दै प्रतियोगितामा सहभागी हुने छात्रछात्रालाई होइन, खेल भावनाविपरीत हार्ने अवस्था आएपछि रेफ्रीले धाँदली गरेको भन्दै खेल बहिष्कार गर्ने र छात्रछात्रालाई खेल्नबाट रोक्ने विद्यालय प्रशासन र प्रधानाध्यापक टंकबहादुर महतलाई चाहिँ कारबाही गर्नुपर्छ । प्रतियोगितामा हार या जित स्वाभाविक हो । खेल भावनाअनुरूप स्वच्छ र स्वस्थ प्रतिस्पर्धा गर्नु सबैको दायित्व हो । यसलाई भुल्नु हुँदैन ।

● **बलराम सिजापति** कौशलटार, भक्तपुर

राजनीति पेसा हो कि सेवा ?

राजनीति कुनै व्यवसाय होइन, समाजसेवा हो । नेताले यो यथार्थ नबुझ्दा समस्या आएको हो । सेवा-सुविधाजति नेतालाई चाहिने, तलब, भत्ता र कमिसन पनि नेतालाई नै चाहिने अनि देशको आर्थिक पाटोमा कहाँबाट सुधार आउला ? देशको विकास कसरी होला ? राजनीतिक दलका नेताले राजनीतिलाई व्यवसाय बनाए । नीति निर्माणमा कोही लागेनन् । त्यसकारण देशको अवस्था नाजुक बन्दै गयो । देशभित्र आम्दानीको स्रोत बढाउने नेताको सोच नै भएन । विदेशबाट आयात गरेर कमिसन खाने मात्र सोच भयो उनीहरूको । असल नीति पारित गर्नु नै राजनीति हो । नेताले आफूलाई असल भनेर हुँदैन, जनताले उनीहरूलाई असल भन्नुपऱ्यो । भोट हालेर पठाएका नेता असल छन् भन्ने होइन, जनताले विकल्प नभएर भोट हालेर पठाएका हुन् । जसलाई जनताले नेता बनाएर उनीहरू नै जनताको समस्याप्रति नेता बेखबर भए । तन्त्रहरू धेरै परिवर्तन भए, तर जनताको जीवनस्तरमा परिवर्तन आएन । जनता सधैँ भोकानाँगै रहे । देशमा परिवर्तन आएर मात्र के गर्नु, जनताको जीवनमा भने कुनै परिवर्तन आएन ।

स्थानीय निकायमा झनै विकृतिका रूपमा देखिएको छ भ्रष्टाचार । पाँच वर्ष ढुक्कले स्थानीय सरकार चलाउन पाउने भएपछि स्थानीय जनप्रतिनिधिको मनोपोली बढेको हो । जनतासँग प्रत्यक्ष सरोकार राख्ने स्थानीय सरकारले जनताको समस्या बुझ्न सकेका छैनन् । तिनले मनलागी कर उठाउने अनि आफ्ना कार्यकर्ता पाल्ने गरेको देख्दा जनमुखी स्थानीय सरकार बन्न सकेन भन्ने लाग्छ ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

के इजरायल–हमास युद्धले रुसलाई फाइदा गर्छ ?

पछिल्लो युद्धका कारण युक्रेनले पाइरहेको सहयोगमा असर गर्ने रुसी सञ्चारमाध्यमको तर्क



शनिबार बिहानै हमासले गाजापट्टीमाथि लागू इजरायली नाकाबन्दीलाई निस्तेज बनाउँदै गाजानजिकका इजरायली बस्तीमा आक्रमणले विश्वको ध्यान तानेको छ। आश्चर्यजनक र आकस्मिक रूपमा भएको हमासको घुसपैठबाट इजरायलमा करिब ८०० ले ज्यान गुमाएका छन् भने दुई हजारमाथि घाइते भएका छन्। त्यस्तै हमासले इजरायलबाट सयभन्दा बढी मानिसलाई अपहरण गरेर गाजा लगेको छ। हमासले छोटो समयमा हजारौँ रकेट प्रहार गर्दा इजरायलको चर्चित मिसाइल प्रतिरक्षा प्रणाली आइरन डोमले सबैलाई रोक्न सकेको थिएन। हमासले दशकौँमा पहिलोपटक इजरायल-गाजाबीचको तारबार तोडेर उसका लडाकुलाई इजरायल गुसपैठ गराउन सफल भएको थियो। इजरायलले गाजा क्षेत्रका हमासका आश्रयस्थलमा गरेको जवाफी कारबाहीमा सयौँका ज्यान गएको छ। यसले स्वाभाविक रूपमा ध्यान अहिले युक्रेनबाट मध्यपूर्वतर्फ सरेको छ। अन्तर्राष्ट्रिय चासोका अतिरिक्त युक्रेनले पाउँदै गएको आर्थिक तथा सैन्य सहयोग पनि घट्ने चर्चा सुरु भएको छ।

शक्तिशाली रुसको आक्रमणविरुद्ध प्रतिरोध गर्न आर्थिक रूपमा कमजोर युक्रेन पश्चिमी शक्ति त्यसमा पनि अमेरिकाको आर्थिक तथा सैन्य सहयोगमा निर्भर देखिन्छ। उसले पाइरहेको कुनै प्रकारको सहयोगमा ह्रास आएमा युद्धमा रुस हाबी हुन सक्ने सम्भावना रहन्छ। केही पश्चिमी सुरक्षाविद तथा नीति-निर्माताहरू रुस आफैँले यस्तो माहोल सिर्जना गर्न लागिसकेको बताएका छन्। 'इस्टिच्युट फर स्टडी अफ वार(आइएसडब्लू)'ले आइतबार रुस आफैँले युक्रेनले पाउँदै गरेको अन्तर्राष्ट्रिय समर्थन तथा चासो घटाउन सूचना अभियान सुरु गरेको चेतावनी दिएको छ। आइएसडब्लुका अनुसार इजरायलमाथि हमासले आक्रमण गरेलगत्तै रुसबाट त्यस्तो अभियान सुरु भएको थियो।

पश्चिमी नीति-निर्माताका अनुसार युक्रेनले पाइरहेको अन्तर्राष्ट्रिय सहयोग घट्ने कुरालाई बढाइ-चढाइ प्रचार गरेर रुसले युक्रेनी जनता तथा सेना हतोत्साही गराउन खोजेको आरोप लगाएका छन्। रुसले आगामी दिनमा इजरायल-हमासको द्वन्द्व लम्बिएमा पश्चिमले युक्रेन र मध्यपूर्वमध्ये एउटा छान्नुपर्ने स्थिति आउने कुरालाई व्यापक प्रचार गरिरहेका छन्। रुसी नेताले पनि पश्चिमको गलत क्षेत्रमा हस्तक्षेपको कारण मध्यपूर्वमा युद्ध भड्केको आरोप लगाएका छन्। विभिन्न रुसी नेताले यस्तै सन्देश सामाजिक सञ्जालमा उठाइरहेका पाइएको छ।

रुसको सुरक्षा परिषद्का उपाध्याक्ष रहेका रुसी पूर्वराष्ट्रपति दिमित्री मेदभेदेवले मध्यपूर्वमा द्वन्द्व भड्किएसँगै ट्विटरमा लेखेका थिए, 'योम किपुर युद्ध सुरु भएको ५०औँ वर्षगाँठको अवसरमा हमास र इजरायलबीच सुरु भएको द्वन्द्व अप्रत्यासित विकासक्रमको रूपमा देखिएको छ। इजरायल र प्यालेस्टाइनबीचको द्वन्द्व दशकौँदेखि चलिरहेको छ। यसमा अमेरिका प्रमुख अंग रहेको छ। तर, प्यालेस्टाइनी-इजरायली बसोवासलाई व्यवस्थापन गर्न सक्रिय हुनुको साटो यी बेइमानहरू हाम्रो क्षेत्रमा द्वन्द्व मच्चाउन आए। यसका लागि तिनले नव-नाजीहरूलाई पूर्णस्तरको अनुदान दिने, एकआपसमा नजिकको सम्बन्ध भएका दुई जनतालाई एकअर्काविरुद्ध लडाइरहेका छन्।' मेदभेदेवले दुई नजिकका सम्बन्ध भएको भनेर युक्रेनी र रुसलाई संकेत गरेका हुन्।

> रुसको आक्रमणविरुद्ध प्रतिरोध गर्न आर्थिक रूपमा कमजोर युक्रेन अमेरिकाको आर्थिक तथा सैन्य सहयोगमा निर्भर देखिन्छ। उसले पाइरहेको कुनै प्रकारको सहयोगमा ह्रास आएमा युद्धमा रुस हाबी हुन सक्ने सम्भावना रहन्छ। केही पश्चिमी सुरक्षाविद तथा नीति-निर्माताहरू रुस आफैँले यस्तो माहोल सिर्जना गर्न लागिसकेको बताउँछन्।

उता पश्चिममा रुसी प्रोपगान्डाकर्मीका रूपमा चिनिएका सर्गेइ मरदनले इजरायल-गाजा बीचको द्वन्द्वले रुसलाई लाभ पुग्ने दाबी गरेका छन्। 'विश्वको ध्यान पुनः मध्यपूर्वका दीर्घकालीन आगो निभाउन मोडिँदा युक्रेन युद्धमा रुसको हात माथि पर्नेछ,' सर्गेईले उनको टेलिग्राम च्यानलमा लेखेका छन्।

इजरायल-हमास युद्धले युक्रेनले पाइरहेको सहयोगमा असर गर्ने तर्क रुस र त्यहाँका मिडियाले मात्र गरिरहेका छैनन्। रुस-युक्रेन युद्धमा लडेको अनुभव भएका अवकाश प्राप्त मेजर ओलेक्सी हेटम्यानले पनि रुसविरुद्धको युद्धमा युक्रेनले पाइरहेको अन्तर्राष्ट्रिय सहयोग घट्ने टिप्पणी गरेका छन्। 'इजरायलमा अमेरिकाको हातहतियार भण्डारण छ। नजिक भएकाले अमेरिकाले युक्रेनलाई दिँदै आएको हातहतियारहरू यिनै भण्डारणबाट पठाइरहेको छ। त्यहाँबाट भइरहेको हतियार आपूर्ति पूर्ण रूपमा नरोकिए पनि केही समयका लागि अवरुद्ध हुन सक्छ। स्वाभाविक रूपमा इजरायलले ती हतियार आफ्नै प्रयोगका लागि अमेरिकासँग माग गर्नेछ। यसले रुससँगको युद्धमा युक्रेन केही प्रभावित हुनेछ,' युक्रेनी सञ्चारमाध्यम 'रेडियो एनभी'मा बोल्ने क्रममा ओलेक्सीले भने।

त्यसबाहेक इजरायलमाथिको आक्रमणअघि युक्रेनी युद्धमाथि कायम विश्वको एकीकृत चासो पनि छरिने उनले बताए। 'तर, यसको मतलब सबैले इजरायल संलग्न युद्धतर्फ मात्र ध्यान दिनेछन् र युक्रेनलाई बिर्सिन्छन् भन्ने होइन। मानिसहरूले धेरैतर्फ एकैपटक ध्यान दिन सक्छन्। त्यस्तै युक्रेनले पाइरहेको सहयोग पनि केही प्रभाव परे पनि त्यो धेरै ठूलो नहुन सक्छ,' ओलेक्सीले भने।

विश्व अर्थतन्त्रमा असर

युक्रेनमा रुसी आक्रमण, चीनसँग अमेरिकाको बढ्दो कटुता र अजरबैजना-अर्मेनियाबीच भएको झडप भर्खरै सकिएको परिप्रेक्षमा अर्को भूराजनीतिक तनावले विश्व अर्थतन्त्रलाई असर गर्ने चिन्ता पनि गहिरिँदै छ। लगानीकर्ता तथा उद्योगीहरू पहिले नै युक्रेन युद्ध र चीन-अमेरिकाबीच बढ्दो तनावले तिनको व्यापारमा पारेको असरबाट चिन्तित थिए। इजरायल-गाजाबीच सुरु भएको हिंसात्मक द्वन्द्व अस्थिर मध्य-पूर्वका अन्य भागमा पनि फैलिने खतरा छ। त्यसो भएमा त्यसले नाजुक सन्तुलन कायम गरिरहेको विश्व अर्थतन्त्र असुन्तलित बन्न सक्छ।

शनिबारको आक्रमणमा हमासले इजरायलको बहुचर्चित मिसाइल तथा स्थल प्रतिरक्षा प्रणालीलाई माथ दिएको चर्चा छ। सो दाबी सही निस्किए मध्यपूर्वका अन्य इजरायली शत्रुको मनोबल बढ्न सक्छ। उता इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहु र उनको गठबन्धन सरकार अहिले ठूलो स्तरको आक्रमणको दबाबमा छ। सुरुका २४ घण्टामा इजरायलले गाजामा गरेको जवाफी आक्रमणमा करिब ४०० जनाको ज्यान गइसकेको छ। इजरायली सरकारले गाजाभित्र सेना पठाएमा हमासका अतिरिक्त उत्तरी छिमेकी लेबननमा बसिरहेका हेजबुल्लाहले पनि इजरायलमाथिको आक्रमण तीव्र पार्न गर्न सक्छ। दुवै समूहलाई इरानको समर्थन छ।

सबैभन्दा गम्भीर भावी स्थिति इजरायल र तेहरान एकअर्काविरुद्ध प्रत्यक्ष आमनेसामने भए आउनेछ। त्यस्तो द्वन्द्वले पूरै मध्य-पूर्वलाई गाँज्नेछ, जुन विश्वको ३२ प्रतिशत कच्चा तेलको स्रोत हो। यसले गर्दा त्यहाँको अस्थिरताले विश्वभर असर देखिनेछ। विशेषतः विश्व अहिले कोरोना महामारीपछि अर्थतन्त्र खुलेपछि बढेको महँगी नियन्त्रण गर्ने क्रममै छ। सबैजसो देशका केन्द्रीय बैंकका बैंकरहरू ब्याजदर बढाएर महँगी नियन्त्रण लिने प्रयासमा छन्। ती प्रयासले केही सकारात्मक संकेत दिइरहेका समयमा मध्यपूर्वको नयाँ द्वन्द्वले बैंकका प्रयासमा पानी खन्याइदिन सक्छ। जस्तो- आक्रमणको भोलिपल्ट तेल बजार खुल्दा 'ब्रेन्ट क्रुड' तेलको मूल्य प्रतिब्यारेल ८६ डलरमा खरिद-बिक्री भएको थियो, जुन पहिलेभन्दा दुई प्रतिशतले बढी हो।

(रोयटर्स र अन्य एजेन्सीहरूबाट)

अमेरिकी प्राध्यापक गोल्डिनलाई अर्थशास्त्रतर्फको नोबेल पुरस्कार



न्युयोर्क/ अमेरिकी प्राध्यापक क्लाउडिया गोल्डिनलाई यस वर्ष अर्थशास्त्रतर्फको नोबेल पुरस्कार प्रदान गरिने भएको छ। श्रमबजारमा महिलाले पुऱ्याएको योगदानबारे महत्त्वपूर्ण खोज गरेकाले उनलाई सो पुरस्कार दिने घोषणा गरिएको नोबेल कमिटीले जनाएको छ। गोल्डिनले हार्वर्ड विश्वविद्यालयमा प्राध्यापन गर्छिन्।

उनले महिलाको कमाइ र सयौँ वर्षदेखि श्रमबजारमा महिलाको सहभागिताबारे अनुसन्धान गरेकी छिन्। उनको अनुसन्धानले परिवर्तनका कारण तथा लैंगिक असमानताको मुख्य स्रोत पत्ता लगाएको नोबेल पुरस्कार समितिले जनाएको छ।

अर्थशास्त्रतर्फको नोबेल पुरस्कारका लागि गठित समितिका अध्यक्ष ज्याकोब स्वेन्सनले भने, 'श्रमबजारमा महिलाको भूमिका बुझ्नु समाजका लागि महत्त्वपूर्ण छ। क्लाउडिया गोल्डिनको आधारभूत अनुसन्धानबाट हामी अब अन्तर्निहित कारकबारे धेरै बुझ्न सक्नेछौँ। यसले भविष्यमा हुने महिला श्रम कठिनाइलाई सम्बोधन गर्न आवश्यक सहयोग पुग्नेछ।'

'क्लाउडिया गोल्डेनको खोजले महिला श्रमबजारमा व्यापक सामाजिक प्रभाव पार्छ' पुरस्कार समितिका सदस्य च्यान्डी हजलमार्सनले भने, 'अन्ततः समस्यालाई बुझेर र यसलाई सही नामले पुकारेर हामी अझ राम्रो तरिकाले अगाडि बढ्न सक्षम हुनेछौँ।'

स्विडेनको स्टकहोमस्थित रोयल स्विडिस एकेडेमी अफ साइन्सेजका महासचिव हान्स एलेग्रेनका अनुसार पुरस्कार प्राप्त गरेपछि ७७ वर्षीय गोल्डिन आश्चर्यचकित बनेका थिए। सन् १९६८ मा स्विडेनको केन्द्रीय बैंकले स्थापना गरेको अर्थशास्त्र पुरस्कारलाई औपचारिक रूपमा अल्फ्रेड नोबेलको स्मृतिमा आर्थिक जगत्मा 'बैंक अफ स्विडेन पुरस्कार'को रूपमा चिनिन्छ। सन् २००७/०८ को वित्तीय संकटमा अमेरिकाको आक्रामक प्रतिक्रियालाई आकार दिन मद्दत गर्ने बैंकको असफलताबारे अनुसन्धान गरेका कारण गत वर्ष फेडरल रिजर्भका पूर्वअध्यक्ष बेन बर्नान्के, डगलस डब्लु डायमन्ड र फिलिप डाइभिगले पुरस्कार जितेका थिए।

यसअघि चिकित्सा, भौतिकशास्त्र, रसायनशास्त्र, साहित्य र शान्ति विधाका लागि पुरस्कारहरू गत साता घोषणा गरिसकिएको छ। विजेतालाई आगामी १० डिसेम्बरमा एक विशेष कार्यक्रमबीच पुरस्कार वितरण गरिनेछ।

इतिहासमा आज — अक्टोबर १०



सन् १९३३ : उड्डयन इतिहासकै खराब र नसुल्झेको मामिलामध्येको एक अमेरिकी एयरलाइन्सको बोइङ २४७ दुर्घटना मानिन्छ। न्यु जर्सीको नेवाकबाट क्यालिफोर्नियाको ओकल्यान्डका लागि उडेको उक्त विमान इन्डियानानजिकै मध्य आकाशमै विस्फोट भएको थियो। घटनामा सात यात्रु र चालक दलका सबै सदस्यको मृत्यु भयो। विस्फोट कसले गरायो भन्ने अहिलेसम्म खुल्न सकेको छैन।

सन् १९६४ : जापानको टोकियोमा ग्रीष्मकालीन ओलम्पिक सुरु। उक्त खेलमा विश्वका ९३ देश सहभागी भए।

सन् १९६७ : बाह्य अन्तरिक्ष सन्धि लागू। चन्द्रमा र अन्य खगोलीय निकायसहित बाह्य अन्तरिक्षको अन्वेषण र प्रयोगमा राज्यहरूको गतिविधि नियन्त्रण गर्न यो सन्धि लागू भएको हो। यसले बाह्य अन्तरिक्षको अन्वेषण र प्रयोगलाई विनियमित गर्दै अन्तर्राष्ट्रिय अन्तरिक्ष कानुनको क्षेत्र सिर्जना गऱ्यो। बाह्य अन्तरिक्ष र सबै आकाशीय पिण्ड मानव जातिको साझा सम्पदा हुने र कुनै एक राष्ट्रले दाबी गर्न नमिल्ने सन्धिले घोषणा गऱ्यो।

सन् १९७० : फिजीको स्वतन्त्रता। दक्षिण प्रसान्त महासागर टापु देश सन् १८७४ देखि ब्रिटिसद्वारा शासित थियो। रातु सर कामिसेस मारा स्वतन्त्र फिजीको पहिलो प्रधानमन्त्री बने।

सन् २०१० : नेदरल्यान्ड्स एन्टिल्स भंग। डच एन्टिलेससमेत भनिने नेदरल्यान्ड्स एन्टिलस सन् १९५४ मा गठन भएको थियो। नेदरल्यान्ड्स राज्यभित्र स्वतन्त्र राज्य बन्न क्युराकाओ, सेन्ट मार्टेन, बोनायर र टापुहरूमा जनमत संग्रहको एक शृंखला पारित भएपछि नेदरल्यान्ड्स एन्टिल्स विघटन भयो।

विश्व संक्षेप

बंगलादेशका एक करोड बालबालिकालाई डिजिटल शिक्षा

ढाका/ संयुक्त राष्ट्रसंघीय बालकोष -युनिसेफ) ले बंगलादेशका बालबालिकाका लागि डिजिटल साक्षरता र अनलाइन सुरक्षालाई सदृढ पार्न विशेष कार्यक्रम सञ्चालन गर्ने भएको छ। संयुक्त राष्ट्रसंघीय बालकोष साझेदारी कार्यक्रमअन्तर्गत बंगलादेशका एक करोडभन्दा बढी बालबालिकाले प्रविधिको नैतिक र जिम्मेवार प्रयोगका लागि उचित ज्ञान प्राप्त गर्ने संयुक्त राष्ट्रसंघले जनाएको छ। बंगलादेशको दूरससञ्चार, नर्वेली टेलिकम कम्पनीलगायतको सहकार्यमा कार्यक्रम सफल पारिने जनाइएको छ।

इन्टरनेटले बालबालिकाको शिक्षा र वृद्धि विकासका लागि धेरै अवसर प्रदान गर्दा गर्दै पनि उनीहरूको डिजिटल सुरक्षा सुनिश्चित गरी खतराबाट जोगाउन कार्यक्रम आयोजना गरिएको बंगलादेशका लागि युनिसेफका प्रतिनिधिले बताए। कार्यक्रमबाट बंगलादेशका ८, ९ र १० कक्षाका एक करोडभन्दा बढी विद्यार्थी लाभान्वित हुनेछन्।

सहभागी बिद्यार्थीमध्ये १० लाख अपांग तथा जोखिममा परेका बालबालिकालाई डिजिटल शिक्षा यात्रामा सहयोग गर्ने बंगलादेशका लागि युनिसेफका प्रतिनिधिले बताए।

इजिप्टका राष्ट्रपति सिसीले तेस्रो कार्यकालका लागि प्रतिस्पर्धा गर्ने

कायरो/ इजिप्टका राष्ट्रपति अब्देल फत्ताह अल सिसीले यसै वर्षको अन्त्यमा हुने राष्ट्रपतीय निर्वाचनमा तेस्रो कार्यकालका लागि प्रतिस्पर्धा गर्ने भएका छन्। सिसीले उम्मेदवारका रूपमा राष्ट्रिय निर्वाचन प्राधिकरणमा आफ्नो मनोनयनपत्र पेस गरेका छन्। सिसीको निर्वाचन अभियानले तेस्रो कार्यकालका लागि सिसीको उम्मेदवारीलाई समर्थन गर्दै प्रतिनिधिसभाका चार सय २४ सदस्य र सर्वसाधारण (मतदाता) बाट ११ लाख ३० हजारभन्दा बढी सिफारिस आएको प्राधिकरणले जनाएको छ।

दुई कार्यकाल नेतृत्व सम्हालेका ६९ वर्षीय सिसीले गत सोमबार औपचारिक रूपमा राष्ट्रपति पदका लागि उम्मेदवारी दिने घोषणा गरेका थिए। निर्वाचन आगामी डिसेम्बर १० देखि १२ सम्म हुने निर्वाचन प्राधिकरणले जनाएको छ। पूर्वसांसद अहमद अल-तान्तवीलाई राष्ट्रपति पदको दौडमा सिसीको मुख्य प्रतिद्वन्द्वीका रूपमा हेरिएको छ। इजिप्टको सेनाले पूर्वराष्ट्रपति मोहम्मद मोर्सीलाई हटाएको एक वर्षपछि सिसीले सन् २०१४ मा राष्ट्रपतिको कार्यभार सम्हालेका थिए। मोर्सीको एकवर्षे कार्यकाल र मुस्लिम ब्रदरहुडसँग उनको सम्बन्धको विरोधमा व्यापक प्रदर्शन भएपछि मोर्सीलाई आन्दोलनको बलमा पदबाट हटाइएको थियो।

सन् २०१८ मा सिसीले दोस्रो कार्यकालका लागि आफूलाई अनुमोदित गरेका थिए। तर, सन् २०१९ मा भएको संविधान संशोधनले राष्ट्रपतिको कार्यकाल चार वर्षबाट बढाएर छ वर्ष पुऱ्याएको थियो भने राष्ट्रपति तेस्रो कार्यकालका लागि चुनाव लड्न पाउने असाधारण शक्ति प्रदान गरेको थियो।

अबुधाबीमा ७० देशका साइबर प्रतिनिधिको भेला

अबुधाबी/ संयुक्त अरब इमिरेट्स (युएई)ले क्षेत्रीय साइबर सुरक्षा २०२३ आयोजना गरेको छ। अन्तर्राष्ट्रिय दूरसञ्चार संघ (आइटियू) र अरब क्षेत्रीय साइबर सुरक्षा केन्द्र (एआरसिसी)को सहयोगमा भइरहेको भेलामा ७० देशका प्रतिनिधि सहभागी हुँदै छन्। भेला बिहीबारसम्म चल्नेछ। युएईद्वारा प्रायोजित क्षेत्रीय साइबर सुरक्षा २०२३ अरब र इस्लामिक मुलुकहरूमा सबैभन्दा ठूलो साइबर कार्यक्रम हो।

साइबर सुरक्षाको क्षेत्रमा उत्कृष्ट अन्तर्राष्ट्रिय रणनीति र अभ्यासमाथि छलफल गर्न इस्लामिक सहयोग संगठन (ओआइसी)का ५७ सदस्य राष्ट्रसहित ७० मुलुकबाट एक सयभन्दा बढी विज्ञ र वक्ताहरूका साथै १० वटा अन्तर्राष्ट्रिय संस्थाहरू यो साता भेला हुनेछन्। यो साता सहभागीहरूलाई यथार्थपरक ढंगले साइबर हमलाको अनुभव प्रदान गर्ने नयाँ भर्चुअल पूर्वाधार मोडेलसमेत प्रस्तुत गरिनेछ। यो साता साइबर सुरक्षामा पछिल्लो प्रवृत्ति र विकासक्रम, साइबर सुरक्षाले सामना गरिरहेको चुनौती र जोखिम, साइबर सुरक्षा घटनाको प्रतिक्रिया र पुनः प्राप्ति तथा साइबर सुरक्षा शिक्षा र जागरणसहितका साइबर सुरक्षाकाको विस्तृत दायरा समेट्ने ५० वटा कार्यक्रम हुने बताइएको छ। युएई सरकारको साइबर सुरक्षासम्बन्धी कार्यालयले विश्वव्यापी डिजिटल अर्थतन्त्रको आकार बढिरहेको बताएको छ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Highway Supervision and Monitoring Office, Surkhet

Road Division Pyuthan

Jaspur Pyuthan

Invitation for Bid No: **03-080/81**

Invitation for Bids

Date of publication: 2080/06/23 (2023 Oct 10)

Road Division, Pyuthan invites Open Competitive Bidding from eligible Nepali bidders for the construction of following works under National Bidding procedures.

S N	Contract Number	Name of Works	Estimate Amount (NRs) (Excluding VAT)	Bid Security Amount (NRs)	Bid Document Price (NRs)	Required turnover (NRs.)	Required Bid Capacity (NRs.)
1	RDPTN/337011 69/080/81-10	Bhaluwang Pyuthan Road Widening works in Pyuthan District.	4496420.14	112000	3000	NA	NA
2	RDPTN/337011 69/080/081-11	Road Upgrading Works along Chapka-Rangsi-Bhawang-Jankot-Madichaur Road,Rolpa.	3639963.06	91000	3000	NA	NA
3	RDPTN/337011 69/080/81-12	Upgrading of Suryanagar - Khaprang Khola - Petipani - Lamchhyagneta - Sirpa - Rolpa Road in Pyuthan District	1950523.79	49000	3000	NA	NA

Purchase, Submission and Opening:

S.N.	Last Date Of Bid Submission	Technical Bid Opening Date, Time & place	Pre-Bid Meeting	Bid Validity Period	Bid Security Validity	Remarks
1	2023/11/09 (AD) 2080/07/23 (BS) upto 12:00 hours	2023/11/09 (AD) 2080/07/23 (BS) 13:00 hours , Road Division Pyuthan	2023/10/30 (AD) 2080/07/13 (BS) 11:00 hrs at office address	90 days from bid submission due date	Minimum 30 days beyond bid validity period	

Eligible Bidders may visit PPMO's website **www.bolpatra.gov.np/ppmo** e-procurement section for further information or contact **Road Division Pyuthan** at Email:- **drofficepyuthan@gmail.com.**

Division Chief

के भन्छन् एनआरएनए अध्यक्षका उम्मेदवार ?

दोस्रो कार्यकालमा अहिलेसम्मको अनुभव प्रयोग गर्छु



● डा. बद्री केसी

गैरआवासीय नेपाली संघमा दोस्रो कार्यकालका लागि किन उम्मेदवारी दिनुभएको हो ?

संघको १०औँ महाधिवेशन ठूलो सकसबाट गुज्रियो । एनआरएनएको २० वर्षको इतिहासमा हामीले गत वर्ष धेरै समस्याको सामना गर्नुपऱ्यो । जसका कारण गएको कार्यकाल नयाँ कामभन्दा पनि संस्थाभित्र देखिएका समस्या समाधान गर्नमा नै बित्यो । सुरुवात कठिन भए पनि गएको कार्यकालको अन्त्य भने सुखद भयो । सबै एनसिसीको निर्वाचन गर्न सफल भयौँ । संस्थामा सदस्यको संख्या बढायौँ । संस्थालाई टुक्रिनबाट जोगायौँ ।

यसैबीच, नयाँ काम भने हुन सकेन । तर, संस्थाभित्र काम गर्ने मेरा योजना ओझेलमा परे । त्यसैले संघभित्र पूर्ण रूपमा प्रतिबद्ध भई काम गर्न आगामी कार्यकालका लागि मेरो उम्मेदवारी हो । संघको स्थापनादेखि नै म यसमा सक्रिय रूपमा लागेको छु । विभिन्न पदमा रहेर काम गर्दै अहिले अध्यक्ष पदमा पुगेको छु । त्यसैले मसँग अनुभव छ । संघलाई समृद्ध बनाउन मैले दोस्रोपटक उम्मेदवारी दिनुपरेको हो ।

दोस्रोपटक अध्यक्षमा निर्वाचित हुनुभयो भने आगामी दुई वर्षमा गर्ने योजना के-के छन् ?

संघभित्र रहेर गर्नुपर्ने काम धेरै छन् । त्यसमध्ये मुख्य तीनवटा कामलाई मैले नौवटा बुँदामा समेटेर प्रचार-प्रसार थालेको छु । मेरो पहिलो प्राथमिकता भनेको सुरक्षित, व्यवस्थित र मर्यादित वैदेशिक रोजगारी हो । यसका लागि क्रमबद्ध रूपमा काम गर्नेछु । नेपालमा लगानी तथा एनआरएनए नेपाल डेभलपमेन्ट फन्डको विस्तार गर्ने मेरो लक्ष्य छ । यसका लागि श्रमिकलाई पनि फन्डमा सहभागी गराउने योजना बनाएको छु । संस्थागत पुनर्संरचना एवं सुदृढीकरण, गैरआवासीय नेपालीका हकहित, अधिकार, ज्ञान, सीप र प्रविधिसहितको एनआरएनए, एनआरएनए फाउन्डेसनको निर्माण, नेपाल एवं नेपाली पर्यटन प्रवर्द्धन गर्ने, संघमा युवा, महिला तथा दोस्रो पुस्तालाई जोड्ने र संघलाई अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सहकार्य गर्ने मेरो योजना छ । यी लक्ष्य प्राप्त गर्न मैले कार्ययोजना पनि निर्माण गरिसकेको छु । मलाई आशा छ, मेरो कार्यकालमा संस्थाले ठूलो उपलब्धि हासिल गर्नेछ ।

> मेरो पहिलो प्राथमिकता भनेको सुरक्षित, व्यवस्थित र मर्यादित वैदेशिक रोजगारी हो । यसका लागि क्रमबद्ध रूपमा काम गर्नेछु । नेपालमा लगानी तथा एनआरएनए नेपाल डेभलपमेन्ट फन्डको विस्तार गर्ने मेरो लक्ष्य छ । यसका लागि श्रमिकलाई पनि फन्डमा सहभागी गराउने योजना बनाएको छु ।

निर्वाचनपछि तपाई आफ्नो लक्ष्य हासिल गर्न र थप एकताबद्ध, प्रभावकारी संगठन निर्माण गर्न अन्य नेतृत्व तथा सदस्यहरूसँग कसरी सहकार्य गर्नुहुन्छ ?

संस्था भनेको सहकार्य हो । संस्था निर्माणमा हरेक सदस्यको उत्तिकै भूमिका हुन्छ । यसका लागि प्रत्येक सदस्यलाई संस्थाप्रति अपनत्व महसुस हुनुपर्छ । यसमा नेतृत्वको अहं भूमिका हुन्छ । त्यसैले आगामी कार्यकालमा म सबै साथीहरूसँग एकसाथ अगाडि बढ्न चाहन्छु । यसका लागि समूहमा रहेर काम गर्ने, एक-अर्काको विचारको कदर गर्ने, अग्रज र सहकर्मीको सल्लाह सुझाव लिनेछु ।

एक उम्मेदवारको हैसियतमा नेपाली संस्कृति र सम्पदालाई विश्वव्यापी रूपमा प्रवर्द्धन गर्न एनआरएनएको भूमिकाप्रति तपाईंको दृष्टिकोण के छ ?

वास्तवमा गैरआवासीय नेपाली संघको स्थापना नेपाली भाषा, संस्कृति जोगाउनका लागि भएको हो । भाषा, संस्कृति बनाउनका लागि हजारौँ वर्ष लागेको हुन्छ । तर, एउटा पुस्ताले भाषा सिकेन भने लोप हुन्छ । त्यसैले हामी हाम्रा पुस्तालाई भाषा हस्तान्तरण गर्न चाहन्छौँ ।

विश्वका धेरै मुलुकले आफ्नो भाषा जोगाउन भाषा र संस्कृति विस्तारका लागि प्रत्येक मुलुकमा एउटा कल्चर सेन्टर स्थापना गरेका हुन्छन् । हाम्रो नेपालमा पनि विभिन्न मुलुकमा कल्चर सेन्टर छन् । तर, नेपालको भने कुनै पनि मुलुकमा छैन । अब त्यो कल्चर सेन्टरको काम हामीले नै गर्छौँ । हाम्रो संस्था जति पनि मुलुकमा छ, त्यहाँ हाम्रो भाषा र संस्कृतिको जगेर्नाका काम हुनेछन् ।

नेपाली डायस्पोराले सामना गर्नुपर्ने मुख्य समस्या वा चुनौती के छन् र निर्वाचित भएमा त्यसलाई कसरी सम्बोधन गर्ने योजना छ ?

अहिले जति पनि विदेशमा छौँ, यो हाम्रो पहिलो पिँढी हो । यो पिँढीलाई विदेशमा आफूलाई स्थापित गर्न धेरै गाह्रो भयो । आर्थिक र सामाजिक रूपमा सुरक्षित बनाउनमा नै धेरै समय खर्च भयो । तर, हामी संगठित भएपछि भने विदेशी समुदायमा स्थापित हुन सहज भएको छ । त्यसैले अब विदेशमा बस्ने नेपालीमाथि हुने कुनै पनि खालको गलत क्रियाकलापका विरुद्ध बोल्न सक्ने भएका छौँ । विदेशमा राम्रो रोजगारी दिने भन्दै नेपालबाट मानव तस्कर गर्ने ठूलो जालो छ । अब हामी त्यसलाई जरैदेखि निर्मूल पार्नेछौँ । साथै, त्यहाँका नेपालीलाई सोही मुलुकमा पाउनुपर्ने अधिकारको विषयमा पनि अब हामीले बोल्नुपर्नेछ ।

मेरो लक्ष्य एनआरएनएलाई सम्मानित बनाउने हो



● महेश श्रेष्ठ

गैरआवासीय नेपाली संघमा तपाईंको उम्मेदवारी किन ?

म गैरआवसीय नेपाली संघमा स्थापनाकालदेखि नै क्रियाशील छु । स्थापनाकालमा संस्थाको जुन उद्देश्य, लक्ष्य र कार्ययोजना थियो, पछिल्लो समय त्यो लक्ष्य र उद्देश्यअनुसार काम हुन सकेको छैन । एक-आपसमा वैमनस्यता पलाएको छ । जसका कारण गैरआवसीय नेपालीको अधिकार र समुन्नत नेपाल निर्माणमा केही असहज अवस्था सिर्जना भएको छ । मुद्दाहरू कार्यान्वयनमा जटिलता पैदा भएको छ । यी सबैखाले समस्याको समाधान गर्न, एकताबद्ध, सुदृढ र दीर्घकालीन योजनाका काम गर्न उम्मेदवारी दिने घोषणा गरेको हुँ । हालसम्म संस्थामा रहेर काम गर्दा सधैँ सहानुभूति पाएको छु । एनसिसीमा रहँदा मात्र होइन, आइसिसीमा कोषाध्यक्ष र उपाध्यक्षसम्म हुँदा मैले उठाएका मुद्दाले सार्थकता पाएको छ । अब विश्वभरका गैरआवासीय नेपालीलाई एकताबद्ध बनाएर सुदृढ, संगठित र स्मार्ट एनआरएनए बनाएर लैजाने उद्देश्यका साथ चुनावी दौडाहामा छु । सफलता पाउँछु भन्नेमा विश्वस्त छु ।

अध्यक्ष हुनुभयो भने तपाईंले दुई वर्षमा गर्ने योजना के-के छन् ?

दुई वर्षभित्रमा गर्ने कामहरूको लामो सूची छ । जुन मैले मेरो प्रतिबद्धतापत्रमा पनि उल्लेख गरेको छु । मुख्यतः 'समुन्नत नेपाल, सम्मानित गैरआवासीय नेपाली' नारा तय गरेको छु । नेपालमा वैदेशिक लगानी भित्र्याउन ठोस नीतिगत पहल गर्ने, गैरआवासीय नेपालीहरूको पुँजीलाई जन्मभूमिको विकासका लागि योगदान गर्ने उद्देश्यले सुरु गरिएको १० अर्ब रूपैयाँको सामूहिक लगानी कोषलाई तत्कालै कार्यान्वयन गर्ने पहिलो प्राथमिकतामा राखेको छु ।

त्यसबाहेक गैरआवासीय नेपालीको लगानीलाई सुनिश्चित गर्न तथा वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई पनि लगानी कोषमा समेट्नका लागि आवश्यक कानुन समयानुकूल परिमार्जित तथा संशोधन गर्दै लगानीलाई समेत नेपालको धितोपत्र विनिमय बजारमा प्रवेश गराउने मेरो प्रयास रहनेछ । २०३० सम्म नेपालको अर्थतन्त्र १०० अर्ब डलरको बनाउन एउटा स्पष्ट खाकासहित एक्सन प्लान बनाएर कार्यक्रमको सुरुवात गर्ने विचार छ । श्रम तथा सीप बैंक स्थापना गर्ने साथै एक एनसिसी, एक परियोजना'लाई एनआरएनए फाउन्डेसनमार्फत एकीकृत रूपमा अघि बढाउने लक्ष्य लिएको छु । परराष्ट्र मन्त्रालयमा एनआरएनए विभाग स्थापनाका लागि पहल गर्ने साथै राष्ट्रिय समन्वय परिषद्का अध्यक्षहरूलाई नेपाल सरकारको अवैतनिक वाणिज्य दूतको रूपमा मान्यता दिलाउने मेरो लक्ष्य छ । यो काम दुई वर्षभित्रमा पूरा गर्ने संकल्प गरेको छु ।

निर्वाचनपछि तपाई आफनो लक्ष्य हासिल गर्न र थप एकताबद्ध, प्रभावकारी संगठन निर्माण गर्न अन्य नेतृत्व तथा सदस्यहरूसँग कसरी सहकार्य गर्ने योजना छ ?

म व्यावसायिक कामलाई केही समयलाई विश्राम दिएर संस्थाको काममा पूर्णकालीन सक्रिय हुने उद्देश्य लिएर एनआरएनएको नेतृत्वका लागि दौडिरहेको छु । हुन त संस्था स्थापनादेखि नै प्रवासी नेपालीहरूको मुद्दामा सक्रियतापूर्वक काम गरिरहेको सबैलाई जानकारी नै छ ।

म गफ गर्ने, भाषण गर्नेभन्दा पनि एक्सनमा काम गर्ने व्यक्ति हुँ । मेरो पृष्ठभूमिले त्यही प्रस्ट पार्छ । अब निर्वाचित भएर गइसकेपछि कार्यसमितिमा रहनुभएका हरेक साथीहरू मप्रति उत्साहित भएर काम गर्ने वातावरण अवश्य बनाउँछु । विभाजितजस्तो देखिएको वा अन्य अभियन्ताहरूका कारण संस्थाप्रति आक्रोश व्यक्त गरिरहनुभएका साथीहरूलाई मैले नेतृत्व सम्हालेपछि आक्रोशित हुने, वितृष्णा बढ्ने किसिमका कुनै पनि काम हुनेछैन । हामी सबै एकजुट भएर संस्थाको गरिमालाई बचाउन सक्छौँ र काम गर्न सक्छौँ । वैदेशिक रोजगारीमा देखिएका समस्याहरूका साथै श्रम स्वीकृति नलिई वा श्रम स्वीकृतिको अवधि समाप्त भई मृत्यु भएका श्रमिकका परिवारले पाइरहेको सास्ती र पीडामा सारथी बनेर उभिने प्रयास गर्नेछौँ ।

एक उम्मेदवारको हैसियतमा नेपाली संस्कृति र सम्पदालाई विश्वव्यापी रूपमा प्रवर्द्धन गर्न एनआरएनएको भूमिकाप्रति तपाईंको दृष्टिकोण के छ ?

विशेषतः संस्थाको ओज र गरिमालाई अझै बढाउने गरी संघको भावी नीति, रणनीति, कार्ययोजना मस्यौदा गर्न तथा दशवर्षे विस्तृत 'भिजनरी' दस्तावेज तयार गर्न विशेषज्ञहरू सम्मिलित एक उच्चस्तरीय समिति गठन गरेर काम गर्ने मेरो लक्ष्य छ । यसभित्र नेपाली संस्कृति र सम्पदालाई विश्वव्यापी रूपमा प्रवर्द्धन गर्ने प्रशस्त योजनाहरू समेटिनेछन् । 'एक साथी नेपाल पठाऊँ', 'नेपाली भाषा र संस्कृति जोगाऔँ' अभियान र नेपाल फेस्टिभलजस्ता कार्यक्रमलाई संसारभर सञ्चालन गर्ने मेरो प्रतिबद्धता छ ।

नेपाली डायस्पोराले सामना गर्नुपर्ने मुख्य समस्या वा चुनौतीहरू के-के छन् र निर्वाचित

> 'समुन्नत नेपाल, सम्मानित गैरआवासीय नेपाली' नारा तय गरेको छु । नेपालमा वैदेशिक लगानी भित्र्याउन ठोस नीतिगत पहल गर्ने, गैरआवासीय नेपालीहरूको पुँजीलाई जन्मभूमिको विकासका लागि योगदान गर्ने उद्देश्यले सुरु गरिएको १० अर्ब रुपैयाँको सामूहिक लगानी कोषलाई तत्कालै कार्यान्वयन गर्ने पहिलो प्राथमिकतामा राखेको छु ।

भएमा त्यसलाई कसरी सम्बोधन गर्ने योजना छ ?

गर्नुपर्ने धेरै काम छन् । समस्या र चुनौतीहरू पनि उत्तिकै छन् । तर, स्पष्ट खाका र भिजन तयार गरेर काम गर्दा असम्भव केही छैनजस्तो लाग्छ । पिआर भई विदेशमा बसेका नेपालीहरूका सम्बन्धमा संविधानको धारा २९१ मा राखिएको विभेदकारी प्रावधान संशोधन गर्नैपर्ने छ । उक्त प्रावधानले धेरै नेपाली दाजुभाइ, दिदीबहिनीले दुःख पाइरहनुभएको छ । मुख्य कुरा त नागरिकता प्राप्त गर्ने अवसरलाई सहज र सरल ढंगबाट कार्यान्वयनमा ल्याउन प्रशस्त खट्नुपर्नेछ ।

अर्को कुरा, गैरआवासीय नेपाली तथा भूपू गोर्खाहरूको वंशजको नागरिकताको निरन्तरताका लागि सरकारसँग सहकार्य गर्नु नै छ । यतिवेला विश्वभरका नेपालीले माग गरिरहेको मुख्य कुरा भनेको मताधिकारको अवसर नै हो । आगामी ०८४ को निर्वाचनसम्ममा विदेशमा बस्ने नेपालीहरूले मताधिकार पाउने व्यवस्था मिलाउन हामी सरकारसँग दबाबमूलक रूपमा काम गर्न तयार छौँ । र, सबल, साझा र एकताबद्ध एनआरएनए, परिणाममुखी, पारदर्शी र समावेशी एनआरएनए बनाउने लक्ष्य पूरा गर्ने संकल्प लिएको छु ।

एनआरएनएलाई एकताबद्ध गराउन मेरो उम्मेदवारी



● राजेन्द्रकुमार शर्मा

गैरआवासीय नेपाली संघमा दोस्रो कार्यकालका लागि किन उम्मेदवारी दिनुभएको हो ?

संघको १०औँ महाधिवेशन ठूलो सकसबाट गुज्रियो । एनआरएनएको २० वर्षको इतिहासमा हामीले गत वर्ष धेरै समस्याको सामना गर्नुपऱ्यो । जसका कारण गएको कार्यकाल नयाँ कामभन्दा पनि संस्थाभित्र देखिएका समस्या समाधान गर्नमा नै बित्यो । सुरुवात कठिन भए पनि गएको कार्यकालको अन्त्य भने सुखद भयो । सबै एनसिसीको निर्वाचन गर्न सफल भयौँ । संस्थामा सदस्यको संख्या बढायौँ । संस्थालाई टुक्रिनबाट जोगायौँ ।

यसैबीच, नयाँ काम भने हुन सकेन । तर, संस्थाभित्र काम गर्ने मेरा योजना ओझेलमा परे । त्यसैले संघभित्र पूर्ण रूपमा प्रतिबद्ध भई काम गर्न आगामी कार्यकालका लागि मेरो उम्मेदवारी हो । संघको स्थापनादेखि नै म यसमा सक्रिय रूपमा लागेको छु । विभिन्न पदमा रहेर काम गर्दै अहिले अध्यक्ष पदमा पुगेको छु । त्यसैले मसँग अनुभव छ । संघलाई समृद्ध बनाउन मैले दोस्रोपटक उम्मेदवारी दिनुपरेको हो ।

दोस्रोपटक अध्यक्षमा निर्वाचित हुनुभयो भने आगामी दुई वर्षमा गर्ने योजना के-के छन् ?

संघभित्र रहेर गर्नुपर्ने काम धेरै छन् । त्यसमध्ये मुख्य तीनवटा कामलाई मैले नौवटा बुँदामा समेटेर प्रचार-प्रसार थालेको छु । मेरो पहिलो प्राथमिकता भनेको सुरक्षित, व्यवस्थित र मर्यादित वैदेशिक रोजगारी हो । यसका लागि क्रमबद्ध रूपमा काम गर्नेछु । नेपालमा लगानी तथा एनआरएनए नेपाल डेभलपमेन्ट फन्डको विस्तार गर्ने मेरो लक्ष्य छ । यसका लागि श्रमिकलाई पनि फन्डमा सहभागी गराउने योजना बनाएको छु । संस्थागत पुनर्संरचना एवं सुदृढीकरण, गैरआवासीय नेपालीका हकहित, अधिकार, ज्ञान, सीप र प्रविधिसहितको एनआरएनए, एनआरएनए फाउन्डेसनको निर्माण, नेपाल एवं नेपाली पर्यटन प्रवर्द्धन गर्ने, संघमा युवा, महिला तथा दोस्रो पुस्तालाई जोड्ने र संघलाई अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सहकार्य गर्ने मेरो योजना छ । यी लक्ष्य प्राप्त गर्न मैले कार्ययोजना पनि निर्माण गरिसकेको छु । मलाई आशा छ, मेरो कार्यकालमा संस्थाले ठूलो उपलब्धि हासिल गर्नेछ ।

> एउटा एनसिसीले एक हजार पर्यटक नेपाल भित्र्याउने, वैदेशिक रोजगारीको क्रमलाई घटाउँदै स्वदेशमा नै रोजगारीको अवसर सिर्जना गर्ने, युवा र विज्ञलाई परिचालन गर्ने, नेपाली धन र नेपाली श्रमको प्रयोग गर्ने, महिला सदस्यलाई प्रोत्साहन, प्रभावकारी सञ्चार र न्यायपूर्ण कार्यसम्पादन मूल्यांकनको व्यवस्थापन गर्ने मेरो योजना छ ।

निर्वाचनपछि तपाई आफ्नो लक्ष्य हासिल गर्न र थप एकताबद्ध, प्रभावकारी संगठन निर्माण गर्न अन्य नेतृत्व तथा सदस्यहरूसँग कसरी सहकार्य गर्नुहुन्छ ?

संस्था भनेको सहकार्य हो । संस्था निर्माणमा हरेक सदस्यको उत्तिकै भूमिका हुन्छ । यसका लागि प्रत्येक सदस्यलाई संस्थाप्रति अपनत्व महसुस हुनुपर्छ । यसमा नेतृत्वको अहं भूमिका हुन्छ । त्यसैले आगामी कार्यकालमा म सबै साथीहरूसँग एकसाथ अगाडि बढ्न चाहन्छु । यसका लागि समूहमा रहेर काम गर्ने, एक-अर्काको विचारको कदर गर्ने, अग्रज र सहकर्मीको सल्लाह सुझाव लिनेछु ।

एक उम्मेदवारको हैसियतमा नेपाली संस्कृति र सम्पदालाई विश्वव्यापी रूपमा प्रवर्द्धन गर्न एनआरएनएको भूमिकाप्रति तपाईंको दृष्टिकोण के छ ?

वास्तवमा गैरआवासीय नेपाली संघको स्थापना नेपाली भाषा, संस्कृति जोगाउनका लागि भएको हो । भाषा, संस्कृति बनाउनका लागि हजारौँ वर्ष लागेको हुन्छ । तर, एउटा पुस्ताले भाषा सिकेन भने लोप हुन्छ । त्यसैले हामी हाम्रा पुस्तालाई भाषा हस्तान्तरण गर्न चाहन्छौँ ।

विश्वका धेरै मुलुकले आफ्नो भाषा जोगाउन भाषा र संस्कृति विस्तारका लागि प्रत्येक मुलुकमा एउटा कल्चर सेन्टर स्थापना गरेका हुन्छन् । हाम्रो नेपालमा पनि विभिन्न मुलुकमा कल्चर सेन्टर छन् । तर, नेपालको भने कुनै पनि मुलुकमा छैन । अब त्यो कल्चर सेन्टरको काम हामीले नै गर्छौँ । हाम्रो संस्था जति पनि मुलुकमा छ, त्यहाँ हाम्रो भाषा र संस्कृतिको जगेर्नाका काम हुनेछन् ।

नेपाली डायस्पोराले सामना गर्नुपर्ने मुख्य समस्या वा चुनौती के छन् र निर्वाचित भएमा त्यसलाई कसरी सम्बोधन गर्ने योजना छ ?

अहिले जति पनि विदेशमा छौँ, यो हाम्रो पहिलो पिँढी हो । यो पिँढीलाई विदेशमा आफूलाई स्थापित गर्न धेरै गाह्रो भयो । आर्थिक र सामाजिक रूपमा सुरक्षित बनाउनमा नै धेरै समय खर्च भयो । तर, हामी संगठित भएपछि भने विदेशी समुदायमा स्थापित हुन सहज भएको छ । त्यसैले अब विदेशमा बस्ने नेपालीमाथि हुने कुनै पनि खालको गलत क्रियाकलापका विरुद्ध बोल्न सक्ने भएका छौँ । विदेशमा राम्रो रोजगारी दिने भन्दै नेपालबाट मानव तस्कर गर्ने ठूलो जालो छ । अब हामी त्यसलाई जरैदेखि निर्मूल पार्नेछौँ । साथै, त्यहाँका नेपालीलाई सोही मुलुकमा पाउनुपर्ने अधिकारको विषयमा पनि अब हामीले बोल्नुपर्नेछ ।

प्रस्तुति : मुना कुँवर

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार २३ असोज ०८०

वैदेशिक रोजगारीमा गएका लुम्बिनी प्रदेशका तीन सय ८३ परिवारको स्थलगत सर्वेक्षण

६८ प्रतिशतले जोडे घरघडेरी

३५.५१ प्रतिशतले खेती गर्न छाडे, आफन्तको मनोरञ्जन खर्च दोब्बर

परिवारको आम्दानी सवा दुई लाखबाट बढेर साढे आठ लाख र खर्च झन्डै दुई लाखबाट सवा चार लाख

पवन तिमिल्सिना/नयाँ पत्रिका

वैदेशिक रोजगारबाट श्रमिकले पठाउने रेमिट्यान्स अधिकांशले घरघडेरी जोड्नमै खर्च गरेको नेपाल राष्ट्र बैंकको एक अध्ययन प्रतिवेदनले देखाएको छ। केन्द्रीय बैंकले लुम्बिनी प्रदेशमा वैदेशिक रोजगारीले आर्थिक तथा सामाजिक क्षेत्रमा पारेको प्रभावबारे गरेको अध्ययन प्रतिवेदनअनुसार ६८.४१ प्रतिशतले आफ्नो तथा परिवारका नाममा घर-जग्गा खरिद एवं निर्माण गरेका छन्। साथै, वैदेशिक रोजगारीमा जानेको संख्या बढेसँगै ती परिवारमध्ये ३५.५१ प्रतिशतको जग्गा बाँझो छाडिएको प्रतिवेदनले देखाएको छ। यसबाट रेमिट्यान्स रकमको प्रयोग घरजग्गा किनबेचजस्ता अनुत्पादक क्षेत्रमा भएको देखाएको छ। नेपालमा रहेका परिवारले सजिलैसँग रकम प्राप्त गर्न थालेपछि दुःखजिलो गर्नुपर्ने खेती पेसाबाट नै बिमुख हुनेहरूको संख्या बढेको प्रतिवेदनमा उल्लेख छ। अध्ययनले श्रमिकका परिवारको मनोरञ्जन तथा दैनिक उपभोग्य खर्च झन्डै दोब्बर बढेको देखाएको छ।

अध्ययनमा परिवारको वैदेशिक रोजगारीमा जानुअघि र पछिका आम्दानी तथा खर्चको विश्लेषण गरिएको थियो। परिवारको दैनिक उपभोग्य खर्च र मनोरञ्जन खर्च वैदेशिक रोजगारीमा जानुअघि भन्दा ९६ प्रतिशत बढेको देखाएको छ। रोजगारीमा गएपछि बचतमा उल्लेख्य वृद्धि भएको देखिन्छ। वैदेशिक रोजगारीमा गएपछि परिवारको वार्षिक औसत आम्दानी करिब दुई लाख २१ हजारबाट बढेर आठ लाख ४३ हजार पुगेको छ। त्यस्तै, औसत खर्च पनि करिब एक लाख ९० हजारबाट बढेर चार लाख २७ हजार पुगेको छ। वैदेशिक रोजगारीमा जानुपूर्व परिवारले बचतको परिमाण पनि बढाएको उल्लेख छ। औसत बचत ३१ हजारबाट उल्लेख्य वृद्धि भई चार लाख १६ हजार पुगेको देखिन्छ।

वैदेशिक रोजगारीमा संलग्न बचत रकमलाई ६८.४१ प्रतिशत श्रमिक परिवारका सदस्यहरूले घरघडेरी खरिद तथा निर्माणमा लगानी गरेका छन्। ६६.०२ प्रतिशतले बैंक बचतमा पनि राखेका छन्। ५२.६७ प्रतिशतले सुन-चाँदी खरिद गरेका छन् भने १२.२७ प्रतिशतले व्यापार-व्यवसायमा लगानी गरेका छन्। सामाजिक कार्य, व्यक्तिगत लगानी र सेयर खरिदमा पनि रेमिट्यान्स उपयोग भएको छ।

राष्ट्र बैंकको वार्षिक योजनाअनुसार प्रत्येक प्रादेशिक कार्यालयहरूले अध्ययन प्रस्ताव गर्न पाउँछन्। जसअनुसार सिद्धार्थनगर कार्यालयले यसपटक रेमिट्यान्सको प्रभावकारिता विषय अघि सारेको कार्यालयका निर्देशक सत्येन्द्र सुवेदीले जानकारी दिए। उनले भने, 'वैदेशिक रोजगारीको प्रभाव यकिन हुन नसकिरहेको र यसले पार्ने नकारात्मक असरलाई न्यूनीकरणको उपाय पहिचान गर्ने उद्देश्य हो।'

अध्ययनका क्रममा कार्यालयले भारतबाहेकका विदेशमा गएका श्रमिकका परिवारसँग प्रश्नोत्तर गरेको थियो। त्यस्तै, वैदेशिक रोजगारीपछि उद्योग तथा व्यवसायमा परेको प्रभावका विषय अध्ययन गर्न अन्तर्वार्तासमेत गरिएको सुवेदीले जानकारी दिए। अध्ययनमा लुम्बिनी प्रदेशअन्तर्गतका पाँचवटा जिल्ला गुल्मी, अर्घाखाँची, पाल्पा, रुपन्देही र रोल्पाबाट तीन सय ८३ परिवारको स्थलगत सर्वेक्षण गरिएको थियो।

वैदेशिक रोजगारीमा जाँदा लागेको खर्चका आधारमा समेत श्रमिकको वर्गीकरण गरिएको छ। जसअनुसार सबैभन्दा बढी एकदेखि दुई लाख रुपैयाँसम्म खर्च गरेर विदेश जाने श्रमिक ४२ प्रतिशत छन्। यस्तो खर्चको सीमाभित्र रहेर खाडी मुलुक जानेको संख्या पनि ३६ प्रतिशत छ। तीनदेखि चार लाखसम्म खर्च गरेर जाने संख्या सबैभन्दा ४.७० प्रतिशत छ। यस अध्ययनमा वैदेशिक रोजगारीमा जाँदा लागेको खर्च व्यवस्थापनका लागि धेरैले गैरबैंकिङ स्रोतकै भर पर्नुपरेको बताएका छन्।

रोजगारीमा गएका श्रमिक परिवारलाई सोधिएका विभिन्न प्रश्नको जवाफ (% मा)

शीर्षक	बढेको	यथावत्	घटेको
खेतीयोग्य जमिन	१३.०५	५१.४४	३५.५१
घरघडेरी	६५.८	३३.४२	०.७८
व्यापार	६८.२१	२८.४८	३.३१
सेयर कारोबार	१२.२७	८७.४७	०.२६
गरगहना	६३.१९	३४.४६	२.३५
बचत	८८.२५	१०.७१	१.०४
दैनिक उपभोग खर्च	९६.६१	२.८७	०.५२
मनोरञ्जन खर्च	९६.०८	३.३९	०.५३

स्रोत : नेपाल राष्ट्र बैंक

वर्गीकरण गरिएका माध्यममध्ये बैंक-वित्तीय संस्था तथा सहकारीलाई बैंकिङ माध्यम र स्व-बचत, पारिवारिक सदस्य, साथीभाइ, आफन्त, साहुमहाजनबाट सापटीलाई गैरबैंकिङ माध्यममा वर्गीकरण गरिएको थियो। अध्ययनमा समेटिएका नमुनामध्ये सबैभन्दा बढी ८४.९० प्रतिशत श्रमिकले वैदेशिक रोजगारीमा जाँदा लागेको खर्चको व्यवस्था गैरबैंकिङ माध्यमबाट जोहो गरेको खुलेको छ। बैंकिङ स्रोतमा १५.१० प्रतिशत मात्रै श्रमिकले पहुँच पुऱ्याउन सकेको पाइएको छ।

वैदेशिक रोजगारीमा गएका श्रमिकमध्ये ८२ प्रतिशतले सम्झौताअनुसार काम पाउने गरेको उल्लेख गरेका छन्। बाँकी १८ प्रतिशत श्रमिकले सम्झौताअनुसार काम पाउन नसकेको गुनासो गरेका छन्। त्यस्तै, वैदेशिक रोजगारीमा गएका श्रमिकमध्ये ८० प्रतिशतले सम्झौताअनुसार तलब पाउने गरेका छन् भने २० प्रतिशतले सम्झौताअनुसार तलब सुविधा पाउन नसकेको प्रतिवेदनमा खुलेको छ।

वैदेशिक रोजगारीबाट प्राप्त कमाइलाई ९७.६५ प्रतिशतले बैंकिङ माध्यमबाट स्वदेशमा पठाउने गरेको बताएका छन्। तर, हुन्डीमार्फत पठाएको रकम पनि नेपालमा बैंक खातामा नै पाउने भएकाले धेरैले वैधानिक रूपमा नै पठाएको सोच्ने गरेको निर्देशक सुवेदीको अनुमान छ। उनले भने, 'अधिकांश हुन्डीमार्फत आउने रेमिट्यान्स पनि श्रमिकका परिवारको हातमा आइसक्दा बैंकिङ माध्यमकै प्रयोग हुने भएकाले कतिपयले प्राप्त आयलाई वैधानिक रूपमा बुझेका हुन सक्छन्। जसले गर्दा ठूलो संख्यामा औपचारिक माध्यमबाट रेमिट्यान्स भित्रिएको जस्तो यस अध्ययनले देखाउने सम्भावना छ। तर, यसलाई पनि हामीले अध्ययनमा समेटेका छौं।'

कतिपयले अनौपचारिक माध्यमबाट नेपाल पठाउने र स्वदेशमा सम्बन्धित परिवारले बैंक खातामार्फत भुक्तानी लिने गरेको कारोबारलाई समेत बैंकिङ माध्यम भनेको हुन सक्ने प्रतिवेदनमै उल्लेख छ।

यस्तो छ सुझाव

वैदेशिक रोजगारीमा गएर फर्किएका व्यक्तिहरूको ज्ञान, सीप तथा अनुभवलाई केन्द्रमा राखेर तीनै तहका सरकारले ल्याएका विशेष कृषि, पशुपालन, लघुउद्यम कार्यक्रममा विशेष आकर्षण नदेखिएको प्रतिवेदनको ठहर छ। सरकारका यस्ता नीतिलाई थप परिमार्जन गरी लगानी प्रोत्साहन गर्न उचित कदम चाल्नुपर्ने सुझाव दिइएको छ। अनौपचारिक माध्यमबाट रेमिट्यान्स भित्रिने र स्वदेशमा सम्बन्धित परिवारको बैंक खातामा जम्मा हुने जानकारी पाइएकाले यसलाई पूर्ण रूपमा वैधानिक माध्यम बनाउन नीति-नियम परिमार्जन गर्नुपर्ने उल्लेख छ।

त्यस्तै, आधारभूत तहको पाठ्यक्रममा वैदेशिक रोजगारी तथा आय-आर्जन र समस्या-चुनौती समावेश गर्नुपर्ने बताइएको छ। वैदेशिक रोजगारीमा जाने कामदार एवं उनीहरूको परिवारलाई प्राप्त हुने आयको उचित उपयोगका लागि वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव दिइएको छ।

वैदेशिक रोजगारीमा जाने श्रमिकका पारिवारिक सदस्यलाई जानुपूर्व अनिवार्य बैंक खाता खोल्न लगाई रेमिट्यान्स बैंक खातामार्फत नै पठाउने व्यवस्था मिलाउने र पुनः श्रम स्वीकृति लिँदा बैंक खातामार्फत विप्रेषण आए-नआएको यकिन गरेर मात्र श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था गर्नुपर्ने उल्लेख छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

जलविद्युत्को लाइसेन्स बिक्रीमा कडाइ

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारले जलविद्युत् आयोजनाहरूको अध्ययन तथा उत्पादनको लाइसेन्स बिक्री गर्न कडाइ गरेको छ। विद्युत् विकास विभागले विद्युत् आयोजनाको अनुमतिपत्रसम्बन्धी निर्देशिका, २०७५ को चौथो संशोधन गर्दै यसमा कडाइ गरेको हो। अब लाइसेन्स पाएका कम्पनीले आयोजनामा चाहिने स्वःपुँजी तथा ऋण लगानीको ग्यारेन्टी गरेपछि मात्रै अनुमति पाउनेछ। साथै, विद्युत् बिक्रीको समेत ग्यारेन्टी गरेको हुनुपर्ने निर्देशिकामा उल्लेख छ।

यसअघि वातावरणीय प्रभाव मूल्यांकनको हकमा क्षेत्र निर्धारण (स्कोपिङ डकुमेन्ट) र स्वीकृत कार्यसूची (टर्म्स अफ रिफरेन्स), प्रारम्भिक वातावरणीय परीक्षणको हकमा स्वीकृत कार्यसूची (टर्म्स अफ रिफरेन्स), अनुमतिपत्र हस्तान्तरण गरी लिने कम्पनी वा संस्थाको आर्थिक हैसियत पुष्टि गर्ने कागजात पेस गरेमा विभागले लाइसेन्स बिक्री तथा हस्तान्तरणको अनुमति दिन्थ्यो।

अब भने यसका लागि थप प्रक्रिया पूरा गर्नुपर्नेछ। अनुमतिपत्र लिने र दिने दुवै कम्पनी वा संस्थाको सञ्चालक समितिको निर्णय, पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको प्रमाण, लेखापरीक्षण प्रतिवेदन विभागमा बुझाउनुपर्नेछ।

सानाको लाइसेन्स प्रतिस्पर्धाविनै

सरकारको बास्केट (आयोजना बैंक)मा रहेका २० मेगावाटभन्दा कम जडित क्षमताका आयोजनाहरू अब विनाप्रतिस्पर्धा निजी कम्पनीलाई विकास निर्माण गर्न दिने नीति पनि ल्याएको छ। विशेष गरी सरकारको आफ्नै खर्च, सरकारको स्वामित्वमा रहेका संस्था र विदेशी सहयोगमा सम्भाव्यता अध्ययन भएका २० मेगावाटभन्दा कम क्षमताका आयोजनाको लाइसेन्स विनाप्रतिस्पर्धा दिने व्यवस्था गरिएको हो। उत्पादन अनुमतिपत्र रद्द भएर बास्केटमा आएका २० मेगावाटभन्दा कम क्षमताका आयोजनाहरूको लाइसेन्स पनि विनाप्रतिस्पर्धा दिइनेछ।



खुला प्रतिस्पर्धाबाट लाइसेन्स दिँदा निकै झन्झट हुन्छ। साना आयोजनालाई त्यस्तो झन्झट नहोस् भनेर यो नीति ल्याएका हौँ। यसले साना आयोजनाको विकास निर्माणमा प्रवर्द्धकलाई सहजता प्रदान गर्छ।

चिरञ्जीवी चटौत
महानिर्देशक, विद्युत् विकास विभाग

यसअघि सरकारी बास्केटमा रहेका सबै क्षमताका आयोजनाको लाइसेन्स प्रतिस्पर्धामा दिइने नीति थियो। तर, त्यो झन्झटिलो हुने भएकाले साना आयोजनाका हकमा विनाप्रतिस्पर्धा लाइसेन्स दिने नीति ल्याएको विभागका महानिर्देशक चिरञ्जीवी चटौतले बताए।

'खुला प्रतिस्पर्धाबाट लाइसेन्स दिँदा निकै झन्झट हुन्छ। साना आयोजनालाई त्यस्तो झन्झट नहोस् भनेर यो नीति ल्याएका हौँ,' उनले भने, 'यसले साना आयोजनाको विकास निर्माणमा प्रवर्द्धकलाई सहजता प्रदान गर्छ।'

नयाँ नीतिअनुसार २० मेगावाटभन्दा ठूला आयोजनाको लाइसेन्स भने प्रतिस्पर्धी प्रणालीबाटै दिइनेछ। यद्यपि, सरकारको अधिकांश सेयर लगानी रहेको सार्वजनिक संस्था तथा कम्पनीलाई भने २० मेगावाटभन्दा ठूला आयोजनाको लाइसेन्स पनि विनाप्रतिस्पर्धा दिइनेछ। यो सरकारको बास्केटमा रहेका जलविद्युत् आयोजनाको हक मात्रै लागू हुनेछ। निजी क्षेत्रले पहिचान गरेका आयोजनाको हकमा भने यो लागू हुँदैन। यद्यपि, संसद्मा दर्ता भएको विद्युत् विधेयक, २०८० मा सरकारले आफैँले मात्रै आयोजना पहिचान गरेर अध्ययन गर्ने र निर्माणको लाइन प्रतिस्पर्धामार्फत दिने नीति छ। त्यो पारित भएमा भने सोहीअनुसार निर्देशिका संशोधन हुने महानिर्देशक चटौतको भनाइ छ।

जलाशययुक्त र पम्प स्टोरेजको लाइसेन्स अवधि ४५ वर्ष

निर्देशिकामार्फत जलाशययुक्त (स्टोरेज) र पम्प जलाशययुक्त (पम्प स्टोरेज) आयोजनाहरूको लाइसेन्स अवधि ४५ वर्षसम्म हुने नीति ल्याइएको छ। यसअघि निर्देशिकामा यस्तो आयोजनाको लाइसेन्स अवधि कति हुने भनेर स्पष्ट व्यवस्था छैन। प्रचलित ऐनमा भने सबैखाले आयोजनाको लाइसेन्स अवधि ५० वर्ष हुने नीति छ। तर, विभागले नवीकरणको सुविधासहित ३५ वर्षको अवधि राखेर लाइसेन्स जारी गर्दै आएको छ। अहिले आएर निर्देशिकामार्फत जलाशय र पम्प स्टोरेजलाई ४५ वर्ष अवधिको उत्पादन लाइसेन्स दिने नीति ल्याइएको हो।

पहिलो दिन २५ हजारले गरे टिकट बुकिङ

काठमाडौं/ सार्वजनिक यातायातमा दसैं बुकिङ खुलेको पहिलो दिन काठमाडौंको गोंगबु बसपार्कबाट झन्डै २५ हजार टिकट बिक्री भएको व्यवसायीले बताएका छन्। दसैंमा घर फर्कने यात्रुलाई लक्षित गर्दै यातायात व्यवसायीले सोमबारबाट अग्रिम टिकट बुकिङ खुला गरेका छन्। पहिलो दिन २४ हजार तीन सयभन्दा बढी टिकट बुकिङ भएको राष्ट्रिय यातायात व्यवसायी महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले जानकारी दिए। सरकारसँग भएको पूर्वसहमतिअनुसार व्यवसायीहरूले देशभरकै सार्वजनिक यातायातका लागि अग्रिम टिकट बुकिङ खुला गरेका हुन्। काठमाडौंलगायतका देशभरका मुख्य सहरहरूमा रहेका काउन्टरबाट टिकट बुकिङ सुरु गरेको उनको भनाइ छ।

गत शुक्रबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग र यातायात व्यवसायीबीच छलफलपछि सोमबारदेखि अग्रिम टिकट बुकिङ खुला गर्ने निर्णय भएको थियो। प्रचलित भाडादरमै अग्रिम टिकट बुकिङ खुला गरिएको छ। तर, सर्वसाधारणले सहज रूपमा टिकट पाउन नसकेको गुनासो गरेका छन्।

व्यवसाय, रोजगारी, अध्ययनलगायतका उद्देश्यसहित देशभरका लाखौं सर्वसाधारण परिवारबाट छुट्टिएर संघीय राजधानी काठमाडौंलगायतका सहरमा बसोबास गर्दै आएका छन्। जब दसैं, तिहार तथा छठजस्ता ठूला पर्व आउँछन्, त्यसपछि भने उनीहरू आफ्नै परिवारसँगै चाडपर्व मनाउन जान्छन्। फलस्वरूप यसवेला यात्रुको चाप हुने गर्छ। दसैं मनाउनकै लागि घटस्थापनापछि काठमाडौं उपत्यकाबाट दैनिक लाखौं सर्वसाधारण बाहिरिने गर्छन्। त्यसो गर्दा तत्काल गाडी पाउने सम्भावना कम हुन्छ। सोही विषयलाई लक्षित गर्दै अग्रिम टिकट बुकिङको व्यवस्था गर्ने परम्परा छ।



ब्लास्ट रोगले ८० हेक्टर मार्सी धानबाली नष्ट

जुम्लामा **मानदत्त रावल**

जुम्लाको तातोपानी गाउँपालिका ४ र ५ वडाको मार्सी धानबाली मरुवा (नेक बलास्ट) रोगले नष्ट भएको छ। करिब ८० हेक्टर क्षेत्रफलमा उत्पादन भएको धानबाली भित्र्याउने समयमा मरुवा रोगले नष्ट हुँदा किसानहरू मर्कामा परेका छन्।

कृषि क्यालेन्डरअनुसार धानबाली असोज-कात्तिक महिनामा भित्र्याउने गरिन्छ। स्थानीय कृषक धनप्रसाद चौलागाईंले हरेक वर्ष २२ रोपनी खेतबाट २२ क्विन्टल मार्सी धान उत्पादन गर्थे। तर, यो वर्ष २२ रोपनी खेतकै धानबाली नष्ट भएको दुःखेसो गरे। 'यहाँको धानबाली मुख्य खेती हो, यही उत्पादनले वर्षभरि पुग्थ्यो,' उनले भने, 'ब्लास्ट रोगको प्रकोपले धानबाली नष्ट भयो। भित्र्याउन लागेको धानमा आगो लगाउनुपर्ने अवस्था आएको छ। भकारी मात्र होइन, सयौं किसानका पेट रित्तिएका छन्। अब भोकमरी र खाद्य संकट झेल्नुको अवस्था आएको छ।' ६० वर्ष उमेर काटेका उनले स्थानीय लोकल कालीमार्सी धानबाली लगाएका थिए। यसअघि धानमा रोग लागेर नष्ट भएको थाहा नभएको उनको भनाइ छ। उनले भने, 'यो भएको पहिलो घटना हो, के कसरी भयो ? हामी किसान अनभिज्ञ छौं।' तातोपानी गाउँपालिका वडा नं ४, ५, ६ र चन्दननाथ-९ का सयौं किसान अहिले पीडित भएका छन्। निकट भविष्यमा खाद्य संकट निम्तिने र कसरी टार्ने चिन्तामा रहेको उनीहरूको भनाइ छ। तातोपानीको सबैभन्दा धेरै लाम्रा, नगर, ऐरैनी हाँक, हियाँ खोला ज्युलोमा ब्लास्ट रोगले धानबाली नष्ट भएको छ।

ब्लास्ट रोगले क्षति गरेको धानबाली लगाएको ज्युलोमा कृषिविज्ञसहितको टोलीले स्थलगत अनुगमन गरेको छ। नेट ब्लास्ट रोगका कारण धानबाली सखाप भएपछि तातोपानीका किसानले अप्रत्याशित रूपमा ठूलो क्षति व्यहोर्नुपरेको तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले बताए। उनले भने, 'पालिकाबाट राहत दिएर सम्भव छैन। दिन पनि सकिँदैन। जिल्ला विपद् व्यवस्थापनको बैठक बसेर, कार्यपालिका बैठक राखी किसानको राहत र पुनर्स्थापनाका लागि पहल गर्छौं।'

जुम्लामा बर्सेनि कुनै न कुनै क्षेत्रको मार्सी धानमा ब्लास्ट रोग लाग्ने गरेको कृषिविज्ञ बताउँछन्। यो वातावरणीय प्रभावका कारणले फैलिने प्रकोप हो। ब्लास्ट रोगबारे जुम्लाका सबै किसान जानकार पनि छन्। धानमा लाग्ने ब्लास्ट रोग तीन प्रकारका हुन्छन्। कृषि विकास कार्यालय जुम्लाका प्रमुख बालकराम देवकोटा भने 'एउटा लिप ब्लास्ट (पातमा) हुने संक्रमण नियन्त्रणमा लिन सकिन्छ। दोस्रो फिंगर ब्लास्ट (धानको डाँठमा) लाग्ने रोगलाई पनि नियन्त्रण गर्न सकिन्छ। तेस्रो ब्लास्ट रोग भनेको नेक ब्लास्ट (घाँटी मरुवा) अर्थात् धानको बालामै लाग्ने रोग हो। यसले बाला पोटिलो नहुने, धानमा दूध नभरिँदै झर्ने समस्या हुन्छ। यो अन्तिम अवस्थामा लाग्ने रोग भएकाले पनि नियन्त्रणमा समस्या छ।'

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय भैरवा रुपन्देहीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल/अचल सम्पती गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०६/२३ गते मंगलवारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका)

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीहरुले बिभिन्न शिर्षक अन्तरगत लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति चल/अचल सम्पत्ती जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय भैरहवा, रुपन्देहीमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८०/०८/०५ गते मंगलवारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय भैरवा रुपन्देहीमा दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी तथा जमानतकर्ताको विवरण :

१. **ऋणी : साविर अलि फकिर**
(ना.प्र.नं. ८/१५३ ,जारी मिति २०४४/११/१० जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही)।
ठेगाना : रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ०१ (हाल देवदह न.पा. वडा नं. १)।
बाबु : मोहब्बत अलि फकिर। बाजेः भोनु फकिर।

जमानतकर्ता : सरिफुन निसा फकिर
(ना.प्र.नं. ९/२३३२ ,जारी मिति २०४६/०२/२१ जरी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही)।
ठेगाना : रुपन्देही जिल्ला, पजरकट्टी वडा नं.०१ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, केरवानी वडा नं.०१
बाबु : रिपासत फकिर। पति/ससुरा : साविर अलि फकिर/मोहब्वत अलि फकिर।

लिलाम विक्री हुने धितो सुरक्षणको बिवरण :
साविर अलि फकिरको नाम मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा न. १ नक्सा सिट नं. १क स्थित कि.नं. ३२ को क्षेत्रफल २३५.६० ब.मी को घरजग्गा र उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत।

२. **ऋणी : राफीक अहमद खां**
(ना.प्र.नं.४/३३६३, जारी मिति २०५३/०६/१५ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही)।
ठेगाना : रुपन्देही जिल्ला, लुम्बिनी अर्दश गा.वि.स. वडा नं. ०४ (हाल लुम्बिनी सांस्कृतिक न.पा. वडा नं.०३)।
बाबु : स्व.कमरुदीन खां। बाजे : यासीन खां।

जमानतकर्ता : समिउन्तीस मुसलमान
(ना.प्र.नं. ५७३७ ,जारी मिति २०६३/०४/२९ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही)।
ठेगाना : रुपन्देही जिल्ला, लुम्बिनी अर्दश गा.वि.स. वडा नं. ०४ (हाल लुम्बिनी सांस्कृतिक न.पा. वडा नं.०३)।
बाबु :यहसानुल्लाह खा ।पति/ससुरा : राफीक अहमद खां/स्व.कमरुदीन खां।

जमानतकर्ता : अब्दुल मुवीन
(ना.प्र.नः ११/१९०२ जारी मिति २०४५/०२/०५ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही)।
ठेगाना : रुपन्देही जिल्ला, लुम्बिनी अर्दश गा.वि.स. वडा नं. ०२ (हाल लुम्बिनी सांस्कृतिक न.पा. वडा नं.०३)।
बाबुः अवदुल अजीम। बाजेः हवलदार अजीम।

जमानतकर्ता : भुल्लन प्रसाद यादव
(ना.प्र.नः ४८२४ जारी मिति २०४४/०४/२२ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही)।
ठेगाना : रुपन्देही जिल्ला, सिपवा गा.वि.स. वडा नं. ०३ (हाल कोटहीमाई गा.पा. वडा नं.०३)।
बाबुः स्व.नोहर अहिर। पत्नी : आरती यादव।

लिलाम विक्री हुने धितो सुरक्षणको बिवरण :
राफीक अहमद खांको नाममा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला लुम्बिनी अर्दश गा.वि.स.वडा नं. ४ नक्सा सिट नं.४ स्थित कि.नं. ३८८ र ३९२ क्षेत्रफल ०-१०-८-० र ०-१५-१९।५-० जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. **ऋणी : रानु पाठक**
(ना.प्र.नं. ३७ १०५९/११८३७, जारी मिति २०६८/०१/२१ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही)।
ठेगाना : रुपन्देही जिल्ला, रोइनिहवा गा.वि.स. वडा नं.०३ (हाल सम्मरीमाई गा.पा.वडा नं. ०५)।
बाबु : दुर्गेश उपाघ्याय ।पति/ससुरा : पन्नु कुमार पाठक/श्रीकान्त पाठक।

जमानतकर्ता : पन्नु कुमार पाठक
(ना.प्र.नं. ११४८ ,जारी मिति २०५६/०२/२१ जरी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही)।
ठेगाना : रुपन्देही जिल्ला, रोइनिहवा गा.वि.स. वडा नं.०३ (हाल सम्मरीमाई गा.पा. वडा नं. ०५)।
बाबुः श्रीकान्त पाठक। बाजेः कृपानाथ पाठक।

जमानतकर्ता : छत्रपाल गोसाई
(ना.प्र.नं. ५/४०६ ,जारी मिति २०५१/०९/११ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही)।
ठेगाना : रुपन्देही जिल्ला, असुरैना गा.वि.स. वडा नं.०७ (हाल सम्मरीमाई गा.पा.वडा नं. ०६)।
बाबुः लौटु गोसाई। बाजेः द्धवरीका गोसाइ।

लिलाम विक्री हुने धितो सुरक्षणको बिवरण :
रानु पाठकको नाममा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला सिद्धर्थनगर न.पा. वडा नं.०३ नक्सा सिट नं. ३क स्थित कि.नं. ४८६१ क्षेत्रफल ०-०-८।७५-० को घरजग्गा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

४. **ऋणी : मिना भुसाल**
(ना.प्र.नं. ३७२०१३/४९२७९ जारी मिति २०६५।०५।२६, जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देहि)।
ठेगाना : रुपन्देहि जिल्ला शंकर नगर गा.वि स. वडा नं.०६ (हाल तिलोतमा न.पा.वडा नं.०४।
बाबुः लेभ बहादुर गुरुङ। बाजेः कुल बहादुर गुरुङ।

जमानतकर्ता : चुरामणी पन्त
(ना.प्र.नं ३/७८९० जारी मिति २०५४।१०।०६ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देहि)।
ठेगाना : रुपन्देही जिल्ला पश्चिम अमुवा गा.वि.स.वडा नं. ४ (हाल सियारी गा.पा.वडा नं. ०७)। हालको ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं. ०९।
बाबुः लक्ष्मी राज पन्त। बाजेः हेम चन्द्र पन्त।

जमानतकर्ता : ओम राज पन्त
(ना.प्र.नं ५/९५ जारी मिति २०५०।०३।१५ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देहि)।
ठेगाना : रुपन्देहि जिल्ला पश्चिम अमुवा गा.वि.स.वडा नं. ४ (हाल सियारी गा.पा.वडा नं. ०७)।
हालको ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं. ०९।
बाबुः लक्ष्मी राज पन्त। बाजेः हेम चन्द्र पन्त।

लिलाम विक्री हुने सम्पत्तिको विवरण :
यातायात ब्यवस्था कार्यालय लुम्बिनी अञ्चल बुटवलमा दर्ता कायम भई धनि यस बैंक (साबिकको सेञ्चुरी कमर्सियल बैंक लि.), ऋणी मिना भुसाल भई यस बेंकको नाममा दर्ता कायम रहेको निम्न बमोजिमको सवारी साधन : **Vehicle Details:**

Model	Engine No.	Chassis No.	Reg. No.
LP 712/34/EX (TATA LCV BUS)	497TC92GTY830475	MAT453507G8R18220	LU.2 KHA 1224

पुनश्च :
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग, तथा शाखा कार्यालय भैरहवा रुपन्देही**बाट समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय भैरहवा रुपन्देहीमा** सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

बिहीबारदेखि स्टक क्लियरेन्स मेला

काठमाडौं / दसैंको अवसर पारेर आउँदो बिहीबारदेखि भृकुटीमण्डपमा स्टक क्लियरेन्स मेला 'ग्रान्ड सेल' आयोजना हुने भएको छ। दसैंका लागि सस्तो मूल्यमा वस्तु तथा सेवा एकै छानामुनि उपलब्ध गराउने उद्देश्यका साथ इभेन्ट सोलुसन प्रालिले छैटौं संस्करणको मेला आयोजना गर्न लागेको हो।

बजारको तुलनामा दैनिक उपभोग्य सामानहरू सस्तोमा उपलब्ध हुने इभेन्ट सोलुसन प्रालिका प्रबन्ध निर्देशक विजयसागर प्रधानले जानकारी दिए। उनले भने, 'एकै छानामुनि सुपथ मूल्यमा आमउपभोक्तालाई दसैंको किनमेल गराउने उद्देश्यले मेला आयोजना गरिएको हो।' मेलामा नेपाल, भारत, चीन, बंगलादेश, पाकिस्तान, मलेसिया, जापान तथा अन्य युरोपेली मुलुकमा उत्पादित सामानहरूको खरिद गर्ने ग्राहकले ५० प्रतिशतभन्दा बढी दसैं विशेष छुट पाउने आयोजकको भनाइ छ। नेपाली उत्पादनमा विभिन्न किसिमका अफर पनि सञ्चालन हुने जनाइएको छ। बर्सेनि आयोजना हुँदै आएको एक्स्पोलाई यसपटक पनि निरन्तरता दिँदै 'दसैंका वेला सस्तो मेला' नारा दिइएको इभेन्ट सोलुसनका प्रबन्ध निर्देशक प्रधानले बताए।

मेलामा कपडा, जुत्ता, ह्यान्डिक्राफ्ट, इलेक्ट्रोनिक्स, मोटरसाइकल र होम अप्लाइन्सेजलगायतका स्टलमा उपभोक्ताका आवश्यकताअनुसारका सामान राखिने तथा बजारको तुलनामा सस्तोमा स्वदेशी तथा विदेशी ब्रान्डका सामान खरिद गर्न सकिने आयोजकको भनाइ छ।

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८०।०६।२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरू धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरूलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरू लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिकि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पतिहरू खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनका दिन अर्थात मिति २०८०।०६।३० मा (उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा ब्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंमा रू. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

सि.नं.	कर्जा शिर्षक	ऋणी तथा ब्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	लिलाम हुने धितोको विवरण
१.	१. ओभरड्राफ्ट कर्जा २. डिमाण्ड लोन	**ऋणीको नामः दाहाल काष्ठ उद्योग (सः मिल)** (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, मोरङ (विराटनगर) मा दर्ता रहेको) दर्ता नं. १०१०५/०६८/०६९, दर्ता मितिः २०६८।१२।२२ स्थायी लेखा नं.: ३०५५००२२१ ठेगानाः मोरंग जिल्ला, उर्लाबारी गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल मोरंग जिल्ला, उर्लाबारी न.पा., वडा नं. ७ । प्रोप्राईटर : राजन प्रसाद दाहाल ना.प्र.प.नं (जारी मिति/स्थान): ४५५/१२६ (२०५१।०३।३०/ई.प्र.शा.उर्लाबारी) बाजेको नामः दाताराम दाहाल बाबुको नामः होम प्रसाद दाहाल ठेगानाः मोरंग जिल्ला, उर्लाबारी गा.वि.स., वडा नं. १ । व्यक्तिगत जमानतकर्ताहरूः **१. होम प्रसाद दाहाल** ना.प्र.प.नं (जारी मिति/स्थान): ४९८५५२०७ (२०३६।०७।२८/झापा) बाजेको नामः कर्णाखर दाहाल बाबुको नामः दाताराम दाहाल ठेगानाः झापा जिल्ला, कोहवरा गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल मोरंग जिल्ला, उर्लाबारी न.पा., वडा नं. ७ । **२. नर्वदा देवी दाहाल** ना.प्र.प.नं (जारी मिति/स्थान): ४९८५५२०८ (२०३६।०७।२८/झापा) बाबुको नामः धागनाथ गुरागाई ससुराको नामः दाताराम दाहाल पतिको नामः होम प्रसाद दाहाल ठेगानाः झापा जिल्ला, कोहवरा गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल मोरंग जिल्ला, उर्लाबारी न.पा., वडा नं. ७ । **३. सुष्मा घिमिरे** ना.प्र.प.नं (जारी मिति/स्थान): ३६९७८/३३३ (२०५८।११।१६/तेह्रथुम) बाबुको नामः सोमनाथ घिमिरे ससुराको नामः होम प्रसाद दाहाल पतिको नामः राजन प्रसाद दाहाल ठेगानाः तेह्रथुम जिल्ला, पौठाक गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल मोरंग जिल्ला, उर्लाबारी न.पा., वडा नं. ७ ।	१. दाताराम दाहालको नाति, होम प्रसाद दाहालको छोरा, मोरंग जिल्ला, उर्लाबारी गा.वि.स., वडा नं. १ बस्ने **राजन प्रसाद दाहालको** नाममा मालपोत कार्यालय बेलबारी, मोरंगको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स., वडा नं. ५ फ स्थीत कि.नं. ६६४ र ३५६१ को क्षेत्रफल क्रमशः ०-०-१५-० र ०-०-३-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत । २. कर्णाखर दाहालको नाति, दाताराम दाहालको छोरा, झापा जिल्ला, कोहवरा गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल मोरंग जिल्ला, उर्लाबारी न.पा., वडा नं. ७ बस्ने **होम प्रसाद दाहाल** को नाममा मालपोत कार्यालय बेलबारी, मोरंगको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स., वडा नं. ५ च स्थीत कि.नं. १५६० को क्षेत्रफल ०-२-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।
२.	ओभरड्राफ्ट कर्जा	**ऋणीको नामः ऊँ गौतम ब्रदर्श शु हाउस** (नेपाल सरकार,वाणिज्य मन्त्रालय, वाणिज्य विभाग वाणिज्य कार्यालय, नेपालगंजमा दर्ता रहेको) दर्ता नं.: २६२२९/०७३/०७४ दर्ता मितिः २०७३/०८/२६ स्थायी लेखा नं.: ६०५५१२१९७ ठेगानाः बाँके जिल्ला, कोहलपुर न.पा., वडा नं. ११। प्रोप्राईटरः **किशोर कुमार भुसाल** ना.प्र.प.नं (जारी मिति/स्थान): ६५२०२९-४०(२०६४/११/०६/बर्दिया) बाजेको नामः झल्लु प्रसाद भुसाल बाबुको नामः जागेश्वर भुसाल ठेगानाः बर्दिया जिल्ला, गोला गा.वि.स. वडा नं. ६ । व्यक्तिगत जमानतकर्ताहरूः **१. कमल भुसाल** ना.प्र.प.नं (जारी मिति/स्थान): ६५२०२९/७२(२०६५/०७/११/बर्दिया) बाजेको नामः झिल्लु प्रसाद भुसाल बाबुको नामः जागेश्वर भुसाल ठेगानाः बर्दिया जिल्ला,गोला गा.वि.स. वडा नं.६ स्थायी ठेगाना भई हाल बाँके जिल्ला,कोहलपुर न.पा. वडा नं.५। **२. कालीका भुसालनी** ना.प्र.प.नं (जारी मिति/स्थान): ८९२(१)(२०४३/०९/०५/बर्दिया) ससुराको नामः झिल्लु प्रसाद भुसाल पतिको नामः जागेश्वर भुसाल ठेगानाः बर्दिया जिल्ला,गोला गा.वि.स. वडा नं.६ स्थायी ठेगाना भई हाल बाँके जिल्ला,कोहलपुर न.पा. वडा नं.५। **३. मनिषा भुसाल** ना.प्र.प.नं (जारी मिति/स्थान): ६६-०१-७२-०६२१५(२०७२/०९/२६/बाँके) बाबुको नामः वरुण कुमार गौतम ससुराको नामः जागेश्वर भुसाल पतिको नामः किशोर कुमार भुसाल ठेगानाः बाँके जिल्ला,कोहलपुर गा.वि.स. वडा नं.५ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं.५ । **४. सुनीता रेग्मी (भुसाल)** ना.प्र.प.नं (जारी मिति/स्थान): ६६-०६-७७-००११५ (२०७७/०३/२४/बाँके) बाबुको नामः टिकाराम रेग्मी ससुराको नामः जागेश्वर भुसाल पतिको नामः कमल भुसाल ठेगानाः बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ५।	१. झिल्लु प्रसाद भुसाल को बुहारी, जागेश्वर भुसाल को पत्नि, बर्दिया जिल्ला, गोला गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ५ बस्ने **कालीका भुसालनी** को नाममा मालपोत कार्यालय बाँके को लगतमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला, रझेना गा.वि.स. वडा नं. ८ ख स्थित कि.न. १४६९ को क्षेत्रफल ०-०-१० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । २. झिल्लु प्रसाद भुसाल को बुहारी, जागेश्वर भुसाल को पत्नि, बर्दिया जिल्ला,गोला गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ५ बस्ने **कालीका भुसालनी** को नाममा मालपोत कार्यालय राजापुर, बर्दिया को लगतमा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला, मनाउ गा.वि.स. वडा नं. २ ख स्थित कि.न. २९२,२८७,२९६ र ३७९ को क्षेत्रफल क्रमश २७९३.६९,३३८६.३०,१५२३.८२ र ४१४८.२१ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । ३. झिल्लु प्रसाद भुसाल को नाति, जागेश्वर भुसाल को छोरा, बर्दिया जिल्ला, गोला गा.वि.स. वडा नं. ६ बस्ने **किशोर कुमार भुसाल**को नाममा मालपोत कार्यालय राजापुर, बर्दिया को लगतमा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला, मनाउ गा.वि.स. वडा नं. २ ख स्थित कि.न. ४५० को क्षेत्रफल २०३१.७८ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
३.	१. ओभरड्राफ्ट सुविधा २.बैंक जमानत	**ऋणीको नामः डि.वि. लिक्विड सेन्टर** (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा, तानसेन, पाल्पामा दर्ता रहेको) दर्ता नं.: २९६४/०७३-०७४ दर्ता मिति : २०७३/०६/१० स्थायी लेखा नं.: ६०५१४८२६६ ठेगानाः पाल्पा जिल्ला, तानसेन न.पा., वडा नं. ८। प्रोप्राईटरः **बाबुराम अधिकारी** ना.प्र.प.नं (जारी मिति/स्थान): ४२२०२६/८२९(२०६९/०५/१३/स्याङ्जा) बाजेको नामः उमाकान्त अधिकारी बाबुको नामः काशिराम अधिकारी ठेगानाः स्याङ्जा जिल्ला, कृष्णगण्डकी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, तानसेन न.पा., वडा नं. ३। व्यक्तिगत जमानतकर्ताः **हुमा पाण्डे अधिकारी** ना.प्र.प.नं (जारी मिति/स्थान): ४११०२९-४६५(२०७०/०१/१५/स्याङ्जा) बाबुको नामः नारायण हरी पाण्डे ससुराको नामः काशिराम अधिकारी पतिको नामः बाबुराम अधिकारी ठेगानाः स्याङ्जा जिल्ला, कालीगण्डकी गा.पा., वडा नं. ६ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं ३।	काशिराम अधिकारीको बुहारी, बाबुराम अधिकारीको पत्नि, स्याङ्जा जिल्ला, कालीगण्डकी गा.पा.वडा नं. ६ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला,तानसेन न.पा.वडा नं. ३ बस्ने **हुमा पाण्डे अधिकारी**को नाममा मालपोत कार्यालय पाल्पा को लगतमा दर्ता श्रेष्ता कायम रहेको पाल्पा जिल्ला, बर्तुङ्ग गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.न. ४२९ को क्षेत्रफल ११९.२४ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
४.	आवधिक कर्जा	**ऋणीको नामः ल्हाक्पा डोल्मा तमाङ** ना.प्र.प.नं (जारी मिति/स्थान): ६३९९/२८४५ (२०६३/०२/१०/रसुवा) बाबुको नामः कैसाङ घले ससुराको नामः दावा दर्के तमाङ पतिको नामः कामी छोवाङ तमाङ ठेगानाः रसुवा जिल्ला, स्याफ्रु गा.वि.स वडा नं. ४ स्थायी ठेगाना भई हाल रसुवा जिल्ला, गोसाइकुण्ड गा.पा. वडा नं. ५। व्यक्तिगत जमानतकर्ताः **कामी छोवाङ तमाङ** ना.प्र.प.नं (जारी मिति/स्थान): ६२ (२०६०/०८/२९/रसुवा) बाजेको नामः मिङग्युर तमाङ बाबुको नामः दावा दर्के तमाङ ठेगाना. रसुवा जिल्ला, स्याफ्रु गा.वि.स वडा नं. ४।	मिङग्युर तमाङको नाति, दावा दर्के तमाङको छोरा रसुवा जिल्ला, स्याफ्रु गा.वि.स वडा नं. ४ बस्ने **कामी छोवाङ तमाङ** को नाममा मालपोत कार्यालय रसुवा को लगतमा दर्ता श्रेष्ता कायम रहेको रसुवा जिल्ला, स्याफ्रु गा.वि.स वडा नं. ४ स्थित कि.न. ६८९, ६९० र ७०८ को क्षेत्रफल १-०-२-२, १-०-०-० र ०-१३-०-१ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७
Ext. १४५२ & १४१८

वृज सिमेन्टले मिस नेपाल जोशीको 'ब्युटी विथ ए पर्पोज' अभियानमा सहयोग गर्ने

नयाँ पत्रिका



वृज सिमेन्ट इन्डस्ट्रिज प्रालिले मिस वर्ल्ड २०२३ प्रतियोगितामा सहभागी मिस नेपाल २०२२ प्रियंकारानी जोशीको अभियानमा सहयोग गर्ने भएको छ। कम्पनीले मिस नेपाल प्रतियोगितामा सहभागीलाई विगत सात वर्षदेखि सहयोग गर्दै आएको छ।

डिसेम्बर २०२३ मा भारतमा हुने मिस वर्ल्ड २०२३ प्रतियोगितामा मिस नेपाल २०२२ प्रियंकारानी जोशीले प्रस्तुत गर्ने 'ब्युटी विथ ए पर्पोज' परियोजनामा सहभागिता रहने वृज सिमेन्टले जनाएको छ। 'ब्युटी विथ ए पर्पोज'लाई मिस वर्ल्डमा जितिने सबैभन्दा प्रतिष्ठित उपाधि मानिने कम्पनीले जनाएको छ। यो उपाधि नेपालले सन् २०१३, २०१८ र २०१९ मा जितिसकेको छ। यस वर्ष प्रियंकारानी जोशी आफ्नो 'ब्युटी विथ ए पर्पोज' योजनाका लागि चितवनको इच्छाकामना गाउँपालिका वडा नं ७ मा रहेको उपरदाङगढीका चेपाङ महिलाको आर्थिक उत्थानमा केन्द्रित रहेको कम्पनीले जनाएको छ। अहिलेको समयमा पनि विद्युत्‌को पहुँच नभएको उपरदाङगढीमा पाँच सय जनसंख्या रहेको जनाइएको छ। विद्युत् उपलब्ध नभएका कारण यहाँका बासिन्दा शिक्षा र स्वास्थ्यजस्ता आधारभूत सेवाबाट पनि वञ्चित रहेको जनाइएको छ। बिजुली नपुगेका कारणले ऊर्जाका लागि उपरदाङगढीवासी दाउरा, मट्टीतेल, गुइँठा आदिमा भर पर्न बाध्य रहेकाले यसको प्रत्यक्ष मारमा महिला परेका छन्।

यो अवस्थाको अन्त्य गर्न र महिलाको आर्थिक विकास र प्रगतिलाई टेवा दिन प्रियंकारानी जोशीको उपरदाङगढीमा बिजुली ल्याउने, यहाँ सामुदायिक भवन निर्माण गर्ने, स्थानीय विद्यालयको जीर्णोद्धार गर्नेलगायतका सत्कार्यमा कम्पनीले सहकार्य गर्ने जनाएको छ। जोशीको परियोजनाका लागि आवश्यक पर्ने सिमेन्ट वृज सिमेन्ट र पुष्पतारा केडिया सेवा फाउन्डेसनले संयुक्त रूपमा प्रदान गर्ने कम्पनीले जनाएको छ। पुष्पतारा केडिया सेवा फाउन्डेसनले विभिन्न क्षेत्रमा क्रियाशील सामाजिक संघ-संस्थालाई आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न परियोजनाका लागि सहायता प्रदान गर्दै आइरहेको जनाएको छ।

जावलाखेल जुत्ता मेलामा एक लाख अवलोकनकर्ता

काठमाडौं / नेपाली जुत्ता-चप्पल उत्पादक समूहले जावलाखेलमा आयोजना गरेको 'जावलाखेल जुत्ता-चप्पल दसैं महोत्सव २०८०' मा अवलोकन तथा किनमेल गर्नेको संख्या एक लाख पुगेको छ। 'नेपाली उत्पादनको प्रवर्द्धन हाम्रो अभियान' भन्ने मुख्य नारासहित आयोजना गरिएको मेलामा एक करोड ५० लाख रुपैयाँभन्दा बढीको जुत्ता-चप्पल बिक्री भएको हो।

१० असोजदेखि चलेको मेलामा नेपाली गुणस्तरीय तथा आकर्षक जुत्ता-चप्पल ५० प्रतिशतसम्मको छुटमा खरिद गर्न सकिने भएकाले ग्राहकको भिड बढिरहेको आयोजकको दाबी छ।

साथै, लक्की ड्रमार्फत बम्पर उपहारको व्यवस्था गरिएको हुँदा महोत्सवमा ग्राहकको बाक्लो उपस्थिति भएको आयोजकले जनाएका छन्। महोत्सवमा रोयल सुज, बिएफ डियर हिल र बिएफ स्पोर्ट, क्रस रोड सुज, फस्टवाक सुज, सिल्स, हाई लाइफ, केटिएम, डिजे सुज, बेली सुज, उत्सव र कोसेली सुज गरी ११ वटा कम्पनी र ब्रान्डहरूको सहभागिता रहेको छ।

Pokhara University
Office of the Controller of Examinations
Pokhara-30, Dhungepatan, Kaski

Notice of Intent to Award the Contract

Date of Publications : 2080/06/23

This is to notify all the concerned that it is our intention to award the contract under PPMO's E-Procurement Portal, IFB No. PUOCE/NCB01/2080-2081 to the following bidder selected aslowest evaluated substantially responsive bid with respect to the following bid. This notice is being published for the provision of clause 27(2) of Public Procurement Act, 2063 of Nepal.

IFB No.	Description	Selected Bidder's Name and Address	Evaluated bid price including VAT
PUOCE/ NCB01/ 2080-2081	The Procurement of Printing and Supply of Answer Sheet	Sunrise Printing Offset Press P. Ltd., Kathmandu	Rs.62,12,740/- (Sixty Two lakhs Twelve thousand Seven hundred Forty rupees only)

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड

ICFC

तपशिलमा उल्लेखित ऋणीलाई कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०६/२३

यस फाइनान्सको शाखा कार्यालय ग्वार्को, ललितपुरबाट तपशिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने बक्यौता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखत तथा प्रचलित नेपाल कानून बमोजिम कर्जा असूल्ने क्रममा तपाईं ऋणीले धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति बेच बिखन गरी कर्जा रकम असूल उपर गरि लिइनेछ। सोबाट समेत असूल उपर हुनुपर्ने सम्पूर्ण रकम असूल उपर हुन नसकेमा प्रचलित कानून अनुसार तपाईं ऋणीको अन्य चल/अचल सम्पत्ति तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ। साथै, ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाईं ऋणीबाट नै भराई लिईनेछ। तपाईं ऋणीबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिहरुले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला। उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपशिल

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं : १५३२११/०७३/०७४, मिति : २०७३/०४/१९ मा दर्ता भइ नेपाल सरकार आन्तरिक राजश्व कार्यालय, जोरपाटी, काठमाडौंबाट स्थायी लेखा नं. : ६०४२९८८३० को प्रमाणपत्र प्राप्त **सुपर लाइक कन्स्ट्रक्सन प्रा. लि.**।
ठेगाना : बौद्ध वडा नं. ६, काठमाडौं।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

१. नाम : कामे शेर्पा बाबु: लक्षिमान शेर्पा बाजे : जिवा शेर्पा ना.प्र.नं. : ३१७५१ जारी मिति : २०६०/०८/०१, जि.प्र.का. दोलखा। ठेगाना : मार्बु-८, दोलखा, हाल का.म.पा. वडा नं. ६	**२. नाम : प्रदिप लामा तामाङ** बाबु : बाबु लामा तामाङ बाजे : भक्त बहादुर तामाङ ना.प्र.नं.: ४४/२४/११८२७ जारी मिति : २०४६/०३/०७, जि.प्र.का. काठमाडौं। ठेगानाः का.म.पा. वडा नं. ४
३. नाम : बिनु लामा बाबु : देउ प्रसाद गुरुङ पति : प्रदिप लामा तामाङ ससुरा : बाबु लामा तामाङ ना.प्र.नं. : १९३३७ जारी मिति : २०६२/०४/११, जि.प्र.का. काठमाडौं। ठेगानाः का.म.पा., वडा नं. ४	**४. नाम : सकृय लामा** बाबु : प्रदिप लामा तामाङ बाजे : बाबु लामा तामाङ ना.प्र.नं.: २७-०१-७१-०६२७८ जारी मिति : २०७१/०९/०३, जि.प्र.का. काठमाडौं। ठेगाना : का.म.पा., वडा नं. ४
५. नाम : दामु तामाङ बाबु : रकम सिं तामाङ पति : कामे शेर्पा ससुरा : लक्षिमान शेर्पा ना.प्र.नं. : ३७०६२ जारी मिति : २०५८/०४/०३, जि.प्र.का.लमजुङ। ठेगानाः नौथर-९, लमजुङ, हाल का.म.पा., वडा नं. ६	**धितो सुरक्षणको विवरण** मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंमा प्रदिप लामा तामाङको नाममा दर्ता कायम रहेको का.म.न.पा. वडा नं. ४, नक्सासिट नं. १०२०९८६१३ स्थित कित्ता नं. १७ को क्षेत्रफल २०२.७० वर्ग मिटर, नक्सासिट नं. १०२०९८६१८ स्थित कित्ता नं. ६३०, ६३२, को क्षेत्रफल क्रमश २२०.४६ र ९.९२ वर्ग मिटर को घरजग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत...।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२
www.icfc.com.np

आरबिबी मर्चेन्ट बैंकिङको लगानीकर्ता सचेतना कार्यक्रम



काठमाडौं / आरबिबी मर्चेन्ट बैंकिङ लिमिटेडले चितवनको वीरेन्द्र बहुमुखी क्याम्पसमा स्नातकोत्तर तहको व्यवस्थापन संकायमा अध्ययनरत विद्यार्थी तथा शिक्षकको सहभागितामा लगानीकर्ता सचेतना अभिवृद्धि कार्यक्रम गरेको छ।

सचेतना अभिवृद्धि गरी लगानीकर्तालाई सशक्तीकरण गर्ने उद्देश्यले नेपाल धितोपत्र बोर्डले नियमनकर्ताको अन्तर्राष्ट्रिय संगठन इन्टरनेसनल अर्गनाइजेसन अफ सेक्युरिटिज कमिसन्स (आइओएससिओ)को आह्वानमा मनाइएको विश्व लगानीकर्ता सप्ताह-२०२३ अन्तर्गत सचेतना अभिवृद्धि कार्यक्रम गरिएको हो।

नेपाल मर्चेन्ट बैंकर एसोसिएसनको पहलमा आयोजना भएको कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, भरतपुरका शाखा प्रमुख सबिनराज अधिकारीका साथै कर्मचारीहरू, वीरेन्द्र बहुमुखी क्याम्पसका प्रमुख प्रा. दयाराम पौडेल, वित्त संकाय प्रमुख डा. सुदीप वाग्ले तथा अध्ययनरत विद्यार्थीको उपस्थिति रहेको क्यापिटलले जनाएको छ।

सामसङ दसैं अफरका नौजना विजेता घोषित



काठमाडौं / दसैंको अवसर पारेर सुरु गरिएको 'सामसङ मोबाइल च्याप्पै, स्कुटर झ्याप्पै' योजनामा नौजना भाग्यशाली विजेता छनोट गरिएको छ। प्रत्येक विजेताले टिभिएस १२५ सिसी स्कुटर जितेका हुन्।

विजेताहरू असोज २ देखि असोज १५ सम्मको प्रवर्द्धनात्मक अवधिमा सामसङ स्मार्ट फोन वा ट्याब्लेट खरिद गर्ने सहभागीको समूहबाट छनोट गरिएको कम्पनीले जनाएको छ।

योजनाअनुसार अझै १३ वटा स्कुटर विजेता १३ जना छनोट हुने कम्पनीले जनाएको छ। कुनै पनि सामसङ स्मार्ट फोन वा सामसङ ट्याब्लेट खरिद गरी स्कुटर जित्ने भाग्यशाली विजेता बन्न सक्ने कम्पनीले जनाएको छ। योजना कात्तिक ३ सम्म लागू हुने कम्पनीले उल्लेख गरेको छ।

चोभार सुक्खा बन्दरगाहमा इलेक्ट्रिक गाडीको भन्सार जाँचपास सुरु



नयाँ पत्रिका

चोभारको सुक्खा बन्दरगाहमा भन्सार जाँचपासका लागि नयाँ सवारीसाधनसमेत आउन सुरु गरेको छ। ०७८ चैत २२ देखि सञ्चालनमा आएको सुक्खा बन्दरगाहमा कार्गो मात्र आउने गरेकोमा सवारीसाधन पनि जाँचपासका लागि आउन सुरु भएको हो।

हालसम्म साँग्रिला मोटर्स प्रालि, जिओ अटोमोबाइल्स प्रालिलगायतका कम्पनीले पेट्रोलबाट चल्ने ८३ वटा गाडी भन्सार जाँचपासमा आइसकेको बन्दरगाह सञ्चालक नेपाल इन्टरमोडेल यातायात विकास समितिले जनाएको छ। आयातकर्ताहरूले इलेक्ट्रिक गाडीसमेत भन्सार जाँचपासका लागि चोभार आउन सुरु गरेको जनाइएको छ। इभी नेपाल जी मोटर्स प्रालिले चारवटा इलेक्ट्रिक कार कन्टेनरमा राखी सुक्खा बन्रगाहमा ल्याएको हो।

उक्त गाडीहरू भन्सार जाँचपासका लागि वीरगन्ज नाकाबाट सीधै चोभार सुक्खा बन्दरगाहमा ल्याइएको हो। चोभार भन्सार कार्यालयबाट भन्सार जाँचपास प्रक्रिया व्यवस्थित भएपछि सवारीसाधन चोभार आउन थालेको जनाइएको छ। आगामी दिनमा अझै थप सवारी चोभार आउने जानकारी आयातकर्ताले गराएका छन्।

बन्दरगाह पूर्ण क्षमतामा सञ्चालनमा ल्याउनका लागि कन्टेनराइज्ड माल वस्तु एवं नयाँ सवारीसाधन चोभार सुक्खा बन्दरगाहमा ल्याउन आयातकर्तासँग निरन्तर छलफल भइरहेको नेपाल इन्टरमोडेल यातायात विकास समितिका कार्यकारी निर्देशक आशिष गजुरेलले बताए।

चोभार सुक्खा बन्दरगाह भन्सार कार्यालयमा भन्सार जाँचपासका लागि आउने मालवाहक सावारीसाधन एवं नयाँ सवारीसाधनका लागि प्रवेश निःशुल्क गर्नुका साथै पार्किङ एवं गोदाम शुल्कसमेत न्यूनतम गरी समितिले स्तरीय सेवा प्रदान गरिरहेको जनाएको छ। जसका कारण हालसम्म दुई सय दुईवटा कन्टेनर, ८३ वटा पेट्रोल र चारवटा विद्युतीय गाडीहरूको भन्सार जाँचपासका लागि आइसकेको उल्लेख छ। सुक्खा बन्दरगाहको एक्जिम क्षेत्रमा भएका दुईवटा गोदाम पनि आयातकर्ताले सामान भण्डारका लागि प्रयोग गर्ने गरेको जनाइएको छ। त्यस्तै, आन्तरिक टर्मिनलको पार्किङ एवं गोदाम प्रयोगका लागि आउने व्यवसायीहरूको संख्यासमेत बढ्दै गएको गजुरेलले बताए।

के भयो सर्वदलीय बैठकमा ?

नयाँ पत्रिका

राजनीतिक दलहरूले इजरायलमा युद्धक्षेत्रमा फसेका नेपालीको तत्काल उद्धार गर्न तथा युद्धबारे सन्तुलित भएर प्रस्तुत हुन सरकारलाई सुझाव दिएका छन् । सोमबार साँझ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बोलाएको सर्वदलीय बैठकमा नेताहरूले अप्ठ्यारोमा रहेका नेपालीलाई सुरक्षित स्थानमा ल्याउन र स्वदेश फर्कन चाहनेलाई तत्काल जहाजको प्रबन्ध गर्न सुझाव दिएका हुन् ।

बैठकको सुरुवातमा सरकारका तर्फबाट परराष्ट्रमन्त्री एनपी साउदले इजरायल घटनालाई लिएर सरकारले गरेका ११ निर्णयबारे दलहरूलाई जानकारी गराएका थिए । उनले इजरायलमा हमास समूहको आक्रमणमा परी ज्यान गुमाएका नेपालीको परिवारलाई सरकारले १० लाख रुपैयाँ राहत उपलब्ध गराउनेदेखि घटनामा बेपत्ता भएका नेपालीको खोजीमा तीव्रता दिने, घाइतेहरूको तत्काल उपचारका लागि समन्वय र सहजीकरण गर्नेलगायतका निर्णयबारे अवगत गराएका थिए ।

प्रधानमन्त्री प्रचण्डले उद्धार र राहत कार्यलाई कसरी छिटो गर्न सकिन्छ भन्ने विषयमा सम्पूर्ण दलसँग राय मागेका थिए । जवाफमा अधिकांश दलका शीर्ष नेताले इजरायल सरकारसँग समन्वय गरी तत्काल उद्धार गर्न र फर्किन चाहने नेपालीका लागि विमान चार्टर गरेर पठाउन सुझाएका हुन् । यसैगरी नेताहरूले शव जतिसक्दो चाँडो नेपाल ल्याउन र परिवारमा पुर्‍याउन सुझाव दिएका छन् ।

सरकारले पनि तदारुकताका साथ काम गर्ने प्रतिबद्धता जनाएको छ ।

'इजरायल घटनाबारे बोलाएको सर्वदलीय बैठकमा दलका नेताहरूले दुःख र संकटको समयमा सरकारसँग सहकार्य गर्ने जुन धारणा राख्नुभएको छ, त्यसले सरकारलाई अघि बढ्न मद्दत मिलेको छ,' बैठकपछि प्रधानमन्त्री प्रचण्डले भने । त्यसअघि उनले र परराष्ट्रमन्त्रीले इजरायलमा रहेका नेपालीसँग भिडियोमा कुराकानी गर्दै सरकारले उद्धारका लागि प्रयास थालिसकेको जानकारी गराएका थिए ।

माओवादी प्रमुख सचेतक हितराज पाण्डेका अनुसार बैठकमा दलहरूले सरकारको पहलकदमीको प्रशंसा गर्दै यसको कार्यान्वयनमा जोड दिएको बताए । 'यो दुःखद घटनामा राष्ट्र नै एक ठाउँमा उभिनुपर्ने हुन्छ र समग्र पार्टीहरूले एउटै अवधारणा बनाउनुपर्ने हुन्छ भनेर प्रधानमन्त्रीले दलहरूको सुझाव माग्नुभयो,' पाण्डेले भने, 'त्यसपछि सबै दलका तर्फबाट नेताहरूले आफ्नो भनाइ राख्नुभयो । सरकारले जे पहलकदमी लिइरहेको छ, त्यो ठीकै छ, तर यसलाई अझ कार्यान्वयनमा लगोस् भन्ने सुझाव आयो । त्यसका साथसाथै आधिकारिक ठाउँबाट जनतालाई सही सूचना सम्प्रेषण गराउने विषयचाहिँ सरकारले गरोस् भन्ने सुझाव छ ।'

कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले बैठकमा अप्ठ्यारोमा परेकाको तत्काल उद्धार र मृत्यु भएकाको शव जतिसक्दो चाँडो नेपाल झिकाउने विषयमा छलफल भएको बताए । 'मूलतः बंकरमा बस्नुपरेको, असुरक्षित ठाउँमा रहनुभएका नेपालीलाई सुरक्षित ठाउँमा राख्ने, तुरुन्त उद्धार गर्ने र सुरक्षित ठाउँमा राख्न सरकारले पहलकदमी गर्ने भन्ने निष्कर्ष छ । मृत्यु भएका युवाको शव जतिसक्दो चाँडो नेपाल ल्याउने र परिवारमा पुर्‍याउन सुझाव दिएका छौँ,' लेखकले भने, 'डर-त्रासका कारण थप घटना हुन सक्ने अवस्थालाई मध्यनजर गरेर सरकारले तदारुकताका साथ नेपालीको सुरक्षामा काम गर्न बैठकमा सुझाएका छन् ।'

इजरायल र प्यालेस्टाइनको इस्लामिस्ट समूह हमासबीच भइरहेको द्वन्द्वबारे नेपाल सरकारले संवेदनशील भएर धारणा बनाउनुपर्ने दलहरूको सुझाव छ । प्रमुख प्रतिपक्षी दल एमालेका नेता ईश्वर पोखरेलले द्वन्द्वबारे सरकार सन्तुलित ढंगले प्रस्तुत हुनुपर्ने सुझाव दिएको बताए । 'इजरायलको विषयमा सरकारले के गर्दै छ भन्ने विषयमा सबै दललाई जानकारी दिने उद्देश्यले बोलाइएको बैठकमा प्रधानमन्त्रीले तत्कालको अवस्था र सरकारको निर्णयबारे जानकारी दिनुभयो,' पोखरेलले भने, 'हामीले सरकारले सन्तुलित ढंगले प्रस्तुत हुनुपर्छ, हाम्रो देशको भूराजनीतिक संवेदनशीलतालाई हेरेर चल्नुपर्छ भन्ने हिसाबले कुरा राख्यौँ । बंकरमा रहेकाको उद्धार गर्नुपर्ने कुरामा अविलम्ब गर्नुपर्‍यो । यसमा सरकारले समन्वयात्मक ढंगले काम गरोस् भन्ने हाम्रो सुझाव थियो ।'

बैठकमा सहभागी जनमत पार्टीका उपाध्यक्ष अब्दुल खानले कूटनीतिप्रति संवेदनशील भएर द्वन्द्वबारे बोल्न दलहरूले सुझाव दिएको बताए । 'सबै दलका शीर्ष नेताको डिप्लोमेसी सन्तुलित रहने गरी प्रस्तुत हुन सुझाव थियो,' खानले भने, 'दुई देशको युद्धको विषयका बोल्नभन्दा पनि त्यहाँ भएको मानवीय क्षति र फसेका नेपालीको उद्धारमा तदारुकता देखाउन सबैको सुझाव थियो ।'

बैठकमा जनमतका पार्टी अध्यक्ष सिके राउतले इजरायलमा नेपालीको अवस्था र उद्धारकार्यबारे सूचना प्रवाहमा कमी नराख्न सुझाव दिए । 'सरकारले त्यहाँको अवस्थाबारे पीडित परिवारलाई सूचना दिइरहनुपर्‍यो । साम्प्रदायिक द्वन्द्व फैलने खालका सूचना प्रवाह सामाजिक सञ्जालमा हुन दिनुभएन । उद्धारकार्य छिटोभन्दा छिटो हुनुपर्‍यो,' राउतको सुझाव थियो ।

२० हजार...

पृष्ठ १ बाट क्रमशः

थिए । उनलाई सहकारीले १८ प्रतिशत ब्याज दिने प्रलोभन दिएको थियो । सुरुको केही महिना उनले सोही दरमा ब्याज पनि पाए । हौसिएका उनले नजिकका छिमेकीलाई पनि सोही सहकारीमा लगेर रकम जम्मा गर्न भने ।

जाहेरी दिन सिआइबी कार्यालय पुगेका उनले नयाँ पत्रिकासँग भने, 'मनग्य ब्याज पाउने प्रलोभनमा म फसेँ । भएभरको सबै रकम लगेर सहकारीमा राखेँ । केही महिना त ब्याज प्राप्त भयो । तर, पछि न ब्याज दियो, न सावाँ रकम नै । केही राहत होला कि भनेर जाहेरी बोकेर प्रहरीकहाँ आइपुगेको छु । अब के हुन्छ थाहा छैन ।'

प्युठान जिम्रुक गाउँपालिका-२ की सीता जिसीले पनि ब्याजको लोभमा देउराली सहकारीमा १० लाख रुपैयाँ लगेर राखिन् । वैदेशिक रोजगारीमा गएका भाइसँग ऋण लिएर उनले सहकारीमा उक्त रकम लगेर राखेकी थिइन् । तर, सहकारीका पदाधिकारीले गरेको चरम बदमासीले उनको पनि रकम डुब्न पुग्यो ।

'१८ प्रतिशत ब्याज दिन्छु भन्यो । वैदेशिक रोजगारीमा गएको भाइसँग ऋण लिएर सहकारीमा १० लाख रुपैयाँ राखेँ । केही महिना ब्याज पनि दियो । तर, पछि न ब्याज पाएँ, न सावाँ नै,' सिआइबी कार्यालयमै भेटिएकी जिसीले भनिन्, 'सहकारीका पदाधिकारीबाट भएको बदमासीले म डुबेँ ।'

सिआइबीका अनुसार सहकारीमा २० हजारभन्दा धेरै निक्षेपकर्ताको खाता छ । उनीहरूले एक अर्ब रुपैयाँभन्दा धेरै रकम जम्मा गरेका थिए । उक्त सबै रकम हिनामिना भएको सिआइबीको भनाइ छ । जसमध्ये ११ वटा निवेदनमा करिब सय निक्षेपकर्ताले ११ करोड रुपैयाँ बिगोदाबी गर्दै जाहेरी दिएको सिआइबीका एसएसपी दिनेश आचार्यले बताए ।

'देउराली बहुउद्देश्यीय सहकारीका पीडितबाट जाहेरी आउने क्रम जारी छ । हालसम्म ११ वटा निवेदन परेका छन् । जसमा पीडित हुनेहरूको संख्या ठूलो छ । अहिलेसम्म करिब ११ करोड रुपैयाँको बिगोदाबी पेस भएको छ । जाहेरी आउने क्रम जारी छ । त्योसँगै बिगोदाबी पनि बढ्दै जाला,' एसएसपी आचार्यले भने ।

सिआइबीका अनुसार ठगीका मुख्य नाइके काभ्रे चौरी-देउराली गाउँपालिका-६ का ३८ वर्षीय रवीन्द्र चौलागाईं हुन् । उनी सहकारीको अध्यक्षसमेत हुन् । उनकै योजनामा सहकारीले भक्तपुरको सूर्यविनायक र काठमाडौंको न्युरोडमा शाखा कार्यालय विस्तार गरेको थियो । प्रत्येक शाखा कार्यालयबाट अनेक आश्वासन बाँडेर निक्षेपकर्ताबाट रकम संकलन भएको थियो ।

संकलित रकम अध्यक्ष चौलागाईंले जग्गामा लगानी गरेका थिए । सोही जग्गा विभिन्न बैंकमा राखेर पाँच अर्ब रुपैयाँभन्दा धेरै ऋण लिएका थिए । ऋण लिएको सबै रकम उनले अपचलन गरेको प्रहरीले जनाएको छ । उनलाई यो धन्दामा सघाउने काम भने सहकारीमातहत शिक्षा उपसमितिकी संयोजक ३६ वर्षीया पूजा खत्री, सचिव ३५ वर्षीय महेश देउला, कोषाध्यक्ष ३४ वर्षीय मनोज भण्डारी, सदस्यहरू ३८ वर्षीय मनोहर बस्नेत, ६५ वर्षीय आशालाल महर्जन, ४५ वर्षीय सुमन महर्जन र ऋण उपसमितिको संयोजक राजेन्द्र खत्रीले गरेको पीडितहरूको भनाइ छ । 'यिनीहरूले निक्षेपकर्ताको एक अर्बभन्दा धेरै रकम संकलन गरे । सोही रकमले जग्गा खरिद गरे । जग्गा बैंकमा राखे । बैंकबाट पाँच अर्ब रुपैयाँभन्दा धेरै रकम ऋण लिए । ऋणबापतको उक्त रकम यिनीहरूले कहाँ, कसरी खर्च गरे, यसको कुनै विवरण खुल्न सकेको छैन,' पीडितमध्येका एक ललितपुरका मीनबहादुर थापाले भने ।

इजरायलमा...

पृष्ठ १ बाट क्रमशः

संकलनका लागि आइतबार रातिदेखि अनलाइन रजिस्ट्रेसन सुरु गरेको थियो । सोमबार साँझ दूतावासले जारी गरेको विज्ञप्तिअनुसार हाल युद्ध भइरहेको इजरायल-गाजाको सीमावर्ती क्षेत्रका कृषि फर्ममा फसेका नेपाली विद्यार्थीहरूलाई कृषि प्रशिक्षण केन्द्र, इजरायली सुरक्षा संयन्त्र तथा नेपाली संघ-संस्थाको सहयोगमा उद्धार थालिएको छ । 'केही विद्यार्थीहरूको थप सुरक्षित ठाउँमा स्थानान्तरण भइसकेको छ भने केही स्थानान्तरण हुने क्रममा छन्,' दूतावासले भनेको छ ।

सरकारले स्वदेश आउन चाहेका नागरिकको उद्धारका लागि नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सको विमान चार्टर गर्ने निर्णय गरेको छ । सोमबारको मन्त्रिपरिषद् बैठकले इजरायलमा रहेका नेपालीको उद्धार तथा स्वदेश फिर्तीमा सहयोग गर्न हिब्रु भाषा जान्ने स्थानीय व्यक्तिलाई बढीमा तीन महिनाका लागि नियुक्ति गर्न इजरायलस्थित नेपाली दूतावासलाई स्वीकृति दिने निर्णय पनि गरेको छ । इच्छुक नागरिकलाई स्वदेश नफर्किउन्जेलसम्म अस्थायी ट्रान्जिट होम स्थापना गरी व्यवस्थापन गर्न पनि सरकारले दूतावासलाई स्वीकृति दिएको छ । उद्धारका लागि इजरायल सरकार एवं छिमेकीलगायत अन्य मित्र राष्ट्रहरूसमेतको सहयोग लिने पनि सरकारको निर्णय छ ।

मन्त्रिपरिषद् बैठकपछि परराष्ट्र मन्त्रालयले विज्ञप्ती जारी गरेर भनेको छ, 'अध्ययनलगायत अन्य प्रयोजनका लागि इजरायलमा रहेका नेपालीलाई नेपाल आउन चाहेमा नेपाल सरकारले नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सको विमान चार्टर्ड गरी यथाशीघ्र नेपाल ल्याउने प्रबन्ध गर्ने ।' तर, इजरायलले जहाज चार्टरका लागि अनुमित दिएपछि मात्र सरकारले उद्धार उडान सुरु गर्नेछ । स्वदेश फर्किन इच्छुकहरूलाई नेपाली दूतावास र तेल अभिभले खुला गरेको अनलाइन रजिस्ट्रेसन प्रणालीमा आफ्नो विवरण यथाशीघ्र प्रविष्ट गर्न परराष्ट्रले अनुरोध गरेको छ ।

त्यस्तै, मृत्यु भएका विद्यार्थीको शव स्वदेश झिकाउन राजदूतावासले इजरायल सरकार तथा सरोकारवाला निकायसँग समन्वय थालेको छ । हमासको आक्रमणमा किबुज अलुमिममा उनीहरूको ज्यान गएको थियो । त्यस्तै, चार घाइतेको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । दुई विद्यार्थी तेलअबिब सहर पुगेका छन् भने कञ्चनपुरको भीमदत्तनगर नगरपालिका- ३ का विपिन जोशी बेपत्ता छन् ।

मृतकका परिवारलाई संघ सरकारले १० लाख र सुदूरपश्चिम सरकारले जनही दुई लाख दिने घोषणा

सरकारले दक्षिण इजरायलको किबुज अलुमियामा हमासको आक्रमणमा ज्यान गुमाएका विद्यार्थीका परिवारलाई जनही १० लाखका दरले राहत घोषणा पनि गरेको छ । मन्त्रिपरिषद्को सोमबारको बैठकले राहत घोषणासँगै मंगलबार राष्ट्रिय शोक घोषणा गरी देशभरका सरकारी कार्यालय तथा विदेशस्थित नेपाली नियोगहरूमा राष्ट्रिय झण्डा आधा झुकाउने निर्णयसमेत गरेको छ ।

त्यस्तै, सुदूरपश्चिम प्रदेश सरकारले इजरायलमा हमास समूहले गरेको आक्रमणमा ज्यान गुमाएका सुदूरपश्चिमका विद्यार्थीका परिवारलाई राहत दिने भएको छ । प्रत्येक परिवारलाई जनही दुई लाख रुपैयाँ राहत दिने निर्णय भएको मुख्यमन्त्री कमलबहादुर शाहले बताए । मुख्यमन्त्री शाहले इजरायलमा सम्पर्कविहीन तथा घाइते विद्यार्थीको शीघ्र खोज तथा उद्धारका लागि पहल गर्न नेपाल सरकारलाई आग्रह गरेका छन् । उनले विज्ञप्ति जारी गर्दै मृतकका शव र नेपाल आउन चाहने नेपालीलाई फिर्ता ल्याउन पनि आग्रह गरेका छन् ।

नेपालीप्रति भारतको सहानुभूति

भारत सरकारले इजरायलमा आतंकवादी आक्रमणमा १० नेपालीको मृत्यु भएकोप्रति दुःख एवं सहानुभूति जनाएको छ । नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले भारत सरकारका तर्फबाट परराष्ट्रमन्त्री एनपी साउदलाई सम्बोधन गरेर सोमबार पठाएको पत्रमा दुःख व्यक्त गरिएको छ । 'यस दुःखद घडीमा नजिकको छिमेकीको नाताले भारत नेपालको साथमा छ,' श्रीवास्तवले उल्लेख गरेका छन् ।

जोखिमयुक्त ठाउँबाट ३२ विद्यार्थीको सुरक्षित स्थानमा उद्धार

सुदूरपश्चिम विश्वविद्यालयका ३२ विद्यार्थीको सोमबार इजरायलका जोखिमयुक्त विभिन्न ठाउँबाट सुरक्षित स्थानमा उद्धार भएको छ । उनीहरूलाई इजिप्टतिरको सिमावर्ती इजरायली क्षेत्रमा पुर्‍याइएको हो । ४९ विद्यार्थी इजरायल गएकामा १० को मृत्यु भइसकेको छ भने चार घाइते अस्पतालमा उपचाररत छन् । एकजना भने बेपत्ता छन् ।

परराष्ट्र मन्त्रालयका अनुसार सोमबार उद्धार भएकाहरूमा रमेशबहादुर कार्की (बडिमालिका-७, बाजुरा), विनोदप्रसाद शाह (गढीमाई- ४, रौतहट), आभास भट्टराई (टीकापुर- १, कैलाली), नरेशसिंह भण्डारी (कृष्णपुर- २, कञ्चनपुर), लोकेन्द्र विष्ट (मष्टामाण्डु- ८, डडेल्धुरा), रोहित नायक (टीकापुर- ६, कैलाली), निरञ्जनकुमार कुसवाह (पिपरिया- ४, रौतहट), अरबिनकुमार चौधरी (दोधारा- ९, कैलाली), उपेन्द्र जिसी (टीकापुर- ९, कैलाली), ओमप्रकाश उपाध्याय (धनगढी- २, कैलाली), गणेश साउद (लम्कीचुहा- १, कैलाली), बादल सुवेदी (घोराही- ४, दाङ), प्रवीण जिसी (सिम्ता- २, सुर्खेत), गणेशप्रसाद जोशी (मेलौली- ५, बैतडी) र नवीन घिमिरे (बंगलाचुली- ३, दाङ) छन् ।

त्यस्तै, श्रेया तिवारी (रत्ननगर- ४, चितवन), विपना जोशी (लम्कीचुहा- ७, कैलाली), नारायण भुसाल (पैयुँ- ५, पर्वत), मनीषा खनाल (रेसुंगा- २, गुल्मी), लुइस रिजाल (गेरुवा-६, बर्दिया), प्रमोद भट्ट (मेलौली- ९, बैतडी), अनुप अधिकारी (कमलामाई- २, सिन्धुली), समर्पण आचार्य (तुल्सीपुर- १२, दाङ), निश्चल पाण्डे (टीकापुर- १, कैलाली), विभुषा अधिकारी (भरतपुर- १५, चितवन), सुष्मा रेग्मी (बान्निगढी जैगढ- २, अछाम), रचना चौधरी (टीकापुर- १, कैलाली), आशा मिश्र (लम्कीचुहा- ९, कैलाली), कल्पना जोशी (गोदावरी- २, कैलाली), शिलाकुमारी यादव (बढियाताल- ३, बर्दिया), साधना बोहरा (त्रिवेणी- ५, सल्यान) र विपिन सुवेदी (त्रिपुर- ५, दाङ) को पनि उद्धार भएको छ ।

प्रमोद केसी (त्रिवेणी- १, सल्यान) र वीरेन्द्र चौधरी (भजनी त्रिशक्ति- ४, कैलाली)को आइतबारै तेलअभिभमा उद्धार भएको थियो ।

चार्टर जहाज पठाएर नेपालीको उद्धार गर्न सांसदहरूको माग, उद्धारमा ढिलाइ गरेको गुनासो

काठमाडौं/ सांसदहरूले तत्काल चार्टर जहाज इजरायल पठाएर फसेका नेपालीको उद्धार गरी स्वदेश ल्याउन सरकारसँग माग गरेका छन् । प्रतिनिधिसभाको सोमबार बसेको बैठकको शून्य समयमा बोल्दै सांसदहरूले हमासको आक्रमणबाट इजरायलमा मृत्युवरण गरेका १० जना नेपाली विद्यार्थीको निधनप्रति दुःख व्यक्त गरे । उनीहरूले सम्पर्कविहीनको खोजी, घाइतेको उपचार र उद्धारको माग गरे भने मृतकको शव तुरुन्त नेपाल ल्याउन सरकारको ध्यानाकर्षण गराएका छन् । केही सांसदले परराष्ट्रमन्त्रीलाई चार्टर जहाजसँगै इजरायल पठाउनुपर्ने धारणासमेत राखेका थिए ।

सांसदहरूले पश्चिमी इजरायलमा अलपत्र नेपालीको उद्धारमा सरकारले ढिलाइ गरेको भन्दै विरोध जनाए । उनीहरूले घटना भएको तीन दिनसम्म पनि उद्धारका लागि ठोस कदम नचालेको भन्दै सरकारको आलोचना गरे । छिमेकी देशहरूले विशेष विमान पठाएर आफ्ना नागरिकको उद्धार गरिसकेको भन्दै नेपालले पनि यस्तै प्रकृतिको पहल गर्न सुझाव दिएका हुन् ।

कांग्रेस सांसद अर्जुननरसिंह केसीले हमास आक्रमणमा मारिएका १० जना नेपालीको शव तुरुन्त काठमाडौं ल्याउन माग गरे । स्वदेश फर्काउन नेपालीहरूले गुहार गरिरहेको भन्दै केसीले इजरायलमा रहेका नेपालीको यकिन गरी घाइते भएकालाई उपचारको व्यवस्था र नेपाल फर्काउनको निम्ति सरकारले तत्कालै युद्धस्तरमा काम गर्नुपर्ने बताए । पछिल्लो घटनाक्रम कुन खाले विकसित भइरहेको छ र कति नेपाली विस्थापित छन् भन्ने विवरण सरकारले संसदमा पेस गर्नुपर्ने उनको माग थियो । सांसद अञ्जनी श्रेष्ठले इजरायल घटनामा मृत्यु भएकाहरूको परिवारलाई मलमपट्टी लगाउने, घाइते उद्धार र अन्य नागरिकलाई पनि यथाशक्य स्वदेश फर्काउन माग गरिन् ।

एमाले सांसद गोकुल बाँस्कोटाले इजरायलसँग दक्षिण एसियामै नेपालको पुरानो सम्बन्ध रहेको उल्लेख गर्दै अहिलेको घटनामा सरकारको कूटनीतिक कमजोरी छताछुल्ल भएको बताए । बाँस्कोटाले दक्षिणी क्षेत्र मात्र होइन अन्य क्षेत्रमा पनि लडाइँ सुरु भएको भन्दै उनले सुरक्षित रूपमा नेपाल फर्काउने प्रबन्ध गर्न माग गरे । सांसद अमरबहादुर रायमाझीले अलपत्र परेका नेपालीको तुरुन्त उद्धारको व्यवस्था गर्न माग गरे । सांसद अमृतलाल राजवंशीले घटनास्थलमा अलपत्र परेका नेपालीको उद्धार गरी स्वदेश फर्काउन माग गरे ।

सांसद आशमाकुमारी चौधरीले बेपत्ता नागरिकको यथाशीघ्र खोजी, घाइतेको उपचार र स्वदेश फर्काउने व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराइन् । ईश्वरबहादुर रिजालले नेपालीहरू इजरायलमा बंकरभित्र उद्धार र मृत्यु पर्खेर बसेको भन्दै मृत्युको मुखमा पुगेका नेपालीलाई राज्य छ भन्ने अनुभूति गराउन माग गरे । ईश्वरी घर्तीले उद्धारमा भइरहेको ढिलाइले सरकार र नेपाली राजदूत कूटनीतिक रूपमा कमजोर देखिएको टिप्पणी गरिन् । उर्मिला थेवेले हराएका व्यक्तिको खोजी, त्यहाँ रहेका विद्यार्थी र अन्य नेपालीको उद्धार कार्यमा सरकारले ढिलाइ गरेकोमा भर्त्सना गरिन् । बंकरमा लुकेर बस्न बाध्य नेपालीहरूको उद्धारमा तत्काल लाग्न उनले सरकारको ध्यानाकर्षण गराइन् ।

ऋषिकेश पोखरेलले घाइते र बेपत्तासहित सबै नेपालीको सुरक्षाको प्रबन्ध मिलाउन अनुरोध गरे । एकनाथ ढकालले युद्ध घोषणा भइसकेको र नेपाली आतंकित बनेको भन्दै सरकारले तदारुकता नदेखाएको टिप्पणी गरे । प्रभावकारी ढंगबाट नेपालीको उद्धार गर्न उनले माग गरे ।

माओवादी उपमहासचिव जनार्दन शर्माले बेपत्ताको खोजी र घाइतेको शीघ्र उपचारका लागि सरकारसँग माग गरे । युद्धको घोषणा भइसकेपछि संकटमा रहेका नेपालीलाई स्वदेश फर्काउनका लागि विशेष पहल गर्न अनुरोध गरे । अप्ठेरोमा जीवन बिताइरहेकालाई सम्पर्कमा ल्याएर कूटनीतिक पहलमार्फत यथाशीघ्र कार्य अगाडि बढाउन र मृतकको शव नेपाल ल्याउन उनले माग गरे । युद्धरत क्षेत्रमा शान्ति स्थापनाका लागि नेपालको तर्फबाट आफ्नो भूमिका निभाउन सरकारको ध्यानाकर्षण गराए ।

सांसद अमनलाल मोदीले बेपत्ता विद्यार्थीको खोजी र कूटनीतिक पहलबाट उद्धार गर्न माग गरे । उर्मिला माझीले इजरायलमा जारी युद्ध लम्बिन सक्ने भएकाले प्रभावित क्षेत्रमा रहेका नेपालीहरूको उद्धार गर्न प्रभावकारी कूटनीतिक समन्वय र पहल गरी नेपालीहरूलाई स्वदेश फिर्ता गराउन वा सुरक्षित स्थानमा स्थानान्तरण गर्न, घाइतेको सहज उपचारको व्यवस्था गर्न सरकारलाई आग्रह गरिन् ।

छिरिङल्हामु लामा तामाङले मृतकको शव तत्काल नेपाल ल्याउने प्रबन्ध मिलाउन सरकारसँग माग गरिन् । घाइतेको उद्धार र उपचारका लागि इजरायली सरकारसँग समन्वय गर्न र जोखिममा रहेका अन्य विद्यार्थीलाई स्वदेश फर्काउन उनले सुझाइन् । एकढिक्का भएर सबैले सरकारलाई साथ दिनुपर्ने उनको भनाइ थियो ।

रास्वपाका असिम शाहले इजरायलमा १० जना नेपाली मारिनुमा देशभित्रका हमासहरू पनि जिम्मेवार रहेको टिप्पणी गरे । 'देशमा सीमित मान्छेको रजगज छ । देशको स्रोत-साधनमा यिनै हमासको हालीमुहाली छ । देशको कानुन यिनै हमासका लागि छ । देशभित्रका हमासको अत्याचार सहन नसकेर युवा विदेश जान्छन् । उता अर्को हमासले ज्यान लिन्छ,' उनले भने ।

नेपालमा पहिलोपटक...

पृष्ठ १ बाट क्रमशः

यी इजलासबाट यसबाट महिला वादी रहेका मुद्दाहरू सहज हुने र उनीहरूले शीघ्र न्याय पाउने प्रधानन्यायाधीश श्रेष्ठले बताए ।

जिल्ला अदालतका अनुसार इजलास नम्बर ४ र ५ मा क्रमशः पारिवारिक इजलास नं. १ र २ राखिएको छ । साबिकका यी फाँटमा पारिवारिक मुद्दाहरूको प्रशासनिक कार्य हुनेछन् । यी इजलासमा प्रत्येक कार्यालय दिनमा सुनुवाइ हुनेछ । जिल्ला अदालत काठमाडौंका इजलासहरूमा रहेका पारिवारिक इजलासबाट सुनुवाइ हुने महिला तथा बालबालिका पक्ष रहेका केही देवानी प्रकृतिका सबै विचाराधीन मुद्दा पारिवारिक फाँटमा सारिएको छ ।

प्रधानन्यायाधीश श्रेष्ठले आफूले संसदीय समितिमा गरेको प्रतिबद्धताअनुसार नै इजलास सुरु गरिएको बताए । पारिवारिक इजलासको विषय न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनामा पनि समावेश छ । जसमा उपभोक्ता, साइबर, पारिवारिक तथा बाल अदालतजस्ता विशिष्टीकृत अदालत तथा इजलासको स्थापना र विस्तार गर्ने उल्लेख छ । ०७९ देखि ०८१ सम्म यी अदालत तथा इजलासहरू प्राथमिकताका आधारमा स्थापना गर्न पहल गर्ने योजना न्यायपालिकाको थियो ।

पारिवारिक इजलासलाई विशेष ख्याल गर्न प्रधानन्यायाधीश श्रेष्ठले सबै जिल्ला न्यायाधीशलाई निर्देशन दिएका छन् । उनले यस्ता इजलासमा सहयोग गर्न बारलाई पनि अनुरोध गरे । 'सुधारको प्रक्रियाको यो पहिलो चरण हो । यसबाट नतिजा सकारात्मक आएमा महिला नै वादी भएका अन्य मुद्दा पनि यस इजलासबाट छिनोफानो हुने गरी विस्तार गर्छौं,' श्रेष्ठले थपे, 'जस्तो मानाचामल, सम्बन्धविच्छेदजस्ता भए । उपत्यकाका अन्य अदालतहरू मुद्दाको प्रकृति र संख्या हेरेर थप्ने विषयमा छलफल गर्नेछौं ।'

मोटरसाइकल हरायो

मिति २०८०/०६/२१ गते अन्दाजी राति ९:४५ बजेको समयमा ना.न.पा.-२, ठुलो भ्याङ स्थित सडक खण्डबाट मेरो निम्न व्यहोरा भएको कालो रंगको **220 CC** पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : रामशरण नेपाल
मो.सा.न.: बा. प्र.०२-०४३ प ०४५९
चेसिस न. : **MD2A13EX2MCJ97745**
इन्जिन न. : **DKXCMJ32202**
सम्पर्क न. : **9851197277**

अधूरै रह्यो...

पृष्ठ १ बाट क्रमशः

मृत्यु भएको खबर पाएदेखि हरिकृष्ण बोल्न सकिरहेका छैनन् । नारायण पाँच वर्षको हुँदा उनकी आमा बितिन् । घरमा खेती-किसानी गर्ने बुबा र भारतको बेंग्लोरमा मजदुरी गर्ने दाइले उनलाई जसोतसो पढाए । जनकपुरमा टिन (जस्ता)ले छाएको कच्ची घर छ । इजरायलमा ११ महिना पढाइसँगै काम गरेर कमाएको पैसाले दाइभाइ मिलेर घर लगाउने नारायणको योजना थियो ।

'अस्ति कुरा हुँदा ढुंगा मगाइराख्नुहोला, पछि घर लगाउनुपर्छ, म पैसा पठाइदिउँला भन्दै थियो, हामीले घर बनाउने कुरामा दाइसँग पनि सल्लाह गर्नु बाबु भन्यौँ,' कान्छी आमा सीताले भनिन्, 'हामी खेती-किसानी गरेर गुजारा गर्ने मान्छे, जसोतसो छोरालाई पढायौँ, त्यही छोराको सहाराको आशा थियो ।' नारायणका दाजु-भाउजू भारतको बेंग्लोरमा बस्छन् । दिदीको बिहे भइसकेको छ । श्रीमतीको मृत्यु भएपछि हरिकृष्णले दोस्रो बिहे गरेका थिए । दोस्री श्रीमतीबाट उनका १० वर्षका एक छोरा छन् ।

'डिभियो कलमा कुराकानी भइरहन्थ्यो, दाइले फर्केर घर लगाएपछि बिहे गर्छु भन्नुहुन्थ्यो, आफूले काम गर्ने ठाउँ पनि देखाउनुहुन्थ्यो,' नारायणका ठूलोबुबाकी छोरी रेनुकाले भनिन्, 'मलाई राम्ररी पढ्नु भनेर सम्झाइरहनुहुन्थ्यो ।' सुदूरपश्चिम विश्वविद्यालयमा बिएस्सी एग्रिकल्चर अध्ययनरत २३ वर्षीय नारायण 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत क्याम्पसबाट इजरायल गएका थिए ।

कैलालीकै जोशीपुर गाउँपालिका- ५ का आशिष चौधरीको पनि इजरायलमै ज्यान गएको छ । सानैदेखि खेलाएर हुर्काएको नातिको मृत्युको खबरले उनका ७० वर्षीय हजुरबुबा कन्हैयालाल चौधरी विक्षिप्त छन् । इजरायल पुगेको केही दिनपछि आशिषले भिडियो कल गरेर बाजे राम्रोसँग बस्नुहोला भनेको कन्हैयाको स्मृतिमा ताजै छ । फोन गरेर बाजेको खबर सोध्न आशिष भने अब छैनन् । 'म मोबाइल चलाउन जान्दिन । नातिनीको मोबाइलबाट कुरा हुँदा बाजे म काममा लागिसकेँ, राम्रोसँग बस्नुहोला । यता मलाई केही भए तपाईं देख्न पाउनुहुने होइन, हजुरलाई त्यहाँ केही भए म देख्न पाउन्न भन्यो,' भक्कानिँकै कन्हैयालालले नयाँ पत्रिकासँग भने ।

आशिष कन्हैयाकी कान्छी छोरीका छोरा हुन् । एकै गाउँ भएकाले कन्हैयाले सानैदेखि उनको हेरचाह गर्थे । आशिषका बुबा बेजुलाल र आमा मञ्जु रोजगारीको सिलसिलामा भारतको बेंग्लोरमा छन् । दिदीको बिहे गरेर धनगढीमा बस्छिन् । घरमा कोही नभएकाले बिदामा आउँदा आशिष बाजेसँगै खाने-बस्ने गर्थे । इजरायलबाट फर्केपछि नातिको बिहे गरिदिने सोच उनले बनाएका थिए । इजरायल जाने वेला कन्हैयाले बाटोमा फलफूल किनेर खानु भन्दै आशिषलाई पाँच सय रुपैयाँ दिएको सम्झिए । कन्हैयाका दुई छोरी र एक छोरा छन् । प्यारालाइसिसले अपांग छोराको स्याहार कन्हैयाले गर्छन् । 'नातिको सहारा थियो, त्यो पनि चुँडियो,' उनी भक्कानिए । अन्तिमपटक नातिको लास हेर्ने उनको चाहना छ । इजरायलमा हमासको आक्रमणमा परी १० जना नेपाली विद्यार्थीको मृत्यु भएको हो । सुदूरपश्चिम विश्वविद्यालयमा बिएस्सी एग्रिकल्चर अध्ययनरत उनीहरू लर्न एन्ड अर्न कार्यक्रमअन्तर्गत पढाइसँगै काम गर्न ११ महिनाका लागि इजरायल गएका थिए ।

शोकमा मधुवनको पट्वारा टोल

इजरायलस्थित गाजा क्षेत्रमा हमास हमलामा २५ वर्षीय राजेशकुमार स्वर्णकारको ज्यान गएपछि सुनसरीको बराहक्षेत्र नगरपालिका-११ स्थित पट्वारा टोल शोकमा छ । छोरा इजरायल गएको २७ दिनमै मृत्युको खबर सुनेपछि आमा कैलाशदेवी अर्धचेत छिन् । आफन्त र छिमेकीले उनलाई सम्झाइरहेका छन् । दाजु मुकेश घरिघरि भक्कानिन्छन् । बुवा पनि बोल्न सकेका छैनन् ।

राजेशले गाउँनजिकैको माउन्ट भ्यू स्कुलमा कक्षा ८ र इनरुवाको नवयुग एकडेमीबाट एसएलसी उत्तीर्ण गरेका थिए । विराटनगरस्थित शिक्षा दीपबाट प्लस टू सकेका उनले उच्च शिक्षामा कृषि विज्ञानका लागि सुदूरपश्चिम विश्वविद्यालयको टीकापुर बहुमुखी क्याम्पसलाई रोजे । स्नातकको ४ वर्षमा ८औँ सेमेस्टर सकेर इन्टर्नअन्तर्गत 'लर्न एन्ड अर्न' मार्फत अन्य विद्यार्थीसँगै उनी पनि इजरायल गए ।

जानुअघि घरमा पनि निकै छलफल भएको थियो । तर, ११ महिनाका लागि मात्र भएको र सिकाइसँगै केही कमाइ पनि हुने भएकाले परिवारले पनि स्वीकृति दियो । दाजु मुकेशले भने, 'पासपोर्ट बुझाऊँ कि नबुझाऊँ भनेर पनि सोधेको थियो । कलेजले पठाएको इन्टर्न भएकाले बुझाउन भन्यौँ ।'

बुवा राजकुमार स्वर्णकार कोशी गाउँपालिकाको खानेपानीमा काम गर्छन् । यसबाहेक सामान्य खेतीपाती छ । चारैजना छोरालाई उनले दुःखसुख पढाए । चारमध्ये जेठो दाइ मुकेश बराहक्षेत्र नगरपालिकाका सब-ओभरसियर छन् । माइला दाजुले पनि इन्जिनियरिङ कन्सल्टेन्सी सञ्चालन गरेका छन् भने कान्छो भाइ भारतमा इन्जिनियरिङ अध्ययन गरिरहेका छन् ।

दुई दाजु र एक भाइले इन्जिनियरिङ पढ्दै गर्दा राजेशले भने अलि फरक सपना बोकेर कृषि विज्ञान रोजे । उनको चाहाना थियो, कृषि विज्ञान सकेर नेपालमै कृषि पेसामा केही गरौँ । कृषि क्षेत्रभित्रका विविध पाटामा केही सिक्नलाई २८ दिनअघि निस्किएका राजेशको सपना इजरायलमा हमासको हमलाले पूरा हुन दिएन । साइलो छोरोको मृत्युको खबरपछि बुवा एकोहोरो टोलाइरहेका छन् । दाजु मुकेश सहानुभूति दिन आउनेसँग वेलावेला भक्कानिन्छन् ।

बाल्यकालमा राजेशसँगै अध्ययन गरेका उनका साथी कलामुद्दिन अन्सारीले टोलकै इमानदार, सहयोगी र मिहिनेती साथीको मृत्युको खबरपछि दुःखी भएको बताए ।

सुनसरीका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डे, प्रहरी निरीक्षक विपिन रेग्मी, जनप्रतिनिधिलगायतको टोलीसमेत सोमबार दिउँसो परिवारको अवस्था बुझ्न र सहानुभूति दिन पुगे । प्रजिअ पाण्डेले शव नेपाल ल्याउन पहल गर्ने बताइन् ।

भोजपुरे समाज बचत तथा ऋण सहकारी संस्था लि. को चौधौं वार्षिक साधारणसभाबारे सूचना

यस भोजपुरे समाज बचत तथा ऋण सहकारी संस्था लि. को चौधौं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकोले शेयरधनी महानुभावहरूलाई आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपीसाथ उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

मिति : २०८० साल कार्तिक १८ गते शनिबार ।
समय : बिहान ११:३० बजेदेखि ।
स्थान : भोजपुरे सेवा समाजको सम्पर्क कार्यालय, ठूलो खरीबोट नजिक, भीमसेनगोला मार्ग, नयाँ बानेश्वर, काठमाडौं ।
सम्पर्क : फोन नं ४५६२२५४ र मोबाइल नं ९८४११८५०६१ (सुदर्शन) ।

सञ्चालक समिति

अधिकृत वारेसनामा बदर गरेको सूचना

जिल्ला कैलाली धनगढी उ.म.पा.वडा नं. ४ बस्ने वर्ष १९ की ललिता नेपाली (ना.प्र.नं. ६७-०१-७७-०३८०७), जारी मिति २०७७/०८/२५, कैलाली) लाई मिति २०७८/११/२२ मा काठमाडौं जिल्ला अदालतमा गरिदिएको अधिकृत वारेसनामा मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५५ (१) (ग) बमोजिम बदर गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

अधिकृत वारेसनामा दिने : सोनिया परियार महर्जन
का.म.पा.-६, काठमाडौं

काठमाडौं महानगरपालिका वडा नं. २६
लैनचौर, काठमाडौं

कोठा खाली गर्ने सम्बन्धमा जारी भएको १५ (पन्ध्र) दिने सूचना

उपरोक्त सम्बन्धमा यस वडा अन्तर्गत प्रेम दास श्रेष्ठको नाममा दर्ता रहेको का.जि.म.न.पा वडा नं. २९ हाल का.म.पा हाल वडा नं. २६ घरको भुई तल्लामा बहालमा बस्दै आएका गोकुल तामाङले विगत लामो समयदेखि भाडा नतिरी सम्पर्कमा नै आउन छाडेको र पटक-पटक मौखिक तथा लिखित रुपमा बहाल बुझाई घर खाली गरिदिन अनुरोध गर्दा समेत उजुरवालाको अनुरोधलाई अटेर र वेवास्ता गरेकोले उक्त घर खालि गर्नका लागि बेवास्ता गरेको भनि शारदा देवी श्रेष्ठले निवेदन दिनुभएको हुँदा काठमाडौं महानगरपालिका घर बहाल व्यवस्था निर्देशिका २०७९ को दफा २७ उपदफा ३ बमोजिम यस का.म.पा २६ वडा कार्यालयमा १५ दिन भित्र उपस्थित हुनु होला । यदि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र उपस्थित नभएमा कोठा खालि गरिने व्यहोरा यसै सूचनामार्फत जानकारी गराईन्छ ।

हार्दिक श्रद्धाञ्जली



जन्मः ई.सं. ०४/०४/१९६२
स्वर्गारोहणः ई.सं. २८/०९/२०२३

स्व. खडक सिंह विष्ट

हाम्रा सहकर्मी धन सिंह विष्टका पूजनीय पिता **श्री खडक सिंह विष्ट**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

सानिमा बैंक
www.sanimabank.com
पो.ब.नं.: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं फोनः +९७७-१-५९७००३३
फ्याक्सः +९७७-१-४४२८९६९ ईमेलः sanima@sanimabank.com

■ एकदिवसीय क्रिकेट विश्वकप

न्युजिल्यान्डको लगातार दोस्रो जित

पहिलो खेलमा इंग्ल्यान्डलाई ९ विकेटले पराजित गरेको न्युजिल्यान्डले दोस्रो खेलमा नेदरल्यान्ड्सलाई ९९ रनले हरायो



हैदराबाद/ न्युजिल्यान्डले आइसिसी एकदिवसीय विश्वकपमा लगातार दोस्रो जित निकालेको छ। सोमबार हैदराबादमा भएको विश्वकपको छैटौं खेलमा न्युजिल्यान्डले नेदरल्यान्ड्सलाई ९९ रनले हराएको हो। तीन सय २२ रनको विजयी लक्ष्य पछ्याएको नेदरल्यान्ड्सले ४६.३ ओभरमा सबै विकेट गुमाउँदा मात्र दुई सय २३ रन बनाउन सक्यो। जितपछि न्युजिल्यान्ड दुई खेलबाट चार अंक जोड्दै शीर्ष स्थानमा रहेको छ। नेदरल्यान्ड्स विनाअंक आठौं स्थानमा छ। दोस्रो चरणका खेल सुरु हुँदा दक्षिण अफ्रिका, पाकिस्तान, बंगलादेश र भारतको समान दुई अंक छ। पहिलो खेलमा नेदरल्यान्ड्ससँगै अस्ट्रेलिया, अफगानिस्तान, श्रीलंका र इंग्ल्यान्ड पराजित भएका थिए।

न्युजिल्यान्डले पहिलो खेलमा इंग्ल्यान्डलाई ९ विकेटले हराएको थियो। इंल्यान्डले दिएको दुई सय ८३ रनको लक्ष्य पछ्याएको न्युजिल्यान्ड एक विकेट गुमाउँदै ३६.२ ओभरमा विजयी भएको थियो। नेदरल्यान्ड्सको भने यो लगातार दोस्रो हार हो। पहिलो खेलमा नेदरल्यान्ड्स पाकिस्तानसँग ८१ रनले हारेको थियो। दुई सय ८६ रनको लक्ष्य पछ्याएको नेदरल्यान्ड्स दुई सय ५ विकेटमा सीमित भएको हो।

■ चलेन नेदरल्यान्ड्सको ब्याटिङ

नेदरल्यान्ड्सका एक मात्रै खेलाडीले अर्धशतक बनाउन सके। अन्य खेलाडीले ठूलो साझेदारी र स्कोर गर्न नसक्दा नेदरल्यान्ड्स लगातार हार बेहोर्न बाध्य भयो। तेस्रो नम्बर क्रिजमा आएका कोलिन एकरम्यानले सर्वाधिक ६९ रन बनाए। ७३ बलको सामना गरेका कोलिनले ५ चौका प्रहार गरेका थिए। कोलिनले तेजा निदामानुरासँग मिलेर सर्वाधिक ५० रनको साझेदारी गरे। यसैगरी, कप्तान स्कट इडवार्डसले २७ बलमा ३० र सेइब्रान्ड इन्गेल्ब्रेचले ३४ बलमा २९ रनको योगदान गरे। ओपनर विक्रमजित सिंह १२ र म्याक्स ओडोवले १६ रन मात्रै बनाए। २१ रन बनाउँदा नेदरल्यान्ड्सले पहिलो विकेट गुमाएको थियो। यसपछि एकरम्यानबाहेक अन्य खेलाडीले ठूलो स्कोर बनाउन सकेनन्। बास डी लिडले १८ र आर्यत डतले ११ रनको योगदान गरेका थिए।

■ साटनरको पाँच विकेट

बलिडतर्फ न्युजिल्यान्डका मिचल साटनरले सानदार प्रदर्शन गरेपछि नेदरल्यान्ड्सले ठूलो स्कोर बनाउन सकेन। ३१ वर्षीय खेलाडीले पूरा १० ओभर बलिङ गर्दै पाँच विकेट लिएर ५९ रन खर्चिएका थिए। उनको करिअरकै यो दोस्रो उत्कृष्ट बलिङ हो। यसअघि आयरल्यान्ड्सविरुद्ध सन् २०१७ मा पाँच विकेट नै लिएका थिए। यस्तै, म्याट हेनरीले तीन विकेट लिए। हेनरीले ८.३ ओभरमा ४० रन खर्चिएका थिए। यसबाहेक रचिनले १० ओभरमा एक विकेट लिए।

■ तीन खेलाडीको अर्धशतक

टस हारेर ब्याटिङ गरेको न्युजिल्यान्डले ३ खेलाडीको अर्धशतकप्रेरित निर्धारित ५० ओभरमा सात विकेट गुमाउँदै तीन सय २२ रन बनाएको थियो। ओपनर विल योङ, रचिन रविन्द्र र कप्तान टोम लाथमले अर्धशतक पूरा गरेका हुन्। ओपनर योङले ८० बलमा सात चौका र दुई छक्कासहित सर्वाधिक ७० रन बनाए। नेदरल्यान्ड्सको इनिङ्समा कप्तान टोमले ५३ रन बनाएका हुन्। टोमले ४६ बलमा ६ चौका र एक छक्का प्रहार गरेका थिए।

अर्का खेलाडी रचिन रविन्द्रले ५१ बलमा ५१ रन हिर्काएका थिए। ओपनर डेभोन कनवेसँग योङले पहिलो विकेटका लागि ६७ रनको साझेदारी गरेका थिए। कनवे ३२ रनमा आउट भए। दोस्रो विकेटका लागि योङ र रविन्द्रबीच ७७ रनको साझेदारी भयो। टोम र मिचेल साटनरले ५३ रनको साझेदारी गरेका हुन्। यसअघि रविन्द्रले पहिलो खेलमा इंग्ल्यान्डविरुद्ध शतक प्रहार गरेका थिए। मिचेल साटनरले अविजित ३६ र म्याट हेन्रीले अविजित १० रन बनाए। नेदरल्यान्ड्सका आर्यन दत्त, पाउल भान मिकिरेन र रोइलोफ भान डेर मेर्वेले समान २ विकेट लिएका थिए।

■ आज दुई खेल हुँदै

प्रतियोगिताको छैटौं दिन आज दुई खेल आयोजना हुँदै छन्। बिहान पौने ११ बजे हुने खेलमा बंगलादेश र साबिक विजेता इंग्ल्यान्डबीच प्रतिस्पर्धा हुनेछ। खेल धर्मशालामा हुने तालिका छ। बंगलादेशले पछिल्लो पाँच खेलमा दुई मात्रै जित निकाल्दा तीन खेलमा हार बेहोरेको छ। यता, इंग्ल्यान्डले चार खेलमा जित निकाल्दा एक खेलमा मात्र हार बेहोरेको छ। त्यसैले पनि खेलमा इंग्ल्यान्ड बलियो स्थितिमा छ। अर्को खेलमा पाकिस्तान र श्रीलंकाबीच प्रतिस्पर्धा हुनेछ। हैदराबादमा हुने खेलमा पाकिस्तान उच्च मनोबलका साथ मैदान उत्रनेछ। एकदिवसीय विश्वकपमा भएको सात भेटमा पाकिस्तानले सबै खेल बाजी मारेको छ। पाकिस्तानले पछिल्लो पाँच खेलमा तीन जित र दुई हार नतिजा निकालेको छ। श्रीलंकाले तीन खेलमा हार र दुई खेल आफ्नो पक्षमा पारेको छ।

अंक तालिका

देश	खेल	जित	हार	अंक
न्युजिल्यान्ड्स	२	२	०	४
दक्षिण अफ्रिका	१	१	०	२
पाकिस्तान	१	१	०	२
बंगलादेश	१	१	०	२
भारत	१	१	०	२
अस्ट्रेलिया	१	०	१	०
अफगानिस्तान	१	०	१	०
नेदरल्यान्ड्स	२	०	२	०
श्रीलंका	१	०	१	०
इंग्ल्यान्ड	१	०	१	०

नेपालको विजयी सुरुवात



नयाँ पत्रिका

सेन्ट्रल एसियन भलिबल एसोसिएसन काभा पुरुष च्यालेन्ज कपमा बंगलादेशलाई हराउँदै नेपालले विजयी सुरुवात गरेको छ। सोमबार सुगाथादसा इन्डोरमा नेपालले बलियो बंगलादेशलाई ३-१ को सोझो सेटमा हराएको हो। नेपालले खेल २५-२०, १९-२५, २५-२३ र २५-२१ ले आफ्नो पक्षमा पारेको हो। जितपछि नेपालले समूहमा तीन अंक जोडेको छ।

मानबहादुर श्रेष्ठको कप्तानीमा रहेको नेपालले पहिलो सेट २५-२० ले जितेको हो। मानबहादुरसँगै टेकराज अवस्थी, दुर्गाबहादुर खड्का, हेमन्तबहादुर मल्ल, विनोद चन्द, लोकेन्द्रराज गिरीले उत्कृष्ट प्रदर्शन गरेपछि नेपालले सहज जित निकालेको थियो। दोस्रो सेटमा सर्भिस, रिसिभ, ब्लक र डिफेन्समा चुक्दा नेपाल १९-२५ ले हाऱ्यो। तेस्रो सेटमा २५-२३ को प्रतिस्पर्धात्मक जित निकाल्दै नेपालले अग्रता २-१ को बनाएको हो। अन्तिम सेटमा उत्कृष्ट प्रदर्शनसँगै नेपाल २५-२१ ले विजयी भएको थियो।

काभा पुरुष च्यालेन्ज कपमा बलियो बंगलादेशविरुद्ध सानदार प्रदर्शन गर्दै नेपाल ३-१ को सेटमा विजयी

अब, नेपालले मंगलबार आयोजक श्रीलंका, बुधबार अफगानिस्तान, बिहीबार साउदी अरेबिया र शुक्रबार उज्वेकिस्तानसँग खेल्ने तालिका छ। राउन्ड रोबिन पद्धतिमा जारी प्रतियोगिताको शीर्ष दुई टोली उपाधिका लागि खेल्नेछन्। १५ अक्टोबरसम्म हुने प्रतियोगितामा नेपालले पदकको लक्ष्य राखेको छ। कप्तान मानबहादुरले पदक जितेर स्वदेश फर्कने बताएका छन्।

महाकालीको तटमा बिच भलिबल प्रतियोगिता हुने

मोहन विष्ट/नयाँ पत्रिका

कञ्चनपुरको भीमदत्त नगरपालिका-१२ महाकाली नदीको तटमा पुरुष बिच भलिबल प्रतियोगिता हुने भएको छ। नेपाली सेनाको श्री नम्बर २५ बाहिनी अड्डा र कञ्चनपुर भलिबल संघको संयुक्त आयोजनामा २ ९ असोजदेखि प्रथम खुला तथा भेट्रान बिच पुरुष भलिबल हुने संघका अध्यक्ष श्यामसिंह मौनीले बताएका छन्। खुलातर्फ दुई हजार र भेट्रानतर्फ एक हजार रुपैयाँ टिम दर्ता शुल्क निर्धारण गरिएको छ। खुलातर्फ पहिलोले एक लाख, दोस्रोले ५० हजार र तेस्रोले २५ हजार पाउनेछन्। यसैगरी, भेट्रानतर्फ २५ हजार, १५ र १० हजार रहेको छ। तीन दिनसम्म सञ्चालन हुने प्रतियोगितामा हजारौं दर्शक तथा खेलप्रेमीले अवलोकन गर्ने आयोजकको अनुमान छ।

अध्यक्ष मौनीले भलिबलको विकासका साथै पर्यटन प्रवर्द्धनका लागि भलिबल प्रतियोगिता आयोजना गरिएको बताए। 'हामीले बेदकोट, भीमदत्त र दोधाराचाँदनी स्थानीय पालिकासँग समन्वय गरेर प्रतियोगिता आयोजना गरेका छौं,' अध्यक्ष मौनीले भने, 'प्राविधिक सहयोग पूरै नेपाली सेनाको रहन्छ।'

कञ्चनपुर भलिबल संघका सचिव उत्तम विष्टले प्रतियोगितामा सहभागिताका लागि विभागीय तथा खुलातर्फ टिम सहभागिताको तयारी भइरहेको बताए।

यमलको कीर्तिमानी गोल



एजेन्सी/ लामिन यमलको कीर्तिमानी गोलप्रेरित साबिक विजेता बार्सिलोनाले स्पेनिस लिग ला लिगामा ग्रानाडासँग २-२ गोलको बराबरी खेलेको छ। बार्सिलोनालाई ग्रानाडाले आफ्नो घरेलु मैदानमा पहिलो हाफमा २-१ ले पछि पारेको थियो। यद्यपि, बार्सिलोनाले पुनरागमन गर्दै हार टारेको हो। पहिलो मिनेटमै ब्रायन जारागोजाले गोल गर्दै ग्रानाडालाई १-० को अग्रता दिलाएका थिए। खेल सुरु भएको १७ सेकेन्डमै गोल गरेका जारागोजाले २९औं मिनेटमा दोस्रो गोल गरे।

पहिलो हाफको इन्जुरी समयमा यमलले गोल गर्दै ग्रानाडाको अग्रता २-१ मा झारेका हुन्। १६ वर्ष ८७ दिनमा गोल गर्ने यमल ला लिगाका कान्छा खेलाडी बनेका छन्। सिक्स यार्ड बक्समा अनमार्क रहेका यमलले सहज गोल गरेका थिए। यसअघि ला लिगामा यो कीर्तिमान सन् २०१२ मा फाब्रिस ओलिंगाले राखेका थिए। फाब्रिसले १६ वर्ष ९८ दिनमा मालगाबाट गोल गर्दै कीर्तिमान बनाएका थिए। खेल सकिन पाँच मिनेटअघि कप्तान सर्जी रोबर्टोले गोल गर्दै बार्सिलोनाको हार टारेका थिए। एलेजान्ड्रो बाल्डीले मिलाएको पासमा रोबर्टोले गोल गरेका हुन्। इन्जुरी समयमा बार्सिलोनाले गोल गरे पनि रेफ्रीले अफसाइडको इसारा गरेका थिए।

गत अप्रिलमा १५ वर्ष २९० दिनका यमल कम उमेरमा डेब्यु गर्ने बार्सिलोनाको पहिलो खेलाडी बनेका थिए। युरो २०२४ छनोटमा जर्जियाविरुद्ध गोल गर्दा कम उमेरमा अन्तर्राष्ट्रिय गोल गर्ने कीर्तिमान बनाएका थिए। यमल सन् २००७ देखि स्पेनिस महारथी बार्सिलोनाको एकेडेमीमा रहँदै आएका थिए। हाल उनी पाँच वर्षको सम्झौतामा छन्। बराबरीपछि बार्सिलोना तालिकाको तेस्रो स्थानमा झरेको छ। समान नौ खेलबाट २४ अंक बनाएको रियल म्याड्रिड २४ अंकसहित शीर्ष स्थानमा छ। जिरोना २२ अंकसहित दोस्रो स्थानमा छ।

खेल संक्षेप

लगातार दोस्रो हारसँगै नेपाल बाहिरियो

काठमाडौं/ लगातार दोस्रो हार बेहोर्दै नेपाल एएफसी फुटसल एसियन कप छनोटबाट बाहिरिएको छ। सोमबार भएको खेलमा नेपाल भियतनामसँग ५-० ले पराजित भएको हो। नेपालले पहिलो खेलमा दक्षिण कोरियासँग ५-१ को हार बेहोरेको थियो। नेपालले दुई खेलमा एक गोल गर्दा १० गोल बेहोरेको छ। अब, अन्तिम खेलमा बुधबार मंगोलियाको सामना गर्नेछ। उलानबटारस्थित ब्यन्त उखा स्पोर्टसूमा नेपाल भियतनामसामु निरीह बन्यो। पहिलो हाफमा तीन गोलले पछि परेको नेपालले दोस्रो हाफमा थप दुई गोल खाएको थियो। समूह 'डी'को अर्को खेलमा कोरियाले मंगोलियामाथि ६-१ को फराकिलो जित निकाल्यो। लगातार दुई खेल जितेका कोरिया र भियतनाम एसियन कपका लागि छनोट भएका छन्।

सांग्रिला फाइनलमा

कास्की/ सांग्रिला क्रिकेट क्लब पोखरामा जारी पोखरा महानगरपालिकास्तरीय अन्तरक्लब टी-२० क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। यस्तै, आरके भिक्टोरियन सेमिफाइनल प्रवेश गरेको छ।

पोखरा महानगर खेलकुद विकास समितिको आयोजनामा जारी प्रतियोगिताको तेस्रो दिनको खेलमा अरण्यज्योति क्रिकेट क्लबलाई ६९ रनले पराजित गर्दै सांग्रिला उपाधिनजिक पुगेको हो। अर्को खेलमा भिक्टोरियनले सेमिफाइनलमा आदर्श युथ क्लब लेखनाथलाई ६२ रनले पराजित गऱ्यो। जितसँगै सेमिफाइनल पुगेको भिक्टोरियनले फाइनल प्रवेशका लागि मंगलबार कास्की क्रिकेट क्लबसँग प्रतिस्पर्धा गर्नेछ। फाइनल खेल पनि मंगलबार नै हुनेछ।

सेमिफाइनल समीकरण पूरा

कास्की/ लामागाउँ, रामघाट एफसी, बी-१३ र गन्नी एफसी पोखरामा जारी खुला सेभेन ए साइड फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन्। एट टु नाइन गाइजको आयोजनामा माछापोखरी खेलमैदानमा जारी प्रतियोगिताअन्तर्गत सोमबार सम्पन्न क्वार्टरफाइनलका खेलमा जित हात पार्दै चार टोली अन्तिम चारमा पुगेका हुन्। पहिलो खेलमा बी-१३ ले कमलपोखरीलाई २-१, दोस्रो खेलमा लामागाउँले भुजुङ एफसीलाई ५-०, तेस्रो खेलमा रामघाट एफसीले नदीपुर एफसीलाई २-० र चौथो खेलमा गन्नीले त्रिशक्ति युनाइटेडलाई १-० गोलले पराजित गरेका थिए। प्रतियोगिताको फाइनल प्रवेशका लागि मंगलबार हुने पहिलो खेलमा बी-१३ र लामागाउँ भिड्दा दोस्रो खेलमा रामघाट र गन्नी भिड्नेछन्।

ब्लुबर्ड र फोनिक्स भिड्ने

काठमाडौं/ ब्लुबर्ड र फोनिक्स क्लब एपेक्स आइसिसी कप क्रिकेट प्रतियोगिताको उपाधिका लागि भिड्ने भएका छन्। सोमबार भएको खेलमा ब्लुबर्ड कलेजले काठमाडौं विश्वविद्यालयविरुद्ध ७६ रनको सहज जित निकाल्दै फोनिक्ससँगको भेट पक्का गरेको हो। मूलपानी तल्लो मैदानमा ब्लुबर्डले प्रस्तुत गरेको १ सय १३ रनको लक्ष्य पछ्याएको काठमाडौं १२.३ ओभरमा ३६ रनमै समेटिएको थियो। काठमाडौंका लागि रोहित सापकोटाले १४ रन बनाउनुबाहेक अन्य ब्याट्समयानले दोहोरो अंकमा रन जोड्न सकेनन्। ब्लुबर्डका अविनाश बस्यालले ५ विकेट लिए। त्यसअघि, पहिला ब्याटिङ गरेको ब्लुबर्डले १९.२ ओभरमा सबै विकेट गुमाउँदै १ सय १२ रनको योगफल तयार पारेको थियो। ब्लुबर्डका लागि सचिन लेखकले २९, निर्भीक पाठकले १९ र रोनिम तिवारीले १७ रन बनाए। काठमाडौंका ऋषभ खतिवडाले ५ विकेट लिए। अर्को खेलमा फोनिक्स केसिएमआइटीलाई ४ विकेटले पराजित गर्दै फाइनलमा स्थान बनाएको हो।

आर्मी र होउन्डसको जित

काठमाडौं/ राष्ट्रिय बास्केटबल लिग (एनबिएल) मा सोमबार विभागीय टोली त्रिभुवन आर्मी क्लब र होउन्डस एकेडेमीले जित निकालेका छन्। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा भएको पहिलो खेलमा आर्मीले बुढानीलकण्ठ बास्केटबल क्लबविरुद्ध १०४-७७ को जित निकाल्यो। सुरुवाती ३ क्वार्टर २५-२१, ३२-९, २५-२२ ले आफ्नो पक्षमा पारेको आर्मीले चौथो तथा अन्तिम क्वार्टर भने २३-२५ ले गुमाएको थियो। दोस्रो खेलमा होउन्डसले विकास मिलन केन्द्रलाई ९२-७० ले स्तब्ध बनाएको छ। पहिलो क्वार्टर २१-२४ ले गुमाए पनि होउन्डसले त्यसपछिका ३ क्वार्टर १४-९, २६-१२ र ३१-२५ ले जितेको थियो। यस खेलसँगै समूहमा टाइम्स ५ खेलबाट १० अंकसहित शीर्ष स्थानमा छ। आर्मी समान खेलबाट ९ अंकसहित दोस्रो स्थानमा छ। कीर्तिपुर र रोयलको समान आठ अंक छ। बुढानीलकण्ठ सात अंकसहित पाँचौं स्थानमा रहँदा होउन्डस, गोल्डेन गेट र विशाल मिलानको समान ६ अंक छ।

च्याम्पियन हुँदै एसिया कप खेल्ने लक्ष्य

१६ टोली सहभागी एसिसी यू-१९ प्रिमियर कपको उपाधि जित्दै पाकिस्तानमा हुने एसिया कप खेल्ने योजनामा नेपाल

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाली राष्ट्रिय यू-१९ क्रिकेट टोलीले बिहीबारबाट एसिया कप छनोट प्रतियोगिता खेल्दै छ। करिब एक महिनाको तयारीपछि नेपाली टोली एसिसी यू-१९ प्रिमियर कप खेल्न लागेको हो।

त्यसका लागि टोली आज मलेसिया प्रस्थान गर्दै छ। मलेसिया प्रस्थान गर्नुअघि नेपाली टोलीका कप्तान तथा प्रशिक्षकले अपराजित रहँदै १६ टोली सहभागी प्रतियोगितामा च्याम्पियन भएर घर फर्कने योजना बनाएका छन्। प्रतियोगिताका हरेक खेल जित्दै जाने र उपाधिका लागि प्रतिस्पर्धा गर्ने उनीहरूले योजना सुनाएका छन्।

कप्तान देव खनालले टोलीको तयारी राम्रो भएको र उपाधि जित्न खेल्ने बताउँछन्। 'तयारी राम्रो भएको छ। उपाधि भित्र्याउन चाहन्छौं,' नयाँ पत्रिकासँग बोल्दै देवले भनेका छन्। देवको नेतृत्वमा नेपाली टोलीले समूह चरणमा बहराइन, साउदी अरेबिया र इरानसँग खेल्ने तालिका छ। नेपालले समूहको पहिलो खेलमा बिहीबार इरान, आइतबार बहराइन र अन्तिम खेलमा साउदी अरेबियासँग खेल्ने तालिका छ। चार समूहका १६ मध्ये उत्कृष्ट तीन टोली एसिया कपमा छनोट हुनेछन्। एसिया कपको समूह 'ए'मा भारत र पाकिस्तान छन्। अर्को समूहमा अफगानिस्तान, बंगलादेश र श्रीलंका छन्।

प्रिमियर समूह चरणका तीनै खेल जितेर सेमिफाइनल पुग्ने नेपालको लक्ष्य छ। 'मनोबल पनि उच्च छ। केही खेलाडीले भारतमा पनि प्रशिक्षण गरेका छन्। ब्याटिङ र बलिङ राम्रो छ। तीव्र गतिका बलरले भन्ने राम्रो गर्न सक्छन्,' देव भन्छन्। उनले टेस्ट राष्ट्रसँग खेल्न परे पनि विनादबाब खेल्ने क्षमता रहेको बताएका छन्।

गत वर्ष नै नेपालले सन् २०२४ को जनवरीमा श्रीलंकामा हुने विश्वकपमा स्थान सुरक्षित गरिसकेको छ। युएईमा उत्कृष्ट प्रदर्शन गरेपछि हाल टोलीको मनोबल उच्च छ। सोही खेलाडी नै यो टोलीमा छन्। देवको कप्तानीमा आकाश त्रिपाठी, अर्जुन कुमाल, दीपक बोहरा, उत्तम थापामगर, हेमन्त धामी, दुर्गेश गुप्ता, आकाश चन्द, दीपक बोहरा, सुवास भण्डारी, विशाल केसी, मिलन बोहरा, दीपक डुम्रे र दीपेश कँडेल टोलीमा छन्। घरेलु टोली युएई, सिंगापुर, हङकङ, मलेसिया र कुवेतलाई हराएर विश्वकपमा पुगेको टोलीले प्रिमियर कपको सेमिफाइनल र फाइनलमा यिनै टोलीसँग खेल्नुपर्छ।



तस्बिर : दिपेन्द्र ढुंगाना/ नयाँ पत्रिका

प्रशिक्षक जगत टमटा खेलाडी प्रतियोगिता जित्न पूर्ण तयार रहेको बताउँछन्। 'शारीरिक, प्राविधिक र मानसिक रूपमा खेलाडी तयार छन्। विश्वकपपछि एसिया कप छनोट हुन खेल्छौं,' टमटाले भने, 'ब्याटिङ र बलिङ राम्रो छ। पुरानै खेलाडी भएकाले तालमेल पनि उत्कृष्ट छ,' उनले भने। प्रशिक्षक टमटाले सिनियर टोलीमा स्थान बनाउने मौका रहेकाले पनि खेलाडीलाई उत्कृष्ट प्रदर्शन गर्न अवसर रहेको बताएका छन्।

नेपाली टोलीको बिदाइ

क्यानले काठमाडौंमा एक कार्यक्रमका बीच नेपाली टोलीको बिदाइ गरेको छ। राट्रिय खेलकुद परिषद् (राखेप) कार्यवाहक सचिव प्रकाश कुसारी, क्यान उपाध्यक्ष रोशन सिंह, सचिव पारस खड्का, कोषाध्यक्ष पदम खड्का, सदस्यद्वय दिवाकर घले र सुदीप शर्मा तथा सिजी फुड्सका सिइओ प्रदीप पुडासैनीलगायतले खेलाडीको बिदाइ गरेका हुन्।

बिदाइ कार्यक्रममा बोल्दै सविच पारसले राष्ट्रिय टोलीबाट खेल्न सुनौलो अवसर रहेकाले प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्न सबै खेलाडीलाई शुभकामना दिए। 'उत्कृष्ट प्रदर्शन गर्दै राष्ट्रिय टिममा पुग्न सक्ने माध्यम हो। यो संरचनाको क्रिकेटबाट इतिहास बनाउन सकिन्छ। अवसर छ। उत्कृष्ट प्रदर्शन गर्नुहोला,' पूर्वकप्तान खड्काले भने, 'विश्वकपसँगै एसिया कप खेल्ने अवसर आएको छ। उच्च मनोबलका साथ खेल्नेमा विश्वस्त छु।'

उपाधि जित्ने लक्ष्य छ

देव खनाल, कप्तान, यू-१९ क्रिकेट



तयारी धेरै राम्रो भएको छ। केही खेलाडीले भारतमा गएर पनि अभ्यास गरेका छन्। ब्याटिङ र बलिङ दुवै राम्रो छ। तीव्र गतिका बलरले सानदार प्रदर्शन गर्न सक्छन्। उत्कृष्ट तीनमा रहँदै एसिया कपमा छनोट हुन्छौं। सबै खेल जित्दै च्याम्पियन भएर घर फर्कन्छौं। सबै खेल जित्न सक्ने क्षमता छ। ट्रफी लिएर आउँछौं। मानसिक रूपमा पनि तयार छौं। कुनै दबाब छैन। यसमा राम्रो गरे अन्य खेलाडीलाई पनि सिनियर टोलीमा खेल्ने अवसर छ।

सिस्टमलाई निरन्तरता दिन्छौं

जगत टमटा, प्रशिक्षक, नेपाल



मानसिक, शारीरिक र प्राविधिक रूपमा तयार छौं। सात वर्षपछि विश्वकपमा छनोट भएका छौं। एसिया कपमा पनि छनोट हुन चाहन्छौं। खेलाडी जित्न आतुर छन्। व्यक्तिगत तयारी पनि गरेका छौं। २५ दिनको तयारी आशालाग्दो छ। छनोट त भइहाल्छौं। च्याम्पियन हुने लक्ष्य हो।देवले सिनियर टोलीबाट खेलिसकेको छ। त्यही सिस्टममा खेल्ने प्रयास गर्छौं। त्यसलाई निरन्तरता दिएर खेल्छौं।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com